# साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**राजेशकुमार भट्ट**
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ३३९०६-९२



**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७३/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र राजेशकुमार भट्टले **साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/०१/०२

१४ अप्रिल २०१६

---

**सहप्राध्यापक भवनाथ सडौला**

**नेपाली विभाग**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शोधपत्र मैले मेरा श्रद्धेय गुरु सहप्राध्यापक श्री भवनाथ सडौलाज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । सर्वप्रथम यस शोधपत्रलाई पूर्णता दिन निरन्तर रूपमा महत्त्वपूर्ण सामग्री, सरसल्लाह, प्रेरणा र कुशल निर्देशन प्रदान गर्नुभएकोमा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यो शोधपत्र लेखनपूर्व र लेखनका क्रममा आवश्यक सामग्री एवम् अमूल्य सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख तथा आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोधकार्यमा उचित सल्लाह र सुझाव दिने नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार प्रकट गर्दछु । शोधकार्यको सन्दर्भमा आवश्यक सामग्री एवम् अमूल्य सुझावका साथै सहजरूपमा अन्तर्वार्ता दिई महत्त्वपूर्ण सहयोग गर्नुहुने आदरणीय शोधनायक श्री केशरी अम्गाईप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधकार्य तयार पार्ने क्रममा आफ्नो अमूल्य समय दिई शोधनायकको व्यक्तित्व र कृतित्वको बारेमा सहज रूपमा अन्तर्वार्ता दिई सहयोग पुऱ्याउनु हुने आदरणीय साहित्यकारहरू श्री मातृका पोखरेल, श्री विनय कसजू, श्री केशव पुडासैनी 'विमल', श्री विष्णु भण्डारी, आदरणीय गुरु श्री शारदा धिताल र श्री होमनाथ अम्गाईप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । शोधकार्यको सन्दर्भमा सामग्री सङ्कलन, व्यवस्थापन र अन्य विभिन्न क्षेत्रमा उत्साहजनक सहयोग पुऱ्याउनुहुने मेरा आदरणीय बुबाहरू श्री सीताराम भट्ट, श्री टीकाप्रसाद भट्ट, श्री बाबुराम भट्ट र श्री प्रेमप्रसाद भट्टप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी शोधपत्रलाई यथाशक्य शुद्ध र स्पष्ट रूपमा मिहिनेतका साथ टङ्कन गरिदिने कालिका कम्प्युटर सर्भिस, नारायणगढ र सामग्री सङ्कलनका साथै आवश्यक सुझाव सहयोग पुऱ्याउने बहिनी बिना भट्ट, रमा सिंखडा, भाइ थिरप्रसाद भट्ट, शङ्कर भट्ट, कृष्णहरि भट्ट, श्रीमती चम्फा भट्ट, छोरा शेखर भट्ट, छोरी कामना भट्ट, बुहारी गोमा भट्ट र भू.पू. विद्यार्थी सहारा सिंखडालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७३/०१/०२

१४ अप्रिल २०१६

...........................

**राजेशकुमार भट्ट**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| आइ.एड. | इन्टरमिडियट अफ एजुकेशन |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| का.म.न.पा. | काठमाडौं महानगरपालिका |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.का.स. | जिल्ला कार्य समिति |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्रलेस | प्रगतिशील लेखक संघ |
| प्र.सम्पा. | प्रधान सम्पादक |
| प्रा. | प्राध्यापक |
| बि.एड्. | ब्याचलर अर्फ एजुकेशन |
| मा.वि. | माध्यमिक विद्यालय |
| यु.ए.ई. | युनाइटेड अरब इमिरेड |
| वि.वि. | विश्वविद्यालय |
| वि.सं. | विक्रम संवत् |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १
१.२ समस्या कथन १
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको विवरण र समीक्षा २
१.५ शोधको औचित्य र महत्त्व ४
१.६ शोधको क्षेत्र र सीमा ४
१.७ सामग्री सङ्कलन विधि ५
१.८ सैद्धान्तिक ढाँचा र शोधविधि ५
१.९ शोधपत्रको रूपरेखा ५


**परिच्छेद : दुई**

**साहित्यकार केशरी अम्गाईको जीवनी**


२.१ पृष्ठभूमि ७
२.२ जन्म र जन्मस्थान ७
२.३ बाल्यकाल र शिक्षादीक्षा ८
२.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति ८
२.५ बसोबास र आजीविका ९
२.६ पेसा व्यवसाय र आर्थिक अवस्था १०
२.७ साहित्य यात्रा, प्रेरणा र लेखन १०
२.८ सामाजिक क्षेत्रमा संलग्नमा १२
२.९ प्रवासी जीवन १२
२.१० रुचि र भ्रमण १३
२.११ अविस्मरणीय घटना १३
२.१२ सम्मान तथा पुरस्कार १३
२.१३ निष्कर्ष १४

## परिच्छेद : तीन

## साहित्यकार केशरी अम्गाईको व्यक्तित्व


३.१ पृष्ठभूमि १५

३.२ बाह्य व्यक्तित्व १५

३.३ आन्तरिक व्यक्तित्व १६

३.३.१ साहित्यिक व्यक्तित्व १६

३.३.१.१ स्रष्टा व्यक्तित्व १७

३.३.२ साहित्येतर व्यक्तित्व १८

३.४ निष्कर्ष २०


## परिच्छेद : चार

## नेपाली साहित्यमा केशरी अम्गाईको आगमन र साहित्य यात्रा


४.१ प्रेरणा र प्रभाव २२

४.२ नेपाली साहित्यमा केशरी अम्गाईको प्रवेश २३

४.३ निष्कर्ष २६


## परिच्छेद : पाँच

## साहित्यकार केशरी अम्गाईका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन


५.१ परिचय २७

५.२ युद्धक्षेत्र उपन्यासको अध्ययन २७

५.२.१ शीर्षक २८

५.२.२ संरचना २८

५.२.३ कथावस्तु २९

५.२.४ पात्र/चरित्र ३०

५.२.५ संवाद ३२

५.२.६ परिवेश ३३

५.२.७ भाषाशैली ३३

५.२.८ उद्देश्य ३४

५.२.९ निष्कर्ष ३५

५.३ सुकेको मूढो कथासङ्ग्रहको अध्ययन ३५

५.३.१ कथानक ३६

५.३.२ सुकेको मुढो कथासङ्ग्रहमा प्रकाशित कथाहरूको अध्ययन ३६

५.३.२.१ संरचना ३६

५.३.२.२ कथावस्तु ३७

५.३.२.३ पात्र ४०

५.३.२.४ संवाद ४४

५.३.२.५ देश काल र परिस्थिति ४७

५.३.२.६ भाषाशैली ४८

५.३.२.७ उद्देश्य ४८

५.३.३ निष्कर्ष ४९

५.४ सपनाको दाहसंस्कार कथासङ्ग्रहको अध्ययन ५०

५.४.१ कथावस्तु ५०

५.४.२ सपनाको दाहसंस्कार कथासङ्ग्रहमा प्रकाशित कथाहरूको अध्ययन ५१

५.४.३ संरचना ५१

५.४.४ कथावस्तु ५२

५.४.५ पात्र ५७

५.४.६ संवाद ६३

५.४.७ परिवेश ६९

५.४.८ भाषाशैली ७०

५.४.९ उद्देश्य ७०

५.४.१० निष्कर्ष ७१

५.५ केशरी अम्गाईका अनूदित कृतिहरूको सामान्य चिनारी ७१

५.५.१ समाजवादी अर्थशास्त्र र समाजवादको भविष्य ७२

५.५.२ विश्वप्रसिद्ध लोककथासङ्ग्रह ७२

५.५.३ एशियाली कथाहरू (भाग-१) ७३

५.५.४ लोलिता ७३

५.५.५ निष्कर्ष ७३

**परिच्छेद : छ**

**उपसंहार तथा निष्कर्ष**

६.१ परिचय ७५

६.२ परिच्छेद एकको निष्कर्ष ७५

६.३ परिच्छेद दुईको निष्कर्ष ७५

६.४ परिच्छेद तीनको निष्कर्ष ७६

६.५ परिच्छेद चारको निष्कर्ष ७६

६.६ परिच्छेद पाँचको निष्कर्ष ७७

६.७ समग्र निष्कर्ष ७७

**सन्दर्भ सामग्री सूची** ८०

परिशिष्ट - एक : शोधनायक केशरी अम्गाई र परिवारको छायाँचित्र ८३

परिशिष्ट - दुई : शोधनायक केशरी अम्गाईका प्रकाशित कृतिहरूको आवरण चित्र ८४

परिशिष्ट - तीन : साहित्यकार केशरी अम्गाईका फुटकर रचनाहरूको कालक्रमिक विवरण ८५

परिशिष्ट - चार : शोधपत्र तयारीका क्रममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको विवरण ८६

परिशिष्ट - पाँच : विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता प्रश्नावली ८७

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०३० सालमा गोरखा जिल्लाको पाँचखुवा देउराली-५ मा पिताबालकृष्ण अम्गाई र माता रेवती अम्गाईको कोखबाट जन्मेका केशरी अम्गाई, कवि, उपन्यासकार, कथाकार, अनुवादक र सम्पादक व्यक्तित्वका रूपमा चिनिएका छन् । *कार्टुन मान्छेहरू* **चौपारी** मासिक २०५१ शीर्षक कविताबाट साहित्ययात्रा सुरु गरेका अम्गाईका **युद्धक्षेत्र** उपन्यास (२०५६) **सुकेको मुढो** कथासङ्ग्रह (२०६०) र **सपनाको दाहसंस्कार** कथासङ्ग्रह (२०६८) प्रकाशित छन् । उनले साहित्यिक र साहित्येतर दुवै पुस्तकाकार कृतिको अनुवाद समेत गरेका छन् । साहित्यिक कृतिहरूमा **लोलिता** उपन्यास (२०५९) विश्व प्रसिद्ध लोककथाहरू (भाग-१) (२०५६), **विश्वका लोक कथाहरू** (२०६३) **विश्व प्रसिद्ध लोक कथाहरू** भाग-२ (२०६०) र **चिउला** बालपत्रिका (२०७१) को समेत सम्पादन गरेका छन् । साहित्येतर कृतिमा **समाजवादी अर्थशास्त्र** (२०६३) रहेको छ ।

उनका थुप्रै फुटकर रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रिकाहरूमा प्रकाशित छन् । यसैले उनी अनुसन्धेय व्यक्तित्व हुन् भन्ने कुरामा कुनै शङ्का छैन तथापि आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वको कुनै किसिमको शोध-अनुसन्धान हुन सकेको देखिँदैन । यसैले उनलाई अनुसन्धानको विषय बनाइएको छ । यस शोधप्रबन्धमा साहित्यकार अम्गाईको जीवनी र व्यक्तित्वका आलोकमा उनका प्रकाशित मौलिक कृतिहरूमध्ये कथा सङ्ग्रहहरू र उपन्यासको अध्ययन गरिएको छ । यसैले यस शोधपत्रको शीर्षक साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन चयन गरिएको छ ।

## १.२ समस्या कथन

केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको मूल समस्याका रूपमा रहेको छ । प्रस्तुत शोधपत्रका आधारभूत समस्याहरू यसप्रकार रहेका छन् :

क) साहित्यकार केशरी अम्गाईको जीवनी के कस्तो रहेको छ ?

ख) केशरी अम्गाईको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) उनका प्रमुख साहित्यिक कृतिहरू के कस्ता रहेका छन् ?

घ) नेपाली साहित्यमा साहित्यकार अम्गाईको योगदान के कस्तो रहेको छ ?

यस शोधपत्रमा यिनै समस्याको समाधान खोजिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

केशरी अम्गाईको जीवनी, व्यक्तित्व, र कृतित्वको अध्ययन, साहित्यिक यात्राको रेखाङ्कन र उनका कृतिहरूको अध्ययन तथा विश्लेषण गरी उनको स्थान निरूपण गर्नु नै प्रस्तावित शोधकार्यको उद्देश्य हो । शोधकार्यका उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

क) साहित्यकार केशरी अम्गाईको जीवनीको अध्ययन गर्नु,

ख) साहित्यकार अम्गाईको व्यक्तित्वको अध्ययन गर्नु,

ग) उनका प्रमुख साहित्यिक कृतिहरूको अध्ययन गर्नु,

घ) उनका साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

यस शोधपत्रमा यिनै उद्देश्यहरूको परिपूर्ति गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यका केशरी अम्गाईका बारेमा विभिन्न समयमा विभिन्न लेखकहरूले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी विस्तृत अध्ययन हुन सकेको छैन । लामो समयदेखि साहित्यिक साधनामा तल्लीन रहेका साहित्यिक प्रतिभाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु आवश्यक छ । हालसम्म उनका कृतिबारे भए गरेका चर्चा परिचर्चा र विश्लेषणको कालक्रमिक विवरण यसप्रकार रहेको छ ।

क) दीपक गौतमले **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** (२०६४) मा अम्गाईलाई **सुकेको मुढो** कथासङ्ग्रह भित्रका कथाहरूका आधारमा

सामाजिक विकृति र विसङ्गतिको आलोचना गर्न सक्षम कथाकार भनी उल्लेख गरेका छन् (गौतम, २०६४ : २७१, ३२२, ३६८-३६९) ।

ख) श्रीहरि फुयाँलले **शृङ्खला** (अङ्क-३, वर्ष ३५) पत्रिका **सपनाको दाहसंस्कार** कथासङ्ग्रह (२०६८) का प्रत्येक कथाको समालोचन गरेका छन् (फुयाँल, २०६८ : ३५) ।

ग) विनयकुमार कसजूले **सपनाको दाहसंस्कार** कथा सङ्ग्रहको भूमिकामा सपना देख्नेहरूको पसिनामा बाँचेको देशको कथा शीर्षक राखी अम्गाईलाई समसामयिक, मार्मिक, सटिक तथा मुटु छुने कथा लेख्ने कथाकारको रूपमा चिनाएका छन् (कसजू, २०६८ : भूमिका) ।

घ) अमृता शर्माले आफ्नो **नेपाली प्रगतिवादी उपन्यास** (२०६६) मा **युद्धक्षेत्र** उपन्यासको समालोचना गरेकी छिन् (शर्मा, २०६३ : ५३) ।

ङ) साहित्यकार मातृका पोखरेलले **युद्धक्षेत्र** उपन्यासको भूमिकामा नयाँ नेपाल निर्माणको सुन्दर इट्टा भनी विश्लेषण गरेका छन् (पोखरेल, २०६८ : भूमिका) ।

च) रुद्र पोखरेलले **मूलबाटो** साहित्यिक मासिक पत्रिका २०६० (अङ्क-४, वर्ष १) मा गोरखाको लेखनकलाको इतिहासको कालक्रमिक लेख प्रस्तुत गर्ने क्रममा साहित्यकारका रूपमा अम्गाईको उल्लेख गरेका छन् (अम्गाई, २०६० : ?) ।

छ) माधव घिमिरे (अटल) ले **चन्द्रागिरि** पत्रिका (अङ्क ३, २०६८) मा **दाहसंस्कारलाई आलिङ्गन गरेपछि** शीर्षकमा अम्गाईका कथाहरूको समालोचना गरेका छन् (घिमिरे, २०६८ : २८) ।

ज) भीम क्षेत्रीले **चन्द्रागिरि** पत्रिका (अङ्क-२, २०६९) मा *सुन्दरताका पक्षमा उभिएका केही सिर्जना* शीर्षकमा अम्गाईका कथाहरूको समालोचना गरेका छन् (क्षेत्री, २०६९ : २३) ।

झ) कृष्णप्रसाद पोखेलले **नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान** शीर्षकको शोधपत्रमा केशरी अम्गाईका कृतिहरूको उल्लेख गर्दै कथा,

उपन्यासमा निम्नवर्गीय पात्रको यथार्थ चित्रण गर्ने स्रष्टा हुन् भनी टिप्पणी गरेका छन् (पोखेल, २०७१ : १०६) ।

अम्गाईका बारेमा भए गरेका पूर्वाध्ययनको विवरणबाट थाहा हुन्छ, अम्गाईका साहित्यिक कृतिहरूका बारेमा फुटकर रूपमा समीक्षा र टिप्पणीहरू गरिएका भए पनि उनको समग्र जीवनी र व्यक्तित्वका आलोकमा उनका समग्र कृतिहरूको अध्ययन भएको छैन । प्रस्तुत शोधकार्य अम्गाईको जीवनी र व्यक्तित्वका आलोकमा उनका समग्र कृतिको अध्ययनमा केन्द्रित छ ।

## १.५ शोधको औचित्य र महत्त्व

स्रष्टा केशरी अम्गाईको बारेमा विभिन्न समालोचक तथा समीक्षकहरूले गरेका टिप्पणीले मात्र उनको अध्ययन पूर्ण मानिँदैन । दुई दशक अगाडिदेखि साहित्य सिर्जनामा निरन्तर लागि रहेकाले उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु औचित्यपूर्ण भएको छ । नेपाली साहित्यको कथा, उपन्यास, फुटकर कविता, बाल कथा, समालोचना, अनुवाद लेखन र शिक्षण कार्यमा विशेष अभिरुचि राख्ने स्रष्टाको गहन अनुसन्धान हुनु जरुरी छ । यस्ता व्यक्तिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती र उत्तरवर्ती प्रतिभाहरूको लागि प्रेरणादायी बन्दछ । उनको बारेमा जान्न चाहने साहित्यानुरागी पाठक तथा अनुसन्धानकर्ताहरू समेत यसबाट लाभान्वित हुने भएकाले यसको औचित्य, महत्त्व र उपयोगिता स्पष्ट छ ।

## १.६ शोधको क्षेत्र र सीमा

यस शोधकार्यको सीमा केशरी अम्गाईको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ । उनको जीवनी र व्यक्तित्वका पाटाहरूका साथै उनका प्रकाशित मौलिक साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको क्षेत्र हो । अनुदित कृतिको परिचय मात्र दिइएको छ भने उनका फुटकर साहित्यिक रचनाहरूको सूची मात्र समावेश गरिएको छ । फुटकर रचनाहरूको विस्तृत अध्ययन नगर्नु यस शोधपत्रको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

शोध शीर्षकसित सम्बन्धित सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन पद्धतिका साथै क्षेत्रीय अध्ययन विधिअन्तर्गत विज्ञहरूसँगको अन्तवार्ता र कुराकानीलाई आधार बनाएर यो शोधपत्र तयार गरिन्छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गर्ने क्रममा यस शोधपत्रमा जीवनीपरक समालोचना पद्धति र कृतित्वको अध्ययनका लागि विधागत तत्वका आधारमा वर्णनात्मक र व्याख्यात्मक पद्धतिलाई आधार बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न यस अध्ययनको विषयवस्तुलाई निम्नानुसारका परिच्छेदहरूमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : साहित्यकार केशरी अम्गाईको जीवनी**

यस परिच्छेदमा शोध नायकको  जन्म र जन्मस्थान, बाल्यकाल र शिक्षा-दीक्षा, दाम्पत्य जीवन र पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, साहित्य क्षेत्रमा प्रवेश, सामाजिक क्षेत्रमा संलग्नता, प्रवासी जीवन, रुचि र भ्रमण, अविस्मरणीय घटना, सम्मान तथा पुरस्कार आदि शीर्षक रहेका छन् ।

**परिच्छेद तीन : केशरी अम्गाईको व्यक्तित्व**

यस परिच्छेदमा पृष्ठभूमि, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व आदि शीर्षक रहेका छन् ।

**परिच्छेद चार : नेपाली साहित्यमा केशरी अम्गाईको आगमन र साहित्ययात्रा**

यस परिच्छेदमा नेपाली साहित्यमा केशरी अम्गाईको प्रवेश र साहित्य यात्रा बारे अध्ययन गरिएको छ ।

**परिच्छेद पाँच : केशरी अम्गाईका साहित्यिक कृतिहरूको अध्ययन र मूल्याङ्कन**

यस परिच्छेदमा उनका पुस्तकाकार कृतिको विविध विधातात्विक कोणबाट अध्ययन विश्लेषण र उनका फुटकर रचनाहरूको कालक्रमिक तालिकीकरण प्रस्तुत गरिएको छ ।

**परिच्छेद छ : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा उपसंहार तथा निष्कर्ष रहेको छ । यसमा प्रस्तुत शोधकार्यको सारसङ्क्षेप र निष्कर्ष दिइएको छ ।

यसरी शोधपत्रका बाह्य अङ्गका रूपमा रहेको आदिम भाग र अन्तमा सन्दर्भ सामग्री समेत प्रस्तुत गरी साङ्गोपाङ्ग यो शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार केशरी अम्गाईको जीवनी

# परिच्छेद : दुई

# साहित्यकार केशरी अम्गाईको जीवनी

## २.१ पृष्ठभूमि

जीवन एक सङ्घर्षशील यात्रा हो । जीवनमा हरेक मोड, आरोह र अवरोहहरू आउँछन् । जीवन जिउने क्रममा कसैको जीवन सार्थक हुन्छ भने कसैको निरर्थक । कोही घरमा नै अपरिचित हुन्छन् भने कोही गाउँ, समाज र देशको लागि समेत नमुना व्यक्तिको रूपमा स्थापित हुन पुग्छन् । जीवनलाई सङ्घर्षको रूपमा लिएर निरन्तर आफ्नो लक्ष्यमा अगाडि बढ्नेहरूले सफलतारूपी सिँढी चढेका हुन्छन् भने जीवनलाई वास्तविक रूपमा बुझ्न नसक्नेहरूले समाजको विभिन्न आलोचना मात्र खेप्नु परिरहेको हुन्छ । मानिसको जीवनमा कहिले दुःख त कहिले सुख हुन्छ । मानिस जस्तोसुकै परिवेशमा पनि धैर्यताका लागि लक्षित बिन्दुमा पुग्न क्रियाशील जीवनमै उदाहरणीय बन्न सक्छ ।

जीवनभरका काम-कुराको क्रमबद्ध विवरण कथनलाई जीवनी भनिन्छ । व्यक्तिले आफ्नो जीवनमा घटेका विभिन्न घटनाक्रमलाई आधार मान्दै र अरूहरूको जीवनीको अनुकरण गर्दै आफ्नो जीवन यात्रा पुरा गरेको हुन्छ । जीवनमा घटित विभिन्न घटनाक्रमले व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

आफ्नो जीवनयात्राको क्रममा नेपाली साहित्यको श्रीबृद्धि गर्ने सफल साधकको रूपमा स्थापित व्यक्तित्वको रूपमा केशरी अम्गाईलाई लिन सकिन्छ । नेपाली साहित्यको क्षेत्रमा विभिन्न विधामा आफ्ना लेखनीहरू दौडाई महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने केशरी अम्गाईको व्यक्तिगत जीवनका विभिन्न उचार-चढावलाई समग्र रूपमा केलाउने प्रयास गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

भानुभक्त अम्गाईका नाति, बालकृष्ण अम्गाई र रेवती अम्गाईका ५ सन्तानमध्येका जेठा छोरा केशरी अम्गाईको जन्म वि.सं. २०३० पौष १८ गते गण्डकी अञ्चल, गोरखा

जिल्ला स्थित पाँचखुवा देउराली गा.वि.स. को आफ्नै घरमा भएको हो (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

## २.३ बाल्यकाल र शिक्षादीक्षा

बालकृष्ण अम्गाई र रेवती अम्गाईका पाँच सन्तानमध्ये जेठा छोरा केशरी अम्गाईको बाल्यकाल पाँचखुवा देउराली-गोरखाको प्राकृतिक सुन्दर वातावरणमा बितेको थियो । केशरीका पिता एक सामान्य कृषक भएकाले पारिवारिक दिनचर्या कृषि पेसामा नै व्यतीत हुन्थ्यो । बाल्यकालमा सुरुका दिनमा विद्यालय आउने जाने बानी पार्न गाह्रो भएता् पनि पिताले सिम्किनाले पिटेको दिनबाट कहिल्यै पनि विद्यालय नछोडेको र लेखाइ, पढाइप्रति रुचि र चासो बढ्दै गएको पाइन्छ (बालकृष्ण अम्गाईसँगको अन्तरवार्ताअनुसार) । कक्षा ५ सम्म गाउँकै श्री शैलपुत्री मा.वि. मा अध्ययन गरेका थिए । त्यसपछि माथिल्लो कक्षा अध्ययनको लागि मसेल गा.वि.स.-९, ध्याम्पेसालमा अवस्थित श्री दुल्लभ उ.मा.वि. मा भर्ना भए । वि.सं. २०४१ बाट २०४६ सम्म कक्षा ६ बाट कक्षा १० सम्म त्यसै विद्यालयमा अध्ययन गरी वि.सं. २०४६ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए । दुल्लभ उ.मा.वि. मा कक्षा ८ मा पढ्दै गर्दा श्री शारदा प्रसाद धिताल गुरुको लेखनकार्यप्रतिको प्रेरणाले मौलिक लेखन र सिर्जनातर्फ क्रियाशील रहेका थिए । त्यसैगरी अध्ययन कार्यलाई अगाडि बढाउने सन्दर्भमा गोरखा क्याम्पसबाट आई.एड. (नेपाली, भूगोल) र शिक्षा क्याम्पस, ताहाचाल काठमाडौंबाट स्नातक बी.एड. (नेपाली, भूगोल) तहको अध्ययन पुरा गरेका थिए । त्यसैगरी त्रिचन्द्र कलेजमा एम.ए. पढ्दा पढ्दै छाडेको र ग्रामीण आदर्श क्याम्पसमा एम.एड. को पढाइ सकेर परीक्षामा सामेल भएका थिएनन् । राजनीतिशास्त्रमा प्राइभेट परीक्षामा सामेल भई आइ.ए. समेत उर्त्तीर्ण भएका थिए (शोधनायकबाटसँगको अन्तर्वार्ताअनुसार) । यसरी केशरी अम्गाईले आफ्नो ज्ञानको क्षितिजलाई फराकिलो बनाएका थिए ।

## २.४ दाम्पत्य जीवन र पारिवारिक स्थिति

आफ्ना माता पिताका ५ सन्तानहरूमध्ये जेष्ठ सुपुत्र केशरी अम्गाईको विवाह गोरखा, धावा-३, निवासी पिता बाबुराम भट्ट र माता टीकादेवी भट्टकी जेठी छोरी बिना भट्ट सँग वि.सं. २०५७ सालमा आफ्नै परम्परा अनुसार भएको हो (शोधनायकसँगको

अन्तर्वार्ताअनुसार) । करिब २७ वर्षको उमेरमा विवाह गरेका केशरी अम्गाईका १ छोरी र १ छोरा छन् । वि.सं. २०५९ मा छोरी मच्छेदा र वि.सं. २०६८ मा छोरा मार्क्सको जन्म भएको हो । वि.सं. २०४१ मा ठूलो बुवाहरूसँगको छुट्टिभिन्न पछि हजुरआमा दुई, विधवा ठूली आमाहरू, दुई आमाहरू, बुवा र पाँच सन्तान गरी ११ जनाको परिवार आपसी दुःख साट्दै कृषि कार्यमा समर्पित भई आफ्नो लेखाइ, पढाइ र शैक्षिक उन्नतिको लागि क्रियाशील रहँदै आएका छन् ।

## २.५ बसोबास र आजीविका

केशरी अम्गाईको पुर्ख्यौली थलो पाँचखुवा देउरालीमा नै रहेको पाइन्छ । बाजेहरू कति सालमा कहाँबाट आए भन्ने कुराको जानकारी भएको छैन । अम्गाईको बाल्यकाल देउरालीमा नै बितेको देखिन्छ । कक्षा ५ सम्मको अध्ययन गाउँमा नै बिताएका र कक्षा ६ बाट १० सम्म अर्कै गा.वि.स. मा दैनिक १ घण्टा हिँडेर गई पूरा गरेका थिए । केशरी अम्गाई उच्च शिक्षा अध्ययनको क्रममा राजधानी शहर काठमाडौं छिरेपछि अध्ययनको साथै रोजगारीका अवसरहरू पनि हात पार्दै आफ्नो लेखाइ कार्यलाई अगाडि बढाउँदै लगेका थिए । वैवाहिक जीवनमा बाँधिए पछि काठमाडौं बसाइको क्रममा आर्थिक सुधारको लागि श्रीमतीलाई किराना पसल राखी आफू अध्ययन, अध्यापन कार्यमा लागेको पाइन्छ । विवाहपछि वि.सं. २०५० मा काठमाडौं गएपछि पढाइ र खाइजीविका मात्रै चलेकाले अन्य विकल्प रहेको थिएन । आर्थिक व्यवस्थापनको सुधारको लागि २०६४ भाद्रमा यू.ए.ई. गएका थिए । खासै आर्थिक अवस्था सुधार गर्ने सम्भावना नहुँदा २०६५ पौषमा पुनः नेपाल फिर्ता भएका थिए । आर्थिक प्रगति गर्न नसके पनि व्यक्तित्व निर्माण र भौतिक व्यवस्थापन गर्न सफल भएको पाइन्छ । काठमाडौंको बसाइमा शैक्षिक र सामाजिक विकासमा उनी निरन्तर रूपमा लागिरहेको पाइन्छ । आफ्नो अध्ययन र अध्यापन कार्य गर्न रुचि राख्ने केशरीलाई मौलिक लेखहरू रचना गर्न उपयुक्त अवसर मिलेको पाइन्छ । श्रीमती पसलमा र आफू अध्यापन र लेखन कार्यमा व्यस्त भएका अम्गाईलाई २०७२ को भूकम्पले असहज परिवेश सिर्जना गराई दिएको थियो । लाखौं धनराशिको क्षति हुँदा पनि कुनै परवाह नगर्ने अम्गाई आफ्नो कोठामा रहेको पुस्तकहरूको भण्डार नष्ट भएकोमा दुःखी भएको अनुभूति गर्दछन् । धन सम्पत्ति नष्ट भए पनि घाइते परिवार र आफू बाँच्न सफल भएकोमा गर्व गर्दछन् ।

## २.६ पेसा-व्यवसाय र आर्थिक अवस्था

केशरी अम्गाईका बुवा बालकृष्ण अम्गाई पाँचखुवा, देउराली, गोरखामा कृषि पेसामा आबद्ध भएकाले पशुपालन र कृषि उपजबाट भएको आम्दानीले केशरी अम्गाईलाई खासै आर्थिक सङ्कट बेहोर्नु परेको थिएन । काठमाडौं प्रस्थान पछि आफ्नो किराना पसल र अध्यापन कार्यबाट प्राप्त आम्दानीले पारिवारिक जीवन सुखपूर्वक नै बितेको पाइन्छ ।

पिताको आयस्रोतले पारिवारिक रुचि र चाहना पूर्ण हुन नसके पनि आफ्नो दुःखपूर्ण कमाइले खासै अभाव महशुस नभएको आशय व्यक्त गर्दछन् । परिवारको जेठो छोरो भएकाले भाइहरूको पढाइ खर्च र घर व्यवहार खर्च चलाउनको लागि टिउसन पढाउने, स्कुलमा पढाउने र किराना पसलमा पनि व्यवस्था मिलाउने कार्यमा निकै सङ्घर्ष गर्नु परेको देखिन्छ । उनी आर्थिक समस्याको समाधानको लागि मासिक रु. ९०० मा गार्मेन्ट उद्योगमा काम गर्ने देखि लिएर विदेश प्रस्थान गरी दुःख गर्न समेत पछि परेनन् । उनी जहाँ रहँदा पनि सिर्जना र लेखन कार्य जीवनको एक अभिन्न पाटोको रूपमा रहेको पाइन्छ । कामकै सिलसिलामा काठमाडौं स्थित नेपालटारमा स्टेशनरी पसल पनि सुरु गरेका लिए । राम्रोसँग नचलेपछि त्यो काम छाडी वि.सं. २०५३ सालमा **नवपत्रिका** मासिकमा काम सुरु गरेका थिए । त्यसपछि २०५४ सालमा असहाय बालबालिकाहरूको सहयोगी संस्थाको संयोजकको रूपमा १ वर्ष काम गरेका थिए । वि.सं. २०५७ बाट **हिमरश्मि** हाइस्कुलमा शिक्षण कार्य सुरु गरेका थिए । वि.सं. २०६३ मा मच्छेदा प्रकाशनको नामबाट आफ्ना अनुवादित र अन्य विभिन्न कृतिहरू प्रकाशित गरेको पाइन्छ । वि.सं. २०६४ भाद्रबाट शिक्षण र प्रकाशन कार्य छोडी फेरि दुवई प्रस्थान गरेका थिए । वि.सं. २०६५ पौषमा नेपाल फिर्ता भई फेरि पुरानै कार्यमा सरिक भएका थिए । हाल श्रीमती आफ्नै व्यवसाय किराना पसल सञ्चालन र अम्गाई शिक्षण र लेखन कार्यमा व्यस्त रहेको पाइन्छ । उनले हालसम्म गरेका हरेक कार्यलाई हेर्दा उनलाई एक मिहिनेती र कर्मशील व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

## २.७ साहित्य यात्रा, प्रेरणा र लेखन

घरको बन्धन रहित वातावरणले केशरी अम्गाईलाई साहित्यप्रति रुचि जाग्दै गएको थियो । विशेषतः कक्षा ६ मा पढ्दादेखि नै आफ्ना शिक्षक शारदाप्रसाद धितालको प्रेरणाबाट

लेखन कार्यको आरम्भ भएको पाइन्छ । कक्षा ८ मा पढ्दै गर्दा हरेक दिन पालैपालो आफ्नो मौलिक सिर्जना सुनाउनु पर्ने अनिवार्यतामा उनले 'हिमाल' नामक कविता लेखी सुनाउने मौका पाएका थिए । त्यसपछि गुरुहरू र साथीहरूले गरेको प्रशंसाबाट लेखन कार्यमा झनै उत्साहित भएको कुरा व्यक्त गर्दछन् । उनका कविता हेरेर घरमा छवि दाइ र शम्भुदाइले झन बढी प्रशंसा गरेका थिए, जसको कारण लेखन कार्यमा थप हौसला मिलेको थियो । आफूले पढेका पुस्तकहरूको सार र समीक्षा लेख्ने बानी भएकाले भाषा शैलीमा सुधार भएको पाइन्छ । पुस्तक लेखन कार्यले आफ्नो गर्दा भाषा शैली मिठास र मधुर भएको अनुभूति व्यक्त गर्दछन् । वि.सं. २०५३ मा फुटकर कविताको माध्यमबाट लेखन कार्यको सुरुवात भएको थियो । वि.सं. २०५४ बाट कथा लेखन कार्यको आरम्भ भएको पाइन्छ । महेन्द्र रत्न क्याम्पस, ताहचलबाट प्रकाशित **चौपारी** नामक पत्रिकामा उनको *कार्टुन मान्छेहरू* नामक लेख प्रकाशित भएको थियो ।

हालसम्म अम्गाईले मौलिक र अनूदित गरी ८ वटा कृतिहरू प्रकाशित गरेका छन् । उनका मौलिक कृतिहरूमा **युद्ध क्षेत्र** उपन्यास (२०५६), **सुकेको मूढो** (२०६०) र **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रह रहेका छन् ।

अनुवादनको क्षेत्रमा पनि केशरी अम्गाईको लेखनी चलेको पाइन्छ । उनले हिन्दी र अङ्ग्रेजी भाषामा प्रकाशित कृतिहरूको अनुवाद गरेर विभिन्न कृतिहरू प्रकाशित गरेका छन् । उनले प्रकाशित गरेका कृतिहरूको राजनैतिक, आर्थिक, सामाजिक र बालमनोवैज्ञानिक भाव अभिव्यक्त गरेको पाइन्छ । उनले अनुवाद गरेका कृतिहरूमा **लोलिता** (२०५९), **एसियाली कथाहरू** (२०६३), **विश्वका लोककथाहरू** (२०६३), **विश्व प्रसिद्ध लोककथा** भाग-१ (२०६५), **विश्वप्रसिद्ध लोककथा** भाग-२ (२०७०) रहेका छन् ।

फुटकर लेख र रचनामा पनि केशरी अम्गाईको कलम चलेको पाइन्छ । उनका विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा प्रकाशित लेख रचनाले तत्कालीन सामाजिक, राजनैतिक परिवेशको चित्रण गरेका छन् । साथै विभिन्न पत्रिकाको सम्पादक भई आफ्नो साहित्य प्रतिको अनुराध अभिव्यक्त गर्ने अम्गाई कुशल सर्जकको रूपमा स्थापित भएको पाइन्छ । **हिमरश्मी** प्रवाह (२०६२), **हिमरश्मी** स्मारिका (२०६२), **चिउला** बालपत्रिका ( २०७१) र **मूलबाटो** मासिक पत्रिकाको सम्पादनमा सम्पादकीय र सल्लाहकारको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

## २.८ सामाजिक क्षेत्रमा संलग्नमा

गोरखा पाँचखुवा देउरालीमा नै बसेर आफ्ना युवा साथीहरूको समूहमा मिली सामाजिक कार्यमा समाहित हुने रुचि र चाहना केशरी अम्गाईमा रहेको थियो । आजीविका र पेसा व्यवसायको कारण काठमाडौं प्रवेश गरेपनि विभिन्न सङ्घ संस्था र सामाजिक कार्यमा आफ्नो अमूल्य समय खर्चेको उनको संलग्नताले प्रस्ट पार्दछ । उनले विभिन्न सङ्घ संस्थामा लागेर आफ्नो सक्रियता प्रदर्शन गरेको देखिन्छ ।

वि.सं. २०४९ मा केशरी अम्गाईले आफूसँग भएका सबै किताबहरू दिएर आफ्नो घर भएको गाउँ पाँचखुवा देउरालीमा पुस्तकालय स्थापनामा सहयोग पुऱ्याएका थिए । वि.सं. २०६३ मा अक्षर र अध्ययन समूहको सदस्य भई सक्रिय भूमिका निर्वाह गरेको पाइन्छ । वि.सं. २०६४ मा नेपाली साहित्यिक परिषद् युएइ को उपाध्यक्ष पदमा रही कार्यरत रहेका थिए । वि.सं. २०६५ मा नागार्जुन साहित्यिक प्रतिष्ठान काठमाडौंको कार्य समितिमा कार्यरत थिए । त्यसैगरी वि.सं. २०६८ मा लेखक सङ्घ काठमाडौं जिल्ला समितिमा रही कार्यरत थिए र २०६९ मा प्रलेस काठमाडौंको कार्यालय समितिमा कायरत रहेको पाइन्छ । त्यसैगरी वि.सं. २०७० मा बालवाङ्मय तथा अनुसन्धान केन्द्रमा आबद्ध रही हालसम्म निरन्तर लागिरहेका छन् । वि.सं. २०७० मा साहित्यिक उन्नयनको लागि सुरु गरिएको काव्य शिविर अभियानमा संलग्न रही हालसम्म पनि कार्यरत रहेको पाइन्छ ।

## २.९ प्रवासी जीवन

साहित्य क्षेत्रमा साधनारत साधकहरूलाई जतिसुकै प्रतिकूल परिवेश भए पनि आफ्ना सिर्जनाहरू सिर्जिने वातावरण तयार भएरै छाड्ने रहेछ । केशरी अम्गाई वि.सं. २०६४ भाद्र देखि २०६५ पौष सम्म यूएइ को आबुधावीमा वैदेशिक रोजगारीको सन्दर्भमा पुगेका थिए । त्यहाँ रहँदा अम्गाईको मानसपटल साहित्य क्षेत्रबाट विमुख रहन सकेन । साहित्यिक परिषद यूएइको उपाध्यक्ष पदमा रही आफ्नो भूमिका निर्वाह गरिनै रहे । त्यहाँ रहँदा हरेक महिना साहित्यिक कार्यक्रमको सञ्चालन गर्ने र आफ्नो सक्रिय संलग्नता देखाउने गर्दथे । १०५ जना सदस्य रहेको प्रवासी नेपालीहरूको संस्था मार्फत प्रवासी पत्रिका र **अध्यारो** कथा

सङ्ग्रहको प्रकाशन गर्ने काममा समेत सक्रियता देखाएको कारण अम्गाईको प्रवासी जीवन समेत साहित्य सिर्जनामा तल्लीन रहेको पाइन्छ ।

## २.१० रुचि र भ्रमण

अध्यापन र लेखनमा अत्यन्त रुचि राख्ने केशरी अम्गाई असक्त र दुःखी गरिबहरूको सेवामा संलग्न रहन मन पराउने र सबै प्रकारका खानाका परिकार विशेषतः दालमा गुन्द्रुक मिसाएको स्वाद मन पराउने गर्दछन् । धुम्रपान, मद्यपान र लागु पदार्थ पटक्कै मन नपर्ने अम्गाई सर्ट, पाइन्ट र टोपीमा सजिन विशेष मन पराउँछन् । उनी हरियो र रातो रङ्ग विशेष मन पराउँछन् । उनलाई खेल र सङ्गीत पनि मन पर्दछ । खेलमा विशेषतः भलिबल मन पर्दछ । बिहान सबेरै उठी आफ्नो नित्य कर्म समापन पछि पत्रपत्रिका पढ्ने उनको बानी रहेको पाइन्छ ।

साहित्यिक अनुसन्धान, बालसाहित्य पठन र सिर्जना, समालोचना र आख्यान शास्त्रको अध्ययन, कथा लेखनमा विशेष रुचि राख्ने अम्गाईले नेपालका आधाभन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेको र बाह्य देशमा भारत र यू.ए.ई. को यात्रा गरेको पाइन्छ ।

## २.११ अविस्मरणीय घटना

केशरी अम्गाई कक्षा ३ मा पढ्दै गर्दा कृष्ण अम्गाई सरले स्कुल आउन नमान्दा पाँच पैसा दिएर फकाएको दिनको स्मरण गर्दछन् । स्कुल जान नमान्दा बुवाले सिम्किनाले पिट्दै स्कुल लगेको र त्यसपछि कहिल्यै स्कुल नछाडेको कुरा उनलाई अविस्मरणीय लागेको थियो । वि.सं. २०५६ मा काठमाडौंमा साइकल दुर्घटना भएको दिन उनलाई अविस्मरणीय लागेको पाइन्छ । दुबईमा रहँदा साहित्यकर्मीहरू केशरी अम्गाई को हुनुहुन्छ भनी खोज्दै आएको दिन र आफू साहित्यिक परिषद दुवईको उपाध्यक्ष पदमा निर्वाचित भएको दिन उनलाई अस्मिरणीय लागेको पाइन्छ । त्यस्तै युएईको एक पार्कमा कविता प्रतियोगिता गराएको दिनको कार्यक्रम प्रशंसनीय र अविस्मरणीय रहेको अनुभव छ ।

## २.१२ सम्मान तथा पुरस्कार

पढाइमा लगनशील र मिहिनेती केशरी अम्गाईले विद्यालयमा अध्ययन र सिर्जनमा विभिन्न पुरस्कारहरू प्राप्त गरेका थिए । क्याम्पस जीवन, अध्यापन कार्य र सिर्जना लेखनमा

लागि पर्ने अम्गाई साहित्यिक अध्ययन र प्रकाशन कुनै सम्मान र पदकको लागि नगरिने विचार अभिव्यक्त गर्दछन् । आफ्ना कृतिहरू मार्फत कुनै पनि पुरस्कार वा पदक प्राप्त नभएको कुरा अम्गाईको रहेको छ । उनको विचारमा सिर्जना समाजप्रति उत्तदायी हुनु पर्दछ । बालबालिकालाई साहित्य पढाइयो भने मात्र भविष्यमा असल नागरिक बन्न सक्छन्, त्यसैले उचित वातावरण दिनुपर्छ भन्ने मान्यता अम्गाईमा रहेको पाइन्छ ।

## २.१३ निष्कर्ष

केशरी अम्गाईको जन्म पिता बालकृष्ण अम्गाई र माता रेवती अम्गाईको जेष्ठ पुत्रका रूपमा वि.सं. २०३० पौष १८ मा गोरखा जिल्लाको पाँचखुवा देउरालीमा भएको थियो । प्रा.वि. तहको अध्ययन पाँचखुवा देउरालीमा नै गरेका अम्गाईले कक्षा (६-१०) सम्म श्री दुल्लभ उ.मा.वि. ध्याम्पेसालमा गई अध्ययन गरेका थिए । एस.एल.सी. उत्तीर्ण भएपछि आई.एड. गोरखा क्याम्पस, गोरखाबाट र स्नातक तह महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट पुरा गरेका थिए । सिर्जना, साहित्य लेखन र अध्यापनमा रुचि भएका अम्गाईले नेपालको अधिकांश जिल्ला र विदेशमा भारत र दुबईको भ्रमण गरेको पाइन्छ । राजनीतिक पार्टीहरूको फूट र गुटबाट असन्तुष्ट बन्दै आफ्ना स्पष्ट धारणा राजनीतिभन्दा शिक्षा, साहित्य र समाजप्रति नै उनको चिन्तन मनन रहेको पाइन्छ । वि.सं. २०५७ सालमा विना भट्टसँग विवाह गरेका अम्गाईका १ छोरी र १ छोरा रहेका छन् । हाल उनी काठमाडौंको गौरीगाउँ भन्ने स्थानमा किराना पसल राख्दै, हिमरश्मी मा.वि.मा अध्यपन गराउँदै आएका छन् । अध्ययन र लेखनमा अत्यन्त रुचि राख्ने अम्गाईले मौलिक र अनूदित गरी ८ ओटा कृतिहरू प्रकाशित गरेका छन् भने बेला मौकामा राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा फुटकर लेख रचनाहरू प्रकाशित गरेर आफ्नो बौद्धिक उचाई प्राप्त गर्न सफल भएका छन् ।

# परिच्छेद : तीन

# साहित्यकार केशरी अम्गाईको व्यक्तित्व

# परिच्छेद : तीन

# साहित्यकार केशरी अम्गाईको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिमा हुने निजी विशेषता वा गुणलाई व्यक्तित्व भनिन्छ । व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरू मध्येबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्ति विशेषको निजीपनले व्यक्तित्वको परिचय दिने भएको हुनाले उसको व्यक्तित्वको पाटाहरूलाई नियाल्नु पर्दछ । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नको लागि उसको जीवनमा विविध परिस्थितिमा भोगेका सुखदुःखका उकाली ओरालीहरू र बाँचेको सामाजिक वातावरण र सिकेको अनुभवहरूलाई पनि बुझ्नु पर्ने हुन्छ । कुनै पनि व्यक्तिको विभिन्न क्षेत्रमा संलग्नता हुने हुँदा मूलतः व्यक्तिको प्रतिभा, रुचिक्षेत्र र उसको लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्वहरू हुन् । व्यक्तिका व्यक्तिगत प्रतिभाहरू फरक फरक हुने र चरित्रमा अनेकता पाइने हुँदा व्यक्तिको निजीपनका आधारमा उसका व्यक्तिगत पाटाहरू नियाल्नुपर्ने हुन्छ । कुनै पनि व्यक्तिको आन्तरिक र बाह्य गरी व्यक्तित्वका दुई पाटाहरू हुन्छन् । आन्तरिक रूपमा निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व र बाह्य रूपमा मूल्याङ्कन गर्न सकिने स्वरूपलाई बाह्य व्यक्तित्व भनिन्छ ।

व्यक्तिले खास विषयमा विशिष्टता प्राप्त गरे पनि ऊ विभिन्न विधाको धनी हुन सक्छ । यस्तै विविध क्षेत्रमा प्रतिभा भएका व्यक्तिले नै विशिष्ट व्यक्तिको रूपमा परिचित हुन्छन् । केशरी अम्गाई यस्तै प्रतिभा मध्येका एक व्यक्तिका रूपमा सुपरिचित छन् ।

## ३.२ बाह्य व्यक्तित्व

व्यक्तिलाई बाहिरबाट हेर्दा देखिने शारीरिक बनावट नै बाह्य व्यक्तित्व हो । ५ फिट २ इन्च उचाइ, पातलो र फुर्तिलो देखिने शरीर, गहुँगोरो र हँसिलो मुहार चौडा निधार, चुच्चो परेको नाक र मिलेका दाँत नै अम्गाईको बाह्य व्यक्तित्व हो ।


सरल र मिजासिलो स्वभाव, फुर्तिलो शरीर, दयालु भावना अम्गाईको प्रभावशाली व्यक्तित्व हो । सादा जीवन र उच्च विचार हुनु पर्छ भन्ने मान्यताका पक्षपाती अम्गाईको सबैसँग मिल्न सक्ने विशेष गुण रहेको पाइन्छ । आफूलाई लागेको कुरा प्रस्टसँग वकालत गर्न सक्ने खुबी उनमा रहेको पाइन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

मानिसको अन्तरमनमा रहेका गुण, क्षमता र प्रतिभालाई नै आन्तरिक व्यक्तित्वको रूपमा लिन सकिन्छ । व्यक्तिको पारिवारिक वातावरण, सामाजिक, आर्थिक परिवेश तथा अध्ययन अध्यापनका विविध विषयवस्तुले व्यक्तित्व निर्माणमा विशेष भूमिका निर्वाह गरेको हुन्छ । समाजमा रहेका विभिन्न क्षेत्रसँग नजिकिएर काम गरेका केशरी अम्गाईको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार रेखाचित्रबाट प्रस्ट पार्न सकिन्छ :

**केशरी अम्गाईको आन्तरिक व्यक्तित्व विवरण**

**आरेख सङ्ख्या - १**




### ३.३.१ साहित्यिक व्यक्तित्व

माध्यमिक तहमा अध्ययन गर्दादेखि नै कविता र विभिन्न लेख रचनाहरूको माध्यमबाट सिर्जना क्षेत्रमा प्रारम्भ भएको कुरा केशरी अम्गाई व्यक्त गर्दछन् । बाल्यकालका लेख रचना सङ्ग्रह नभएको कुरा अम्गाई स्वीकार्दछन् । वि.सं. २०५१ मा प्रकाशित **चौपारी**

नामक साहित्यिक पत्रिकामा आफ्नो रचना *कार्टुन मान्छेहरू* (कविता) को प्रकाशन सँगै उनको साहित्य यात्रा प्रारम्भ भएको थियो । त्यसपछि क्रमश : **युद्धक्षेत्र** उपन्यास (२०५६), **सुकेको मूढो** कथासङ्ग्ह (२०६०), **सपनाको दाहसंस्कार** कथा सङ्ग्रह (२०६८) प्रकाशित भएका छन् भने अनूदित कृतिहरूमा पनि आफ्ना लेखनीहरू दौडाउन सफल अम्गाईले सम्पादन गर्ने काम पनि गरेको पाइन्छ । यहाँ उनको साहित्यिक व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.३.१.१ स्रष्टा व्यक्तित्व

सृष्टि वा रचना गर्ने व्यक्तिलाई स्रष्टा भनिन्छ । साहित्य आफै तयार हुँदैन, त्यसको रचना गर्नुपर्छ । साहित्य लेखन गर्नु पनि सृष्टि नै हो । केही साहित्य कर्मीले एउटा क्षेत्रमा मात्र कलम चलाउँछन् भने कसैले विभिन्न साहित्यिक विधामा कलम चलाएका हुन्छन् । केशरी अम्गाईले कलम चलाएका विधाको मूल्याङ्कन गर्ने हो भने उपन्यासकार व्यक्तित्व र कथाकार व्यक्तित्वको रूपमा यसरी अध्ययन गर्न सकिन्छ :

**क) उपन्यासकार व्यक्तित्व**

बहुमुखी प्रतिभाका धनी केशरी अम्गाईले २०५६ सालमा **युद्धक्षेत्र** उपन्यास प्रकाशित गरी आफूलाई उपन्यासको रूपमा सुपरिचित गराएका छन् । नेपालको प्रगतिशील पत्रिकाहरूमा फाट्टफुट्ट लेख रचनाहरू लिई देखापर्ने अम्गाईको पहिलो प्रकाशित कृति **युद्धक्षेत्र** (२०५६) उपन्यास हो । प्रस्तुत उपन्यास नेपालको एउटा मार्मिक क्यानभासमा लेखिएको छ । यसमा आफ्नो जीविका चलाउने विदेशी भूमिको रक्षाको लागि लडिदिनु पर्ने नेपालीहरूको कटु यथार्थलाई प्रस्तुत गरिएको छ । गरिब र निम्नवर्गका नेपालीहरूको आफ्नो परिवारको गुजारा चलाउन विदेशिनुपर्ने बाध्यता, आफू विदेशिएपछि परिवारजनहरूप्रति हुने शोषण, अन्याय र अत्याचारलाई देखाउँदै आर्थिक, सांस्कृतिक, शोषणको विरुद्धमा सङ्गठित रूपमा लडेर नयाँ नेपाल निर्माण गर्नुपर्छ भन्ने सन्देश उपन्यासले बोकेको छ ।

**ख) कथाकार व्यक्तित्व**

केशरी अम्गाईले वि.सं. २०५४ देखि २०५८ सम्म रचना गरेका आठवटा कथाहरूको सङ्ग्रहको रूपमा २०६० मा प्रकाशित कथासङ्ग्रहको नाम हो **सुकेको मुढो** (२०६०), जसमा सङ्ग्रहित कथाहरूले तत्कालीन परिवेशमा भएका सामाजिक विकृति र विसङ्गतिको आलोचना गरिएको पाइन्छ । त्यसैगरी २०६८ मा प्रकाशित **सपनाको दाहसंस्कार** कथा सङ्ग्रहमा वि.सं. २०६४ मङ्सिरदेखि २०६८ सम्म लिखित १२ ओटा कथाहरू सङ्ग्रह गरिएको छ । यसमा सङ्कलित कथाहरूमा यथार्थवादी भावनाहरू झल्किएको पाइन्छ । कथाहरूको मूल मर्म समस्या प्रधान रहेको छ । विभिन्न सामाजिक परिवेशलाई चित्रण गरेर लेखिएका कथाकार केशरी अम्गाईका कथाहरूले यथार्थवादी प्रगतिवादी साहित्यिक धाराको प्रतिनिधित्व गरेका छन् ।

**ग) अनुवादक व्यक्तित्व**

केशरी अम्गाई (वि.सं. २०३०) सिर्जनाको क्षेत्रमा मात्र नभई अनुवादको क्षेत्रमा पनि सक्रिय प्रतिभा मानिन्छन् । सिर्जनाको अतिरिक्त विभिन्न भाषामा लेखिएका कथाहरूको सङ्ग्रहलाई नेपाली भाषामा अनुवाद गरी अनूदित कृतिको रूपमा प्रकाशन गर्न सशक्त देखिन्छन् । अम्गाईले साहित्येतर विधा अन्तरगत **समाजवादी अर्थशास्त्र** (२०५९) को अनुवाद गरेका छन् भने साहित्यिक विधा अन्तरगत **लोलिता** (२०५९), **विश्वप्रसिद्ध लोक कथाहरू** (२०६३), **एशियाली कथाहरू** (२०६३), **विश्वप्रसिद्ध कथाहरू** भाग १ (२०६५) र **विश्व प्रसिद्ध कथाहरू** भाग-२ (२०७०) जस्ता कृतिहरू अनुवाद गरी चर्चाको शिखरमा पुगेका छन् ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यकार केशरी अम्गाईको साहित्येतर व्यक्तित्व पनि उच्च नै रहेको पाइन्छ । आफूलाई कर्मशील व्यक्तित्वका रूपमा परिचय दिन रुचाउने अम्गाइले सामाजिक, शैक्षिक लगायत विभिन्न क्षेत्रमा संलग्न भएर काम गरेको पाइन्छ । यहाँ उनका साहित्येतर व्यक्तित्वको निम्नानुसार उल्लेख गरिएको छ ।

**क) सामाजिक व्यक्तित्व**

सामाजिक सङ्घ-संस्थामा आबद्ध भएर समाज सेवामा संलग्न व्यक्तित्वको रूपमा केशरी अम्गाईलाई लिन सकिन्छ । युवा अवस्थादेखि नै विभिन्न युवा क्लबसँग आबद्ध हुँदै उनले सामाजिक संलग्नता बढाएको पाइन्छ । वि.सं. २०४९ सालमा आफूसँग भएको सम्पूर्ण पुस्तकहरू दिएर गाउँमा युवाहरूलाई पुस्तकालय स्थापनाको लागि गहन भूमिका खेलेको पाइन्छ । वि.सं. २०६३ मा अक्षर र अध्ययन समूहमा संलग्नता र २०६४ मा नेपाली साहित्यिक परिषद् युएईको उपाध्यक्षमा कार्यरत रही महत्त्वपूर्ण योगदान दिएका थिए । वि.सं. २०६५ मा नागार्जुन साहित्यिक प्रतिष्ठान काठमाडौंको कार्यसमितिमा रही सक्रिय सहभागिता देखाएका थिए । त्यसैगरी २०६८ मा लेखक सङ्घ काठमाडौंको जिल्ला कार्य समिति सदस्य, २०६९ मा प्रलेख काठमाडौं कार्यालय समितिमा संलग्नता, २०७० मा बाल वाङ्मय तथा अनुसन्धान केन्द्रमा आबद्ध रही हालसम्म कार्यरत साथै वि.सं. २०७० मा साहित्यिक उन्नयनका लागि सुरु गरिएको काव्य शिविर अभियानमा संलग्ना रही हालसम्म पनि कार्यरत रहेर आफ्नो व्यक्तित्व र प्रतिभा प्रस्तुत गरेको पाइन्छ ।

**ख) सम्पादक/प्रकाशक व्यक्तित्व**

केशरी अम्गाईले सम्पादनको क्षेत्रमा पनि आफ्नो कलम दौडाएको पाइन्छ । वि.सं. २०६२ मा आफ्नै सम्पादकत्वमा **हिमरश्मी स्मारिका** र **हिमरश्मी प्रवाह** (२०६२) प्रकाशन गरी सम्पादनको क्षेत्रमा अघि बढेको पाइन्छ । यसैगरी **चिउला** बाल पत्रिका २०७१ को सिर्जनशील प्रकाशनबाट सम्पादन गरेको देखिन्छ ।

**ग) अध्यापक व्यक्तित्व**

केशरी अम्गाईको प्रमुख व्यक्तित्वमध्ये अध्यापक व्यक्तित्वले पनि महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । गोरखाबाट प्रवेशीका परीक्षा र आइ.एड. उत्तीर्ण गर्न सफल व्यक्ति अम्गाईले महेन्द्र रत्न क्याम्पस, ताहाचल काठमाडौंबाट स्नातक (बी.एड.) गरेपछि आफ्ना भाइबहिनी र आसपासका विद्यार्थीहरूलाई ट्युसन पढाउने कार्यमा समेत संलग्न रहेका थिए । वि.सं. २०५७ मा हिमश्मी हाइस्कुलमा शिक्षण सुरु गरेका थिए । वि.सं. २०६४ सम्म शिक्षण गरी २०६४ भाद्रबाट २०६५ पौषसम्म

करिब १७ महिना शिक्षण कार्य छोडेर प्रवास पसेका अम्गाई पुनः नेपाल फिर्ता भई हिमरश्मी हाई स्कुलमा शिक्षण कार्यमा नै लागेका थिए । कुनै पनि स्थानको शैक्षिक विकास विना समग्र विकास हुन नसक्ने र देशको विकासको लागि शैक्षिक क्षेत्रमा समयानुकूल परिवर्तन आवश्यक पर्दछ । अम्गाई आफूले अध्ययन गरेको विद्यालय श्री शैलपुत्री उ.मा.वि. को स्तरोन्नतिको लागि आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसै गरी आफूले अध्यापन गराइरहेको विद्यालय श्री हिमरश्मी मा.वि. को शैक्षिक स्तर विकासको लागि विभिन्न समितिमा रही महत्त्वपूर्ण योगदान दिँदै आएका छन् । यसरी अध्यापक व्यक्तित्वको रूपमा हालसम्म निरन्तर लागिरहेका छन् ।

**ङ) व्यापारिक व्यक्तित्व**

पारिवारिक आर्थिक समस्या सुल्झाउन र बिहान, बेलुकीको समयमा व्यवस्थापन गरेर आफ्नी श्रीमतीलाई व्यापारमा संलग्न गराएको देखिन्छ । आफ्नो बिदाको उपभोग र फुर्सदको समयको सदुपयोग गरी कहिले स्टेशनरी पसल त कहिले किराना पसल मार्फत व्यापारिक क्षेत्रमा समेत आफ्नो संलग्नता देखाएको पाइन्छ । हाल काठमाडौं स्थित तारकेस्वर नगरपालिका वडा नं. १८ मा रहेको गौरीगाउँमा उनको एक किराना पसल समेत रहेको छ ।

## ३.४ निष्कर्ष

व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । जीवनका विभिन्न पाटाहरू, समाज र विभिन्न सङ्घसंस्थाहरूको सम्बन्धका आधारमा व्यक्तित्वको निर्माण हुन्छ । कुनै पनि व्यक्ति अनेक व्यक्तित्व हुन सक्छ । कुनै पनि व्यक्तिको आन्तरिक तथा बाह्य व्यक्तित्वका आधारमा व्यक्तित्वको अध्ययन गर्न सकिन्छ । केशरी अम्गाईको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वको रूपमा हेर्दा ५ फिट १ इन्च उचाइ, पातलो र फुर्तिलो शरीर, गहुँगोरो वर्ण चुच्चो नाक र फराकिलो निधार र सरल स्वभाव भएका व्यक्ति हुन् । आन्तरिक व्यक्तित्वका रूपमा केशरी अम्गाईको व्यक्तित्वलाई

साहित्यिक र साहित्यितर गरी दुई भागमा बाड्न सकिन्छ । साहित्यिक व्यक्तित्व अन्तर्गत कथाकार, उपन्यासकार, अनुवादक, सम्पादक, व्यक्तित्व हुन् भने साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक, अध्यापक, व्यापारिक आदि अनेक व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

साहित्यको विविध क्षेत्रमा कलम चलाएर समाजका विकृति र विसङ्गतिप्रति बुलन्द आवाज उठाउने केशरी अम्गाई बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । श्रम र साहित्यलाई एकै सिक्काको दुई पाटा सरी अगाडि बढाउने अम्गाईको सरल व्यक्तित्वको आभाष उहाँको कार्यशैलीबाट झल्कन जान्छ । प्रतिकूल समयमा पनि देश, काल र परिस्थिति बुझी साहित्य सिर्जनामा लाग्नुलाई साहित्य सिर्जनाप्रतिको अनुराग मानिन्छ । उनी साहित्य क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रमा पनि प्रतिबद्ध भई लागेका छन् । उनी विभिन्न सङ्घ संस्थामा आवद्ध भई अनुकरणीय काम गरेर सामाजिक व्यक्तित्वको रूपमा स्थापित छन् । त्यसैले अम्गाईले साहित्यिक र साहित्येतर क्षेत्रमा गरेको योगदान समाजको विकासको लागि अगाडि बढ्ने सबैको लागि उदाहरणीय र अनुकरणीय रहेको छ ।

# परिच्छेद : चार

# नेपाली साहित्यमा केशरी अम्गाईको आगमन र साहित्य यात्रा

# परिच्छेद : चार

# नेपाली साहित्यमा केशरी अम्गाईको आगमन र साहित्य यात्रा

## ४.१ प्रेरणा र प्रभाव

बालबालिकाहरूको पहिलो पाठशाला घर हो भने पहिलो शिक्षक आमा हुन् । केशरी अम्गाईलाई पनि आफ्नो घर परिवारको पढाइ र साहित्यलेखनको निम्ति सकारात्मक प्रभाव परेको पाइन्छ । पारिवारिक पृष्ठभूमि कृषि पेसासँग आबद्ध भए पनि कृषि पेसाको जगमा उभिएर उनको पढाइ, लेखाइ र साहित्य क्षेत्र व्यापक बन्दै गएको पाइन्छ । तत्कालीन राजनीतिक, सामाजिक परिवेशबाट साहित्यतर्फ क्रियाशील हुने सुवर्ण अवसर उनलाई मिलेको हो (शोधनायकसँगको अन्तरवार्ता अनुसार) । विद्यालय तहमा अध्ययन गर्दादेखि नै आफ्ना आदरणीय गुरु श्री शारदाप्रसाद धितालको सिर्जना र लेखनप्रतिको प्रेरणाले नै आजको अवस्थामा आइपुग्न सफल भएको कुरा अम्गाई व्यक्त गर्दछन् । शम्भु र छवि दाइले सिर्जनातर्फ बढ्न सकारात्मक उर्जा थप्न काम गरेका हुन् । विभिन्न पत्र पत्रिकाहरूको अध्ययन विभिन्न कार्यक्रममा सहभागिताको कारण लेखन कार्यप्रति रुचि र चासो बढेको पाइन्छ । विद्यार्थीको जीवनदेखि नै लेख्ने बानीका कारण साहित्य सिर्जना गर्न थप बल पुगेको पाइन्छ । बाल्यकालका लेख रचनाहरूको संकलन र सुरक्षित भण्डारण गर्न तर्फ भने उनको धयान पुगेको पाइँदैन । विशेषत उनको लेखन कार्यलाई प्रगतिवादी लेखन र साहित्यकर्मीहरूको प्रभाव परेको पाइन्छ ।

विद्यार्थीकालदेखि नै सिर्जना र लेखनमा रुचि लिने गरेका अम्गाईलाई साहित्यमा लाग्न नेपाली साहित्यका प्रमुख प्रगतिवादी लेखकहरू पारीजात, गोपालप्रसाद रिमाल र भूपी शेरचनको विशेष प्रभाव परेको पाइन्छ । वि.सं. २०५१ मा **चौपारी** नामक पत्रिकामा *कार्टुन मान्छेहरू* नामक कविता प्रकाशन गरी साहत्य क्षेत्रमा प्रारम्भ गरेका पाइन्छ । अम्गाई फुर्सदको समयमा सिर्जना र लेखनमा नै व्यस्त रहेका हुन्छन् (विना भट्टसँगको अन्तर्वार्ता अनुसार) ।

## ४.२ नेपाली साहित्यमा केशरी अम्गाईको प्रवेश

वि.सं. २०५१ मा महेन्द्ररत्न क्याम्पस ताहालमा बि.एड. अध्ययन गर्दा **चौपारी** नामक पत्रिकामा आफ्नो मौलिक कविता *कार्टुन मान्छेहरू* प्रथम सिर्जनाको रूपमा प्रकाशित गेका छन् । विभिन्न पत्रपत्रिकामा आफ्ना लेखहरू प्रकाशित गरी आफ्ना मनोभावनाहरू सार्वजनिक गर्ने केशरीका कृतिहरूमा साहित्यिक एवम् राजनीतिक भावना प्रस्फुटित भएका छन् । प्रगतिशील लेखक एवम् साहित्यकर्मीहरूको साहित्यिक रचना अध्ययन र समीक्षात्मक टिप्पणी गर्ने बानीले गर्दा उनले नेपाली साहित्यको विविध क्षेत्रमा कलम चलाउन सफल भएका हुन् ।

साहित्यिक कार्यक्रमहरूमा समाहित हुने, आफ्ना रचना वाचन गर्ने र अन्य साहित्यकर्मीहरूको रचनाको अध्ययन र विश्लेषण गर्ने बानीको कारण लेखन कार्य सार्थक बनेको पाइन्छ । उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनले प्रकाशित गरेका विभिन्न लेख-रचनाहरूले राजनैतिक, सामाजिक, आर्थिक र बालमनोवैज्ञानिक भाव अभिव्यक्त गरेको देखिन्छ ।

बहुमुखी प्रतिभाका धनी केशरी अम्गाईले साहित्य, समाज र सामाजिक सङ्घसंस्थामा सक्रिय भएर काम गरेका थिए । उनले विभिन्न सङ्घ-संस्थामा आबद्ध भएर गरेका कार्यहरू अनुकरणीय बनेका छन् । वि.सं. २०५१ बाट अगाडि बढेको उनको साहित्ययात्रा हालसम्म निरन्तर रूपमा क्रियाशील रहेको छ । उनको हालसम्मको करिब २० वर्षको साहित्ययात्रालाई विभिन्न तीन चरणमा निम्नानुसार विभाजन गरिएको छ :

क) प्रथम चरण (वि.सं. २०५१-वि.सं. २०५५) आभ्यासिक काल

ख) द्वितीय चरण (वि.सं. २०५६- वि.सं. २०६८) पुस्तक प्रकाशन काल

ग) तृतीय चरण (वि.सं. २०६९- हालसम्म) लेखनमा सक्रिय काल

**क) प्रथम चरण (वि.सं. २०५१-२०५५)**

वि.सं. २०५१ सालदेखि नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका केशरी अम्गाईले विभिन्न लेख रचना सिर्जना गर्दै केही लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्दै साहित्ययात्रालाई अगाडि बढाएको पाइन्छ । वि.सं. २०५१ सालदेखि अगाडि बढेको साहित्य यात्रा वि.सं. २०५५ सालसम्म आभ्यासिक कालका रूपमा

रह्यो जब उनले वि.सं. २०५६ सालमा **युद्धक्षेत्र** उपन्यास प्रकाशन गरेपछि उनको साहित्ययात्राको दोस्रो चरण सुरु हुन्छ । अभ्यासिक कालमा नै उनले आख्यान क्षेत्रका विभिन्न कथाहरू र उपन्यास रचना गर्दै अगाडि बढेको पाइन्छ ।

केशरी अम्गाईले आभ्यासिक काल अन्तरगत वि.सं. २०५१ मा *कार्टुन मान्छेहरू* कविता, वि.सं. २०५४ मा *बेवारिसे लास, परिवर्तन, विवशता* र *सुकेको मुढो* जस्ता कथाहरू रचना गरेको पाइन्छ । तत्कालीन समयमा रचना गरिएका उनका कथाहरूले सामाजिक असमानताको चित्रण गर्दै शोषित पीडित पक्षको समर्थनमा बुलन्द आवाज उठाएको पाइन्छ । उनले आफ्ना रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्ने कार्यमा पनि समर्पित भएको पाइन्छ । यस अवधिमा प्रकाशनभन्दा पनि बढी लेखन र अभ्यासलाई नै बढी जोड दिएको पाइन्छ ।

साहित्य यात्राको आभ्यासिक कालमा उनले आफ्नो अध्ययन कार्यलाई अगाडि बढाउँदै लेखन कार्यमा जुटेको पाइन्छ । उनले यसै समयको सदुपयोग गर्दै व्यक्तित्व विकासलाई प्राथमिकता दिएको पाइन्छ । अन्तमा उनको साहित्ययात्राका यस कालमा राजनीतिक र सामाजिकभन्दा शैक्षिक र साहित्यिक व्यक्तित्व मौलाएको पाइन्छ । उनका आभ्यासिक रचनाहरूमा तत्कालीन सामाजिक र राजनीतिक परिवेशको यथार्थ चित्रण गरेको पाइन्छ । समय सापेक्ष रूपमा रचना गरिएको कृतिहरूको विचार पक्ष सुदृढ र बलियो रहेको देखिन्छ । तत्कालीन समयमा फुटकर साहित्यिक सिर्जना गरेबाट भविष्यमा उनी एक सफल र सक्षम साहित्यिक व्यक्तित्व बन्न सक्ने अनुमान गर्न सकिन्छ ।

**ख) द्वितीय चरण (वि.सं. २०५६-२०६८)**

साहित्यकार केशरी अम्गाईले २०५६ सालमा **युद्धक्षेत्र** उपन्यास प्राकाशित गरेपछि उनको साहित्य यात्राको दोस्रो चरण सुरु हुन्छ । यस समयलाई फुटकर रचनाहरूको एकीकृत रूप पुस्तकाकार कृतिहरूको प्रकाशन अवधि पनि मान्न सकिन्छ । साहित्य यात्राको यस चरणमा उनले आठ वटा कथाहरू सङ्ग्रह गरिएको **सुकेको मुढो** (२०६०) कथासङ्ग्रह र बाह्रवटा कथाहरू सङ्ग्रह गरिएको **सपनाको**

**दाह संस्कार** (२०६८) कथासङ्ग्रहको रूपमा आफ्नो मौलिक रचनाहरू प्रकाशन गरेका छन् । उनका प्रकाशित कृतिहरूले राजनैतिक आर्थिक, सामाजिक र बालमनोवैज्ञानिक भाव अभिव्यक्त गरेको पाइन्छ । त्यसै गरी अनुवादको क्षेत्रमा पनि अम्गाईको कलम दौडिएको पाइन्छ । उनले साहित्य यात्राको दोस्रो चरणमा विभिन्न चारवटा कृतिहरूको अनुवाद गरेका छन् । जसअन्तरगत **लोलिता** (२०५९), **विश्वका लोककथाहरू** (२०६३), **एशियाली कथाहरू** (२०६३) र **विश्व प्रसिद्ध लोककथाहरू** भाग-१ (२०६५) र **विश्व प्रसिद्ध लोककथाहरू** भाग-२ (२०७०) रहेका छन् । अम्गाईले अनुवाद गरेका कृतिहरू अंग्रेजी लगायतका अन्य विभिन्न भाषाबाट लिइएको पाइन्छ ।

केशरी अम्गाईले यस समयवाधिमा सामाजिक कार्य र व्यापार व्यवसायलाई पनि अगाडि बढाएको पाइन्छ । व्यापारिक क्षेत्रमा स्टेशनरी पसल तथा किराना पसलको सञ्चालन गरेको पाइन्छ । त्यसै गरी सामाजिक क्षेत्रमा विभिन्न सङ्घसंस्थामा आबद्धता देखाई आफ्नो सामाजिक सक्रियता बढाएको पाइन्छ । वि.सं. २०६३ मा अक्षर र अध्ययन समूहको सदस्य, वि.सं. २०६४ मा नेपाली साहित्यिक परिषद् यूएईको उपाध्यक्ष, वि.सं. २०६५ मा नागार्जुन साहित्यिक प्रतिष्ठान काठमाडौं, कार्यसमिति सदस्य र वि.सं. २०६८ मा लेखका सङ्घ काठमाडौंको जिल्ला कार्य समितिमा संलग्न रही आफ्नो उच्च प्रतिभा प्रदर्शन गरेको पाइन्छ ।

यसरी केशरी अम्गाईको साहित्य यात्राको दोस्रो चरण पुस्तकहरूको प्रकाशन, व्यापारिक र सामाजिक व्यक्तित्वको विकास आदिबाट सम्पन्न भएको पाइन्छ । उनको यो समयावधिलाई साहित्य सिर्जनाको उर्वर समयको रूपमा लिन सकिन्छ ।

### ग) तृतीय चरण (वि.सं. २०६९-हालसम्म)

साहित्यकार केशरी अम्गाईको साहित्य यात्राको तृतीय चरण अर्थात् वि.सं. २०६९ देखि हालसम्मको अवधि लेखन र समीक्षामा केन्द्रित रहेको देखिन्छ । यस समयावधिमा उनले आफ्ना लेख तथा सिर्जनाहरूलाई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेको देखिन्छ । यस अवधिमा उनका लेख र रचनाहरूले समसामयिक सामाजिक र राजनीतिक विषयवस्तुको प्रस्तुतीकरण गरेका छन् । देशको राजनीतिक

अवस्था, जनताको अपेक्षा आदि विषयवस्तुको सन्दर्भमा उनका लेख रचनाहरू क्रियाशील देखिन्छन् ।

उनका प्रकाशित लेखरचनाहरूले उनलाई समसामयिक विषयवस्तुको चिरफार गर्न सक्ने व्यक्तिहरूको रूपमा चिनाएका छन् । **अयन** त्रैमासिक, **कलम** साहित्यिक त्रैमासिक, **निस्फिक्री** बालकथासङ्ग्रह, **नवअङ्कुरण** साहित्यिक पत्रिका, **चन्द्रागिरि** साहित्यिक त्रैमासिक, **बन्धन** कथासङ्ग्रह, 'धौला' कविता र 'समयका भोटाहरू' कथा र पत्रपत्रिकामा प्रकाशित लेखहरूको विश्लेषण र मूल्याङ्कन गर्दा उनलाई एक अथक साधकको रूपमा लिन सकिन्छ ।

यसरी सामाजिक, राजनीतिक र बालमनोविज्ञानमा आधारित विषयवस्तुहरूलाई आधार बनाएर लेखहरू लेख्ने केशरी अम्गाईको साहित्य यात्राको तेस्रो चरण लेखन र समीक्षामा सक्रिय रहको देखिन्छ ।

## ४.३ निष्कर्ष

बाल्यकाल र विद्यालय अवस्थादेखि नै लेखन कार्य र सिर्जनामा सक्रिय हुँदै आएका केशरी अम्गाईले आफ्नो साहित्य यात्रामा मौलिक र अनूदित गरी ८ ओटा पुस्तकहरू प्रकाशित गरेका छन् । अनेकौँ फुटकर रचनाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशन भएको पाइन्छ । उनका अधिकांश कृतिहरूमा राजनीतिक तथा समसामयिक सामाजिक भावना र बालमनोविज्ञानसँग सम्बन्धित विषयवस्तुहरू प्रस्फुटित भएको पाइन्छ । बहुमुखी प्रतिभाशाली व्यक्तित्व अम्गाईले साहित्य लेखन लगायत सामाजिक, व्यापारिक र अध्यापनको क्षेत्रमा पनि सक्रिय नै भएर काम गरेको पाइन्छ । अम्गाईको वि.सं. २०५१ बाट अगाडि बढेको साहित्य यात्रालाई विभिन्न तीन चरणमा विभाजन गरी विश्लेषण गरिएको छ । वि.सं. २०५५ सम्मको समय सृजना र लेखनमा अभ्यासरत रहेको देखिन्छ । त्यसै गरी वि.सं. २०६८ सम्ममा विभिन्न मौलिक सृजनाहरू प्रकाशन गरेर साहित्यिक क्षितिज फराकिलो बनाएक छन् । लेख र अप्रकाशित रचनाहरूको प्रकाशनको तयारीमा लागेको पाइन्छ । उनका मौलिक तथा विभिन्न भाषाबाट अनुवाद गरिएका अनुदित कृतिहरूले सामाजिक, राजनीतिक तथा बालमनोवैज्ञानिक विषयवस्तुलाई आत्मसात गरेको पाइन्छ ।

# परिच्छेद : पाँच

# साहित्यकार केशरी अम्गाईका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन

# परिच्छेद : पाँच

# साहित्यकार केशरी अम्गाईका मौलिक साहित्यिक कृतिहरूको अध्ययन

## ५.१ परिचय

केशरी अम्गाई गोरखाका साहित्यकार हुन् । उनको जन्मथलो गोरखा भए पनि काठमाडौंलाई कर्मथलो बनाएका छन् । उनको प्रगतिशील साहित्यको साहित्यकर्मीहरूले प्रशंसा गरेको पाइन्छ । अध्यापन, सामाजिक र व्यापारिक क्षेत्रमा समेत उल्लेख्य भूमिका निर्वाह गरेका केशरी अम्गाईले आफ्नो लेखन यात्रामा साहित्यिक र साहित्येतर गरी आठवटा कृतिहरू प्रकाशित गरेका छन् भने दुईओटा कृतिहरू प्रकाशनको तयारीमा रहेका छन् ( शोधनायकसँगको अन्तर्वार्ताअनुसार) । उनका मौलिक कृतिहरूमा **युद्धक्षेत्र** (२०५६) उपन्यास, **सुकेको मुढो** (२०६०) कथासङ्ग्रह र **सपनाको दाहसंस्कार** (२०६८) कथा सङ्ग्रह रहेका छन् ।

अनुवादको क्षेत्रमा पनि केशरी अम्गाईले कलम चलाएका छन् । उनका अनूदित साहित्यिक पुस्तकाकार कृतिहरूमा **लोलिता** (२०५९) उपन्यास, **एसियाली लोककथाहरू** (२०६३), **विश्वका लोक कथाहरू** (२०६३), **विश्व प्रसिद्ध लोक कथाहरू** भाग-१ र **विश्व प्रसिद्ध लोक कथाहरू** भाग-२ (२०६५) रहेका छन् । साहित्यकार केशरी अम्गाईले प्रकाशित गरेका कृतिहरूलाई मूल्याङ्कन गर्दा उनका कृतिहरूले सामाजिक, राजनीतिक, आर्थिक र साहित्यिक स्थान ओगटेको पाइन्छ । साहित्यिक स्थान ओगट्न सफल **युद्धक्षेत्र** (२०५६) उपन्यास, **सुकेको मूढो** (२०६०) कथासङ्ग्रह र **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रहको निम्न अनुसार विवेचना गरिएको छ भने अन्य अनूदित कृतिहरूको सामान्य परिचय र फुटकर कृतिहरूको कालक्रमिक सूची प्रस्तुत गरिएको छ ।

## ५.२ युद्धक्षेत्र उपन्यासको अध्ययन

केशरी अम्गाई जनपक्षीय प्रगतिवादी साहित्यकार हुन् । उनका लेखरचनाहरूमा प्रगतिवादी साहित्यिकारहरूको विशेष प्रभाव गरेको पाइन्छ । विसङ्गत अवस्थाको विरुद्ध र

उत्पीडित समाजको अन्त्य गरी स्वस्थ र सबल सामाजको निर्माण गर्ने क्रममा प्रस्तुत उपन्यास **युद्ध क्षेत्र** रहेको देखिन्छ (पोखरेल, २०६० : भूमिका) । तत्कालीन सामाजिक परिस्थितिलाई चित्रण गरी लेखिएको युद्धक्षेत्र उपन्यासलाई शीर्षक, संरचना, कथावस्तु, पात्र, संवाद, परिवेश, भाषाशैली र उद्देश्यजस्ता उपन्यास तत्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

## ५.२.१ शीर्षक

शीर्षक उपन्यास कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटक समेत हो । रचनाकृति आदिको मुख्य नाम वा टाउकोलाई शीर्षक भनिन्छ (शर्मा नेपाल, २०५८ : १२४९) । प्रत्येक कृतिको शिरमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण हुन्छ । हरेक लेखकले शीर्षकलाई आधा रचना नै मान्ने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामकरण खुबै विचारका साथ गरेको पाइन्छ (शर्मा, २०५६ : ३०२) । **युद्धक्षेत्र** (२०५६) उपन्यास केशरी अम्गाईको पहिलो सृजनात्मक साहित्यिक रचना हो । यो वि.सं. २०५६ मा प्रकाशन भएको हो । यसमा आफ्नो जीविका चलाउन विदेशी भूमिको रक्षाको लागि लडिदिनुपर्ने नेपालीहरूको कटुयथार्थको चित्रण वर्गीय पक्षधरता, कुरूप सामाजिक यथार्थको चित्रण र सङ्गठित क्रान्तिद्वारा वर्गीय मुक्तिको आकाङ्क्षाजस्ता प्रस्तुतिको कारण उपन्यासको शीर्षक सार्थक बन्न पुगेको छ (शर्मा, २०६६ : भूमिका) ।

नेपाली युवाहरू बेरोजगारी समस्याले आक्रान्त छन् । रोजगारीका लागि विदेशिनु परेको छ । विदेशी भूमिको रक्षाको लागि प्राणको बाजी थापी युद्धमा होमिनु परेको कारण शीर्षक सापेक्ष बन्न पुगेको छ ।

## ५.२.२ संरचना

कुनै पनि वस्तुविशेषको वनावट वा ढाँचालाई संरचना भनिन्छ (शर्मा नेपाल, २०५८ : १३५५) । कुनै वस्तुको बाहिरी ढाँचा, आकार प्रकार, आकृति,रूपाकृति, प्रतिकृति आदिलाई संरचना भनिन्छ (अधिकारी र भट्टराई, २०६३ : ९५२) । **युद्धक्षेत्र** (२०५६) उपन्यास

सृजनशील प्रकाशनले २०५६ सालमा प्रकाशन गरेको ५८ पृष्ठको आयाममा विस्तार गरिएको छ, जसमा रहेका विषयवस्तुलाई २ खण्डमा विभाजन गरिएको छ । प्रकाशन सङ्ख्या नराखिएको कृतिमा मातृका पोखरेलले २०५६/७/१ मा युद्धक्षेत्रको मैदान हेर्दा भनेर भूमिका लेखेका छन् । प्रथमखण्डका विषय वस्तुलाई ९ भागमा र दोस्रो खण्डका विषयवस्तुलाई १४ भागमा विभक्त गरिएको छ । तत्कालीन राजनैतिक तथा सामाजिक विषयवस्तुलाई आधार मानी रचना गरिएको प्रस्तुत उपन्यासको संरचनापक्ष सफल देखिन्छ ।

## ५.२.३ कथावस्तु

कथावस्तु भन्नाले कथानक वा कथाकार भन्ने बुझिन्छ (शर्मा नेपाल, २०५८ : २२०) । विशेषतः कथानक शब्दले कथाको स्थूल र सबल तत्वको बोध गराउँछ । जसरी एउटा मालीले फूलका विभिन्न आकार प्रकार र ढङ्ग ढाँचा मिलाई फूलको माला गुन्दछ त्यसरी नै एउटा सफल कथाकाले आवश्यक घटनाक्रमको आधारमा कथावस्तुको संरचना गर्दछ (थापा, २०४७ : १५३) ।

**युद्धक्षेत्र** (२०५६) उपन्यास प्रगतिशील विचारधाराबाट प्रेरित भएको छ । उपन्यासमा प्रकाशित विषयवस्तु तत्कालीन सामाजिक र राजनैतिक विषयवस्तु नै हुन् । उपन्यासमा प्रस्तुत कथावस्तु रैखिक ढाँचामा सिर्जना गरिएको छ, जसमा प्रस्तुत घटनाक्रमलाई आदि, मध्य र अन्त्यको सिलसिलेवार क्रममा प्रस्तुत गरिएको छ । कथावस्तुको आदि खण्डमा भारतको विस्तारवादी कार्यको लागि नेपाली युवाहरू प्रयोग हुने गरेको कटु यथार्थ, भारतद्वारा श्रीलङ्काको भूमिमा स्वायत्तताको माग गर्दै अगाडि बढेका स्वदेशी उत्पीडित वर्गको दमनको लागि गरिएको सहयोग र यसबाट तामिल जनताको दर्दनाक हत्याका शृङ्खलाहरूलाई उपन्यासको कथावस्तुमा यसरी प्रस्तुत गरिएको छ :

> "तामिल विद्रोहीहरूलाई दबाउनका लागि श्रीलङ्काली सरकारको अनुरोधमा भारत सरकारको सहयोग गर्ने निर्णय अनुरूप हाम्रो बटालीयन नोभेम्बरको पहिलो तारिखमा युद्धक्षेत्रमा लाग्नुपर्ने तार आइपुगेको छ" (पृ. २) ।

जनताको तर्फबाट गरिएको सङ्घर्ष सामाजिक शोषण, अन्याय, अत्याचार, निम्न वर्गीय दुःखित जनताको अवस्था आदि विषयवस्तुलाई कथावस्तुको मध्य भागमा व्याख्या विस्तार गरिएको छ ।

"युद्धको समाप्तिपछि खुलेको छुट्टीमा रामबहादुर तीन महिनाको छुट्टी मिलाई साथी हरिकृष्ण र घेदुङ्गका साथ घरका आवश्यक सामग्रीहरू खरिद गर्न दरभंगा बजारमा निस्कन्छन् (पृ. १९) ।"

सामन्तवादको प्रतिनिधित्व गर्दै रमाकान्त र उसैद्वारा राज्यको पुलिस प्रशासन आएको छ । गाउँका उत्पादनमुखी भूमि आफ्नो हातमा लिएको सामन्ती रमाकान्तको हैकम, शोषण र अत्याचारलाई सम्पूर्ण जनताले सहनु पर्ने कुरा यसरी देखाइएको छ :

"तपाई नआत्तीनोस् न रमाकान्तजी हामी आजै त्यस मास्टर भनाउँदोलाई पक्रिएर ठीक परिहाल्छौँ नि," (पृ. ३३) ।

यसै गरी उसैको निगाहमा बाँच्नुपर्ने कुरूप यथार्थलाई देखाउँदै शोषणको चरम अवस्थापछि निम्न वर्गीय जनतामा जागेको विद्रोहको स्वरलाई प्रस्तुत गरिएको छ । मास्टर जस्ता बुद्धिजीवी वर्गको चेतना र रामबहादुर जस्ता उत्पीडित र जागरुक वर्गको सङ्घर्षबाट नै शोषण रहित समाजको निर्माण गर्न सकिन्छ भन्ने विषयवस्तु कथावस्तुमा प्रस्तुत गरिएको छ ।

निम्नवर्गीय दुःखित जनताको वास्तविक अवस्था, बेरोजगार नेपाली युवाहरूको विवशता र सामाजिक शोषण, अन्याय र अत्याचारको सन्दर्भ समावेश गरी उपन्यास लेख्ने अम्गाईको यो उपन्यासमा सामाजिक र राजनैतिक विषय नै बढी मौलाएको पाइन्छ । परिस्थितिको चित्रण गरी आफ्ना निजात्मक विचार भाव प्रस्तुत भएको **युद्धक्षेत्र** उपन्यास कथावस्तुको दृष्टिले सबल नै मानिन्छ ।

## ५.२.४ पात्र/चरित्र

उपन्यासको कथावस्तुमा विभिन्न भूमिका निर्वाह गर्न उपस्थित व्यक्ति विशेषलाई पात्र वा चरित्र भनिन्छ । कथावस्तुलाई सशक्त रूपमा उर्जा थप्ने काममा पात्रको स्थान

महत्त्वपूर्ण रहन्छ । कथावस्तु समाजको इतिवृत्त हो भने पात्र त्यस इतिवृत्त घटनाको प्रतिनिधि र पात्रको चरित्र उसको जीवन शैली हो (शर्मा नेपाल, २०५८ : ५) ।

केशरी अम्गाईले वि.सं. २०५६ भदा अघि लेखेका विभिन्न विषयवस्तुलाई आधार मानी **युद्धक्षेत्र** उपन्यासको नामबाट प्रकाशित गरिएको छ । यसमा उच्च वर्ग र निम्न वर्गका पात्रहरूको उपस्थिति देखाइएको छ । उपन्यासको कथावस्तुमा व्यक्तिगत चरित्रका पात्र नभएर वर्गीय चरित्रका पात्रहरूको उपस्थिति गराइएको छ । कथावस्तुमा रामबहादुर, सानी, आमा, रमाइली, हरिकृष्ण र घेदुङ् जस्ता पात्रहरूले निम्न वर्गीय चरित्रका पात्रहरूको प्रतिनिधित्व गरेका छन् भने रमाकान्त र पुलिस प्रशासनले उच्च वर्गका पात्रहरूको पक्ष पोषण गरेको पाइन्छ । निम्न वर्गीय पात्रहरूले आफ्नो वर्गीय मुक्तिको लागि सङ्घर्ष गर्ने र अन्याय अत्याचार हटाउनका लागि अग्रसर भएको प्रसङ्ग कथावस्तुमा उपन्यासकारले प्रस्तुत गरेका छन् । आफ्नो अधिकार प्राप्तिको लागि निम्न वर्गीय पात्रले सङ्घर्ष गरेको सन्दर्भ र प्रसङ्गलाई प्रस्तुत गरेर वर्गसङ्घर्षको नमुना देखाएका छन् । पात्र विधानका दृष्टिकोणबाट हेर्दा केशरी अम्गाईको **युद्धक्षेत्र** उपन्यास सबल देखिन्छ । यस उपन्यासमा उपस्थित पात्रहरूलाई तल प्रस्तुत गरिएको छ :

| सि.नं. | पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना |
|---|---|---|---|---|---|---|
| १ | रमाकान्त | पुरुष | प्रमुख | प्रतिकूल | गतिशील | वर्गगत |
| २ | पुलिस/प्रशासन | पुरुष | सहायक | अनुकूल | गतिहीन | वर्गगत |
| ३ | रामबहादुर | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत |
| ४ | सानी | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| ५ | रमाइली | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| ६ | आमा | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| ७ | हरिकृष्ण | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| ८ | घेदुङ | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| ९ | मास्टर | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत |
| १० | धनबहादुर | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | जितबहादुर | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| १२ | श्यामबहादुर | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| १३ | सीता | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| १४ | सावित्री | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत |
| १५ | काइला दमै | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत |

**युद्धक्षेत्र** (२०५६) उपन्यासको प्रमुख पात्र रमाकान्त हुन् । उनी पुरुष पात्र हुन् । उपन्यासमा उनको प्रवृत्ति अनुकूल प्रतिकूल दुवै देखिन्छ । उनी गतिशील स्वभावका छन् र उनको जीवन चेतना वर्गगत रहेको छ । यस उपन्यासमा रहेको पात्रहरूमध्ये पुलिस प्रशासन, मास्टर र रामबहादुरले सहायक पात्रको भूमिका निर्वाह गरेका छन् । त्यसैगरी अन्य गौण पात्रको भूमिका निर्वाह गरेका छन् । त्यसैगरी अन्य गौण पात्रको रूपमा ११ जना पात्रको उपस्थिति रहेको छ, जसमा ६ जना पुरुष ५ जना महिला पात्रहरू रहेका छन् । प्रायः सबै पात्रहरूको जीवन चेतना वर्गगत नै रहेको छ ।

## ५.२.५ संवाद

उपन्यासमा प्रस्तुत गरिएको कथावस्तुलाई गतिशील पात्रलाई क्रियाशील र विषयवस्तुलाई संवेदनशील बनाउनमा संवादको महत्त्वपूर्ण र विशिष्ट स्थान रहन्छ । यस आधारमा संवाद अर्थपूर्ण, सारपूर्ण र प्रभावपूर्ण हुनु आवश्यक छ (थापा, २०४७ : १७१) । संवाद भन्नाले दोहोरो कुराकानी वा चर्चा परिचर्चा भन्ने बुझिन्छ । संवादले उपन्यासमा प्रस्तुत गरिएको कथावस्तुलाई रोचक, सजीवता र कुतुहल उत्पन्न गराउने काम गर्दछ ।

संवादको आधारबाट हेर्दा केशरी अम्गाईको **युद्धक्षेत्र** उपन्यासमा सामाजिक युद्धको क्रममा उच्चवर्ग र निम्न वर्गीय पात्रहरू बिच संवाद चलेको देखिन्छ । उच्च वर्गीय पात्रको संवादात्मक प्रस्तुतिलाई यसरी देखाउन सकिन्छ :

> "हवलदार साप ! मास्टरलाई चरित्र हत्या गरेर समाजबाट हटाउने षड्यन्त्र पनि काम लागेन अब त अर्कै उपाय गर्नु पर्ला जस्तो छ । त्यो मास्टर भन्नृ जन्तु पनि लवस्तरै रहेछ रमाकान्त जी, समाजमा त्यत्रो बेइजजती भएपछि गाउँ छाडेर जाला

भनेको त लौ फरी यहीँ बस्यो बा" कुखुराको सपेटा टोक्दै हवल्दारले बोल्यो (पृ. ५१) ।

कथावस्तुमा निम्न वर्गीय पात्रहरूले आफ्नो वर्गीय मुक्तिको चाहना प्रकट गरेको पाइन्छ । निम्न वर्गीय ग्रामीण परिवेशका दुःखित र पीडित पात्रहरूको संवादात्मक प्रस्तुतिलाई विशेष महत्त्व दिइएको छ :

"जिउँदै लास बनेको यो जीवन कसको लागि बाँच्नु छ र ?" रामुले निराशा व्यक्त गऱ्यो । "के मास्टर तपाईको केही होइनन् ? के हामी तपाईको कोही होइनौं ?" रमाइलीले रुन्चे अनुहार लगाई (पृ. ३०) ।

संवादको दृष्टिकोणबाट हेर्दा **युद्धक्षेत्र** उपन्यास सबल रहेको पाइन्छ ।

## ५.२.६ परिवेश

उपन्यासको परिवेशले परिस्थिति तथा वातावरणको बोध गराउँछ । यसले कथानक र पात्रहरूको चरित्रलाई विस्तार गर्दछ । अम्गाईको **युद्धक्षेत्र** उपन्यासमा निम्न वर्गीय नेपालीहरूको आफ्नो परिवेशको गुजारा चलाउन विदेशनु पर्ने बाध्यता, आफू विदेशिएपछि परिवारजनप्रति हुने शोषण अन्याय र अत्याचारलाई तत्कालीन सामाजिक परिवेशको रूपमा यसरी प्रस्तुत गरिएको छ :

"नयाँ वस्तीको पुछार घरको आँगनमा एउटा गह्रौं झोला बोकेको र एउटा भारी बोकेको मान्छे उक्लिन्छ" (पृ. २१) ।

उपन्यासको कथावस्तुमा तत्कालिन राजनीतिक सामाजिक परिवेश र वर्गीय आन्दोलनबाट वर्गीय मुक्ति र सामन्तवादको अन्त्य गर्न सकिने परिवेशको प्रस्तुतीकरण यसरी गरिएको छ :

"दिउँसो माननिङको खोजीमा र अनुसन्धानमा हिँड्नु छ मेजरसाबसँग" (पृ. ६) ।

## ५.२.७ भाषाशैली

श्रोता र पाठकले उपन्यासको कथावस्तुको वास्तविक मर्म भाषाकै माध्यमबाट प्राप्त गर्दछ । भाषाको माध्यमबाट उपन्यासकारले उपन्यासका विभिन्न भाव तथा विचारलाई

पाठक सामु प्रस्तुत गर्दछ । भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको प्रकार हो । कस्ता शब्द र वाक्यमा कसरी रचनालाई अभिव्यक्त गर्ने भन्ने विषय नै शैली हो । उपन्यासमा सरल, सहज र स्वभाविक भाषाशैलीको अपेक्षा गरिन्छ ।

भाषिक शैलीशिल्पका आधारमा युद्धक्षेत्र उपन्यासको कथावस्तुको सकारात्मक प्रभाव परेको देखिन्छ । वाक्य रचना, व्याकरणगत र भाषिक शुद्धता तथा प्रसङ्ग अनुसारकाा सान्दर्भिक उखानटुक्काको प्रयोग र सन्देशमूलक अभिव्यक्तिले उपन्यासको भाषाशैलीलाई स्तरीय बनाएको छ । मनको लड्डु घिउसँग खानु, गाउँघरको रमझमलाई सम्झेर के झक्राउनु (पृ. २), बाँचे धनको थुप्रो, मरे हाडको थुप्रो (पृ. १), वल्लो घाट न पल्लो तिर (पृ. १२) र छोरी कुटेर बुहारी तर्साउने (पृ. ५४) जस्ता उखान र भनाइले भाषालाई बोधगम्य बनाएको छ ।

## ५.२.८ उद्देश्य

जीवनका मार्मिक अनुभूतिलाई अभिव्यक्त गर्न उपन्यासको उद्देश्य अनुसार उपन्यासको गठन गरिनु पर्दछ र एउटा न एउटा उपन्यासको उद्देश्य पनि हुनु आवश्यक मानिन्छ । **युद्धक्षेत्र** उपन्यासमा शोषणयुक्त, सामाजिक अवस्था सामन्तहरूको थिचोमिचो यसरी प्रस्तुत भएको छ :

> "यहाँको कानून भनेको रमाकान्त हुन्, उनले चाहे भने कसैलाई भात पनि कट्टा गरिदिन सक्छन, गाउँबाट उठीबास लगाउन सक्छन्, पक्राउ गराउन सक्छन्," (पृ. ४२) ।

यो यथार्थ रहेकाले आर्थिक सांस्कृतिक सामाजिक शोषणको विरुद्धमा सङ्गठित रूपमा लडेर नयाँ नेपालको निर्माण गर्नु पर्ने उद्देश्य राखिएको छ । उपन्यासकारको उद्देश्य नै गरिब र निमुखाहरूको उद्धार र उत्थान गर्नुपर्ने अवस्थालाई यसरी देखाइएको छ :

> "गाउलेहरू रमाकान्तको मुख ताक्न र दुःख पर्दा रमाकान्तको अगाडि हात पसार्न आउनकम हुँदै गयो र आफै सँग भएको स्रोतबाट समाधान गर्ने बानीको विकास हुँदै गएको थियो (पृ. ५८) ।"

यिनै विविध कारणले उद्देश्यका दृष्टिकोणबाट उपन्यास सफल नै मानिन्छ ।

## ५.२.९ निष्कर्ष

**युद्धक्षेत्र** (२०५६) उपन्यास प्रगतिशील विचारधाराबाट प्रेरित छ । साहित्य समाज परिवर्तनको साधन हो । यसको सामाजिक महत्त्व हुन्छ । तसर्थ यस उपन्यासले पनि समाज परिवर्तनको अपेक्षा गरेको देखिन्छ । यस उपन्यासमा समाविष्ट कथावस्तुले विदेशी भूमिको लागि लड्ने रामबहादुर आफ्नो देशको शोषण, अन्याय र अत्याचारको विरुद्धमा लड्ने क्रान्तिकारी चरित्रमा विकसित भएको छ । देशको अवनति र गरिबीको मूलकारक समाजमा शदीयौँदेखि जरा गाडेर बसेको सामन्तवादी प्रवृत्तिलाई प्रदर्शन गरिएको छ । निम्न वर्गको गरिबीको फाइदा उठाउँदै सम्पूर्ण तवरले गरिएको शोषणका साङ्लाहरू चुँडाउन सशस्त्र र सङ्गठित सङ्घर्षको अपरिहार्यतालाई उपन्यासले उद्घाटित गरेको छ (शर्मा, २०६६ : ५३) ।

उखान टुक्का र सन्देशमूलक भाषा र प्रयुक्त वाक्यहरूले भाषाशैलीलाई सरल र सरस बनाएका छन् । उपन्यासमा सामन्तवादको प्रतिनिधित्व गर्दै रमाकान्त र उसैद्वारा राज्यको पुलिस प्रशासन आउनु गाउँका उत्पादन मुखी भूमि आफ्नो हातमा लिएर सामन्ती प्रवीत्तको रमाकान्तको हैकम, शोषण, अन्याय र अत्याचारलाई सम्पूर्ण जनताले सहनुपर्ने र उसैको निगाहामा बाँच्नुपर्ने कुरूप यथार्थलाई यस उपन्यासमा देखाउँदै शोषणको चरम अवस्थापछि निम्न वर्गीय जनतामा जागृत विद्रोहको स्वर प्रस्फुटित भएको छ । तत्कालीन सामाजिक र राजनैतिक विषयवस्तुलाई चित्रण गर्न उपन्यास सफल देखिन्छ । उपन्यासको कथावस्तुमा दुःखित पीडित जनताको आवाज मुखरित भएको छ । उपन्यासमा विचार पक्ष सबल र सक्षम देखिन्छ । गरिबीमा बाँच्न विवश नेपालीहरूको नीयतिको विश्लेषण गरिएको छ । उपन्यासको अध्ययनको आधारमा वर्णित तत्त्वहरू शीर्षक, संरचना, कथावस्तु, पात्र, संवाद, परिवेश, भाषाशैली र उद्देश्यको आधारमा हेर्दा उपन्यास समय सापेक्ष, पठनीय र सन्देशमूलक रहेको छ । तत्कालीन परिवेशमा सिर्जित व्यवस्थाको विरोध गरी जनताको पक्षमा विचार र भावना सिर्जना गर्नुलाई उपन्यासको उपलब्धि मान्नुपर्छ ।

## ५.३ सुकेको मूढो कथासङ्ग्रहको अध्ययन

नेपाली साहित्यको फाँटमा चिरपरिचित प्रगतिशील स्रष्टा केशरी अम्गाई बहुआयामिक व्यक्तित्वका धनी हुन् । बहुमुखी प्रतिभाका धनी केशरी अम्गाईले साहित्य

लगायत सामाजिक, व्यापारिक, शैक्षिक क्षेत्रमा पनि योगदान गरेका छन् । विशेष गरी साहित्यिक क्षेत्रमा फुटकर कविता, कथा र उपन्यास लेखनमा कलम चलाएका अम्गाईले अनुवादको क्षेत्रमा पनि चर्चित नै छन् । उनले मौलिक र अनूदित गरी आठवटा कृतिहरू प्रकाशित गरेका छन् । **सुकेको मुढो** (२०६०) कथासङ्ग्रह प्रकाशन गरी थाकारको रूपमा स्थापित हुन पुगेका छन् । वि.सं. २०५४ श्रावणदेखि २०५८ वैशाखसम्म लेखिएको आठवटा कथाहरूको सङ्ग्रह **सुकेको मूढो** (२०६०) कथासङ्ग्रह प्रकाशन गरी कथाकारको रूपमा स्थापित भएका छन् । तत्कालीन सामाजिक परिस्थितिलाई चित्रण गरी लेखिएको **सुकेको मुढो** कथासङ्ग्रहलाई संरचना, कथावस्तु, पात्र, संवाद, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्य जस्ता कथातत्वको आधारमा यसरी विश्लेषण गर्न सकिन्छ ।

## ५.३.१ कथानक

कथानक शब्दले कथाको संरचनाका सबभन्दा स्थूल र सबल तत्वको बोध गराउँछ । (श्रेष्ठ, २०५७ : २९) । कथामाा कथावस्तुको गठन विभिन्न किसिमले गरिएको हुन सक्छ तापनि सामान्यतथा कथाकारले प्रारम्भ, विकास, कौतुहल र चरम सीमाका शृङ्खलाद्वारा कथावस्तुलाई सङ्गठित गरेको पाइन्छ (आचार्य, २०६३ : क) । **सुकेको मुढो** (२०६०) कथासङ्ग्रह प्रगतिशील विचारधाराबाट प्रेरित भएको छ । कथासङ्ग्रहमा प्रकाशित भएका कथाहरूको विषयवस्तु तत्कालीन सामाजिक र विसङ्गतिपूर्ण विषयवस्तु नै हुन् । प्रायः कथाहरूमा कतै न कतै वर्गसङ्घर्ष केन्द्रित रहेको पान्इछ । विभिन्न परिस्थितिको चित्रण गरी समाजमा घटेका र घट्न सक्ने सम्भावित विषयवस्तुलाई आफ्नो कथाको मूल विषयवस्तु बनाउनु कथाकारको विशेषता रहेको पाइन्छ ।

## ५.३.२ सुकेको मुढो कथासङ्ग्रहका कथाहरूको अध्ययन

### ५.३.२.१ संरचना

**सुकेको मुढो** कथासङ्ग्रहमा ८ ओटा कथाहरू समावेश गरिएका छन् । विवेक सिर्जनशील प्रकाशन अनामनगर काठमाडौंद्वारा वि.सं. २०६० अशोजमा प्रकाशित उक्त कथासङ्ग्रहमा रहेका कथाहरू २०५४ श्रावण देखि २०५८ वैशाखसम्म लेखिएका थिए ।

सुकेको मुढो देखाइएको रङ्गीन आवरण रहेको यस कथासङ्ग्रह ४४ पेजको आयाममा फैलिएको छ । तिनको सूची निम्नअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कथा शीर्षक | पृष्ठ | अनुच्छेद |
|---|---|---|---|
| १ | बेवारिसे लास | ३ | १० |
| २ | सन्नाटा | ६ | २५ |
| ३ | विकल्पको खोज | ३ | १२ |
| ४ | सन्त्रास | ५ | २४ |
| ५ | सुकेको मुढो | ९ | ६ खण्ड |
| ६ | विवशता | ३ | १७ |
| ७ | परिवर्तन | ५ | २७ |
| ८ | खडेरी | ४ | १८ र २ खण्ड |

संरचनाको दृष्टिले हेर्दा यस कथा सङ्ग्रहका ८ वटा कथामध्ये सबैभन्दा लामो आकारको कथा *सुकेको मुढो* हो जुन ९ पृष्ठमा संरचित छ भने छोटा आकारका दुई कथा *बेवारिसे लास* र *विवशता* ३ पृष्ठका रहेका छन् ।

## ५.३.२.२ कथावस्तु

कथावस्तुका आधारमा **सुकेको मुढो** कथा सङ्ग्रहका ८ वटा कथालाई यसरी अध्ययन गरिएको छ :

### क) बेवारिसे लास

*वेवारिसे लास* कथामा चरम सामाजिक विकृतिको सङ्गठित विरोध गरिएको छ । यस कथाको प्रमुख चरित्र बूढीलाई समाजले वेवास्ता गरेको छ । जतिखेर ऊ बिरामी परेर खाना माग्दै हिँड्दे उसलाई कुकुर लगाएर धपाइएको छ । काम गर्न नसक्ने हालतमा पनि उसलाई समाजले दायामायाँ देखाएको छैन । समाजले उसले करुण पुकार सुनेको छैन । ऊ माग्न हिँडेको समयमा समाजले उसको थाङ्ना र बच्चालाई सडकमा मिल्काइदिएको छ । बूढीको एकाबिहानै मृत्यु भए पछि उसको

बच्चा आमाको स्तन चुस्दै रोइरहेको छ । यस्तो स्थितिप्रति समाजले कुनै वास्ता नगर्नु र गरिब मानिसलाई प्रताडित बनाएको स्थिति देखाइएको छ । यो कथा सामाजिक विकृतिको रूपमा प्रस्तुत गरिएको छ । यस कथाले वर्तमान सामाजिक संरचनाको अन्त्यको आह्वान गरिएको पाइन्छ ।

### ख) सन्नाटा

*सन्नाटा* यस कथासङ्ग्रहको दोस्रो कथा हो । यसमा प्रहरी यातनाको बयान गरिएको छ । यस कथाकी वृद्ध आमाले तत्कालीन समाजले भोग्नु परेको प्रहरीजन्य नकारात्मक क्रियाकलापको वर्णन गरेकी छिन् । प्रहरीले एक छिन बाहिरजाऊँ भनी लगेको जेठो छोरो कहिल्यै नफर्किएको एक जत्था पुलिसले उसलाई निर्घात कुटेको छ र भोलिपल्ट उसलाई अधकल्चो अवस्थामा भेटिएको छ । उद्धारका लागि परिवारले हारगुहार गरेका छन् तर उद्धार गर्ने कसैले हिम्मत गरेको छैन । त्यसको बदला गाउँ त्रसित छ । प्रहरीले जेठो छोरो काल गतिले मरेको मुचुल्का बनाएको छ । त्यस घरबाट उमेर पुगेकी छोरी बेपत्ता भएकी छ । प्रहरीकै यातनाले कान्छो छोरो बेपत्ता भएको छ । उक्त कथामा गाउँमा मनपरी रूपले आतङ्क भच्चाउने वातावरण प्रति जनताहरू सचेत बन्नुपर्छ र त्यसको सक्रिय प्रतिरोध गर्नुपर्छ भन्ने निष्कर्ष रहेको पाइन्छ ।

### ग) विकल्पको खोज

*विकल्पको खोज* यस कथासङ्ग्रहको तेस्रो कथा हो । यस कथामा वर्गीय चेतना मार्फत वर्तमान समाजप्रणालीलाई अन्त्य गर्नुपर्ने विचार प्रस्तुत गरेको छ । यस कथाको रामबहादुरले वर्गीय विशेषताहरूलाई प्रस्तुत गरेको छ । उसले जनतालाई सम्झाउँदै गरिबीलाई अपराध मान्नु हुँदैन भनेको छ । बैङ्कले पनि तल्लो वर्गलाई अपराधी देख्दै आएको छ । उसले स्वार्थ पुरा भएपछि उपल्लो वर्गले तल्लो वर्गलाई उखुको खेस्टोझैँ पार्दै आएको कुरा प्रस्तुत गरेको छ । यसमा सबै श्रमिक वर्गहरू एकजुट हुन र असम्भव कुराहरू सम्भव तुल्याउन वर्गीय एकता र प्रेमको आवश्यकता पर्ने दृष्टिकोण औँल्याएको पाइन्छ ।

**घ) सन्त्रास**

*सन्त्रास* यस कथासङ्ग्रहको चौथो कथा हो । यस कथामा प्रहरीक्षेत्रको नकारात्मक क्रियाकलापको प्रतिबिम्बन गरिएको छ । यस कथाको राजेशले प्रहरीको लागि प्रहारले लडेका हजुरबाको दुःखाइको अनुभव गरेको छ । कतिसम्म भने प्रहरीले उसको पिठ्यूँमा हानेका छन् भन्ने उसलाई लागेको छ, त्यसैले उसका हातहरू पिठ्यूँमा पुगेका छन् । यस घटनाले उसलाई प्रहरीप्रति घृणा जागेको छ र प्रहरी ज्यादतीप्रति खुलेर विरोध गरिएको छ ।

**ङ) सुकेको मुढो**

*सुकेको मुढो* यस कथासङ्ग्रहको पाँचौ कथा हो । यस कथाले कथा सङ्ग्रहकै प्रतिनिधित्व गरेको छ । यसमा पनि तत्कालीन परिवेशको प्रहरी ज्यादतीको विरोध गरिएको छ । यस कथामा पहिले चरम यातना दिने त्यसपछि मृत शरीरमा आगो लगाइदिने अनि कसैले चिन्न नसकोस् भनेर मुढो जस्तोपार्ने अवस्थाको अन्त्यको माग गरिएको छ । यस कथाले कथावस्तुमा घटित घटनाक्रमको आधारमा ऊ पात्रले गाउँबाट हराएको मानिसलाई पनि प्रहरीले पिटी-पिटी मारेर आगो लगाई जङ्गलमा फालेको क्रियाकलापको वर्णन गरेको छ ।

**च) विवशता**

*विवशता* यस कथा सङ्ग्रहको छैठौँ कथा हो । यसमा आफ्नो जन्मभूमिलाई छोड्दा मानिस द्रवीभूत बन्छ भन्ने विषयवस्तु प्रस्तुत गरिएको छ । कथाका पात्र रामुले आफ्नै देशको सेवा गर्ने आदर्श लिएको छ तर गरिबीले उसलाई विदेशिने बाध्यता पारेको छ । उसले तीन दिन पछि कसैलाई थाहा नदिई घर छाड्ने निर्णय गरेको छ । उसले घर छाड्दा आँसु निकाल्दै जमिनको माटोको टीका लगाएको छ र मनले नमान्दा नमान्दै पनि विदेश हुत्तिनुपर्ने विवशता प्रदर्शन गरिएको छ । यस्तो परिस्थितिको अन्त्यको लागि गरिबहरूले वर्गसङ्घर्ष गर्नुपर्ने कुरा प्रस्ट पारिएको छ ।

**छ) परिवर्तन**

परिवर्तन यस कथासङ्ग्रहको सातौँ कथा हो । यसमा राजनीतिकर्मीको व्यावहारिक विचलनको विरोध गरिएको छ । कथाको पात्र रामबहादुरले जनप्रतिनित्रिलाई तल समस्याको कुरा गर्ने र माथि पुगेपछि काठमाडौंमा महल

टड्याएर बस्नेले जनताको समस्या बिर्सिन्छन् भनेको छ । रामुले ९१% गरिब जनताको स्तर उकास्ने लक्ष्य लिएको छ । यसले यसका लागि आमूल परिवर्तन गर्नुपर्ने निष्कर्ष निकालेको छ । यस कथाले निम्न स्तरको आर्थिक धरातलबाट आएका जन प्रतिनिधिहरूको विचलनले जनतालाई मुक्ति आन्दोलनमा ठुलो धोका पुग्ने कुराको सङ्केत गरिएको छ ।

**ज) खडेरी**

**खडेरी** यस कथासङ्ग्रहको अन्तिम तथा आठौँ कथाको रूपमा प्रस्तुत भएको छ । यसमा सरकारले आफ्नो विरोध गर्नेलाई प्रतिक्रियावादी वर्गमा राखेको छ । यस कथाको खाद्यसंरचनाले चामल सकिएको नाटक गरेको छ । चार घण्टा लाइनमा बसेका मानिसहरूले भोकै मर्ने अड्डी कसेपछि प्रहरीले उनीहरूलाई लाठीचार्ज गरेको छ । त्यही घानमा साने र सन्तवीर परेका छन् । प्रहरीले जीवन यापनका लागि चामलको लाइन बस्न बाध्य पारिएका मानिसहरूलाई आतङ्कवादीको आरोप लगाइएको छ । यसमा जनविरोधी सरकारको व्यवहारलाई विरोध गर्दै जनचेतना उठाउनुपर्ने विचार प्रस्तुत गरिएको छ ।

## ५.३.२.३ पात्र

पात्रका आधारमा 'सुकेको मुढो' कथासङ्ग्रहका कथाहरूलाई यसरी अध्ययन गर्न सकिन्छ :

**क) बेवारिसे लास**

प्रमुख पात्र- काली बूढी

सहायक पात्र - टोलवासी, बच्चा, मालिक

गौण पात्र - सुट लगाएको मान्छे, प्रहरी, टोलको केटाकेटी

यस कथाको प्रमुख चरित्र काली बूढी हुन् । उनको आर्थिक अवस्था दयनीय छ । एउटा बच्चालाई साथमा लिई शहरको घरघर भाडा माफ्दै हिँड्नु उनको नियतिनै बनेको छ । शरीरमा तागत रहुन्जेल टोलबासीले जुठोपुरो खाएर जीविको चल्छ तर जब शरीर कमजोर बन्दै जान्छ, काम गर्न सक्ने अवस्था रहँदैन र मुखमा

माड पनि लाग्दैन । यसरी काम गर्न नसक्दा भोकै पर्नु र बिरामी पर्दा उपचार पाउन नसक्नु यस कथाकी प्रमुख पात्रको विवशता नै देखिन्छ । समग्रमा यस कथाकी प्रमुख चरित्रको माध्यमबाट गरिबीले छटपटाइरहेका मानिसहरूको प्रतिनिधित्व गरेको पाइन्छ ।

**ख) सन्नाटा**

यस कथाको पात्रलाई तलको तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना |
|---|---|---|---|---|---|---|
| १ | वृद्ध आमा | महिला | प्रमुख | प्रतिकूल | गतिशील | वर्गगत |
| २ | म | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गगत |
| ३ | प्रहरी | पुरुष | सहायक | अनुकूल | गतिहीन | वर्गगत |
| ४ | साथीहरू | पुरुष | गौण | गौण | गतिशील | वर्गगत |

यसमा उपस्थित पात्रहरू माओवादी आन्दोलनको क्रममा दोहोरो चपेटामा पर्नु परेको र प्रहरी प्रशासनले यातना दिएको विषयवस्तुलाई वर्णन गरिएको छ । वृद्ध आमा यस कथाकी प्रमुख चरित्र हुन् । उनले आफ्ना उमेर पुगेका छोरालाई कुटपिट गरी मार्ने र छोरीलाई अपहरण गरेको र कान्छो छोरो विवश भई विदेशिनुपर्ने करुण पुकारको प्रस्तुति खुलस्त पारेकी छन् । उनले उक्त समयको नेपालीहरूको अवस्थाको वर्णन गरेकी छन् ।

**ग) विकल्पको खोज**

प्रमुख पात्र : रामबहादुर

सहायक पात्र : जनताहरू, चमेली, कृष्ण, धर्मरत्न

गौण पात्र : ×

यस कथाको प्रमुख चरित्र रामबहादुर हो । गरिब नेपाली जनताहरूलाई साहुले पनि नपत्याउने र बैंकले पनि ऋण नदिने अवस्थाको प्रस्तुतीकरण रामबहादुरले अभिव्यक्त गरेका छन् । आफ्नो हुँदो गर्न तल्लो र निम्न वर्गीय जनतालाई प्रयोग गर्ने अनि स्वार्थ लुटेपछि उखुको खोस्टाझैँ फ्याँक्ने प्रवृत्तिको रामबहादुरले खुलेर विरोध गरेको छ ।

**घ) सन्त्रास**

प्रमुख पात्र : राजेश

सहायक पात्र : प्रहरी, हजुरबुवा, सावित्री, माधवसर, सरला

गौण पात्र : ×

यस कथाका बाल पात्र राजेश कथावस्तुमा प्रमुख चरित्रको रूपमा उपस्थित भएको छ । बाबु माधव सरलाई पुलिस प्रशासनले रातको समयमा घरबाट चौकी जाने भनी बिच बाटैमा लगी मार्छन् र सम्पूर्ण  जनतालाई कालगतिले मरेको भनी कागज गर्न लगाउँछन् । ८७ वर्षे बुढो हजुरबुबामाथि डण्डा वर्साइन्छ । यिनै क्रियाकलापदेखि जुर्मुराउँदै प्रतिकारको भावनामा उत्रिएको बालपात्रको रूपमा उपस्थित छ, प्रमुख पात्र राजेश । उसमा पुलिसप्रति घृणा जागेर आउँछ र ढोका खोली तिनीहरूकै बन्दुक खोसी मार्ने कल्पनामा डुबी पीडा र आक्रोशले भरिएको क्षणिक स्मृतिको आवेग उत्पन्न हुन्छ ।

**ङ) सुकेको मुढो**

प्रमुख पात्र : ऊ (रामुको बाबु)

सहायक पात्र : रमेश, रामु (वालपात्र), आमा प्रहरीहरू

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र उ (रामुको बाबु) आफ्नो गरिबीको कारण जङ्गलमा जाने, दाउरा खोज्ने र बजारमा लगी दाउरा बेचेर आफ्नो र परिवारजनको जीविकोपार्जन गर्दछ । यसै क्रममा एकदिन अचानक जङ्गलको चारैतिरबाट आगोको लप्काले आफूलाई बिचमा पार्दछ । हतार हतार दाउराको भारी बोकी उम्कन खोज्दा अनायासै खुट्टामा प्रहरीहरूको गोली लाग्न पुग्छ । उसलाई आतङ्कवादीको नाममा निर्मम यातना दिने काम गरिन्छ । न आफू आतङ्कवादी हुनु न आतङ्कवादीको बारेमा केही थाहा हुनु तैपनि उसलाई दुःख दिइन्छ । यस्तै प्रहरी ज्यादतीको बारेमा यस कथामा विश्लेषण गरिएको छ । ‘ऊ’ पात्रको आफ्नै विवशता र नियतिले गर्दा जङ्गल जानु, दाउरा खोज्नु र बजारमा लगी केही दाउरा बिक्री गरेर समस्या सुल्झाउनु परेको छ । जङ्गलबाट प्रहरीको चौघेरामा परी प्रहरी

चौकीमा लगी थुनिएको छ । परिवारका सदस्यलाई आर्थिक लगायत घरायसी समस्या परेको छ । ऊ पात्रको अभाव खड्किएको छ ।

**च) विवशता**

प्रमुख पात्र : राम

सहायक पात्र : आमा, बहिनी, हरिकाका, ठल्ली

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र रामु हो । रामुलाई गरिबीले सताएको छ । १२ वर्षको आफ्नो उमेर छँदा बाबुको मृत्यु भएको थियो । रामु घर व्यवहार बोक्नुपर्ने बाध्यताले स्कुलको पढाइ छुटाउनु परेको तथा त्यसै बेलादेखि निमेक भारोपर्ममा हिँड्न थालेको हो । बाबुको काजक्रिया गर्दाको ऋण तिर्न नसकेपछि १४ वर्षको उमेरमा कामको खोजीमा भौँतारिनु परेको विवशताको विश्लेषण यस कथामा गरिएको छ । आमाको शरीरमा लगाएका कपडाहरूले ठाउँ ठाउँमा च्यातिएर पन्छन खोजिरहेको आभाष दिएको अनुभूति उसले गरेको छ । ऊ दुई वर्षदेखि आमा बहिनीलाई एकजोर कपडा पनि हालिदिन सकेको छैन । परिवारलाई राम्रोसँग खान लाउन दिन नसक्नु यस कथाको प्रमुख पात्र रामुको विवशता रहेको छ ।

**छ) परिवर्तन**

प्रमुख पात्र : रामबहादुर

सहायक पात्र : काकी, ड्राइभर, पाले, मन्त्री, दिनेश (सरला), हरि

गौण पात्र : ×

परिवर्तन कथाको चरित्र रामबहादुरले तल्लो तहमा वा निकायमा रहँदा परिर्तनको कुरा गर्ने र माथिल्लो पदमा पुगेपछि जनताको इच्छा र चाहना बिर्सने कुराप्रति राजनैतिक कर्मीहरूप्रति लक्षित व्यङ्ग्यवाण प्रहार गरेको छ । वर्गीय चरित्र रामबहादुरको आफ्नै विवशता र नियति रहेको छ । तोकिएको काम काज गर्नु र निर्देशन अनुसार चल्नु उसको बाध्यता रहेको छ । ऊ एक ड्राइभरको भूमिका निर्वाह गर्दछ । मन्त्रीको आदेश अनुसारको काम गरी आफ्नो दिनचर्या बिताउन व्यस्त देखिन्छ । परिवर्तनको नाममा जनताको अभिमत लिने तर केन्द्रमा पुगेपछि

आलीसान महल ठड्याई जनतासँगको सम्झौता बिर्सने नेतृत्वप्रति कथावस्तु लक्षित देखिन्छ ।

**ज) खडेरी**

प्रमुख पात्र : सन्तवीर

सहायक पात्र : आइतमान, साने, प्रहरी

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र सन्तवीर हो । उसले निम्न तथा कमजोर वर्गको प्रतिनिधित्व गरेको छ । यसमा निम्न वर्गीय पात्रले आफ्नो मुक्तिको लागि वर्ग सङ्घर्ष गर्नुपरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । सन्तवीरको गाउँको परिवेशलाई लामो खडेरीले आक्रान्त पारेको छ । चर्को खडेरीका कारण धेरै मानिसहरू मरिसकेका थिए । "तन्नेरीहरू बाघलाई बुढाखाडा माघलाई" भनेझैँ केटाकेटी तन्नेरी र बुढाखाडा सबैलाई एकै गास पार्ने गरी यमराजले मुख बाइरहेको थियो । वस्तीमा चर्को खडेरी पर्नु खाद्यान्न सङ्कट पर्नु र सरकारले राहत वितरण गर्न नसक्ने अवस्थाको चिरफार गरिएको छ । यसै क्रममा सन्तवीर र साने राहत लिने क्रममा लाइनमा बस्नु र आतङ्कवादीको नाममा प्रहरीले उनीहरूमाथि लाठीचार्ज गरेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ, जसको सिकार बन्न पुगेको छ सन्तवीर ।

## ५.३.२.४ संवाद

संवादका आधारमा **सुकेको मुढो** कथासङ्ग्रहका कथाहरूलाई यसरी अध्ययन गर्न सकिन्छ :

**क) बेवारिसे लास**

यसमा वर्गीय पात्र बिच संवाद चलेको पाइन्छ । "ए काली जा त्यो फोहोर कन्टेनरमा फालेर आइज" एउटा सुट लगाएको मान्छेले उसलाई काम अह्रायो (पृ. ७) । यसमा तत्कालीन सामाजिक परिवेशको उद्घाटन गरिएको छ । गरिबी, पछौटेपन र नियतिको खुलेर विश्लेषण गरिएको छ । "एउटा घरको गेटमा पुगेर दयाको भीख मागी, तर केही दिनुको सट्टा कुकुर लगाएर धपाइयो" (पृ ९) ।

**ख) सन्नाटा**

यसमा वर्गीय पात्रहरूबीच संवाद चलेको छ । जसको उदाहरणको लागि निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

"बाबु के लिन्छौ ? मकै, पीठो र गुन्द्रुक बाहेक हामीसँग केही बाँकी छैन" (पृ. ११) । जब १५ वर्षकी कान्छी छोरीलाई राक्षसहरूले वेपत्ता पारे त्यसपछि कान्छो पनि घर छाडेर हिँड्यो" (पृ. १४) । "भैहाल्यो बुवा रात काट्ने ओत दिनुभयो त्यो नै नौलाख भयो" (पृ. १२) ।

**ग) विकल्पको खोज**

यसमा निम्न वर्गीय कमजोर आर्थिक अवस्था भएका पात्रहरको संवाद यसरी चलेको छ :

"के गरिबी अपराध हो, के गरीबले बाँच्न पाउँदैन ? चाडलाई नमानौला रे तर के गरिबले उपचार गर्न पनि नपाउने ? गाउँका मालिक भनाउँदाहरू हामीलाई शत्रु देख्न पुग्छन्" (पृ. १८) । "डाँकाहरू सुरुमा यस्तै साधु बन्छन् पहिला ऋण लगेर पछि बैंक लुट्न तिमीहरू नै आउँछौ । देशको विभिन्न भागमा तिमेरु जस्तै कङ्गालहरूले त बैंक लुट्ने गरेका छन्" (पृ. १७) ।

यसमा माओवादी आन्दोलनको क्रममा गरिब नेपालीहरूले पाउनु परेको आर्थिक सङ्कट र बैंकले धितो राख्दा पनि ऋण नदिएको र गाउँघरमा साहुले समेत नपत्याउँदा उपचार समेत गर्न नपाएको करुण कहानी वर्णन गरिएको छ ।

**घ) सन्त्रास**

यस कथामा माओवादी आन्दोलनको समयमा प्रहरीद्वारा सामान्य जनतालाई दिइएको यातनाको विषयमा विभिन्न संवादहरू चलेको पाइन्छ । जसलाई उदाहरणको लागि यसरी प्रस्तुत गर्न सकिन्छ :

"राक्षसहरू छोराको मासु लुछेर नपुगेर फेरी कसको मासु लुछ्न आएका हुन् । मान्छेको मासु खान पल्लकेकाहरू अब मेरो मासु लुछ्छुन्" (पृ. १९) । "तपाईसँग केही कुराहरू बुझ्नुपर्ने हुनाले इन्सपेक्टर सापले लिन पठाउनु

भएको तपाई एकछिन गइदिनु पऱ्यो" (पृ. २०) । "यो मध्य रातमा किन ? चौकीमा भोलि बिहान आए पनि त होला नि !" (पृ. २१) ।

जनतालाई सोधपुछ भनी प्रहरी चौकी लैजाने वहानामा बिच बाटोमै विभिन्न यातना दिने र मृत्युको मुखमा समेत पारी वेपत्ता परिएको घटनाक्रमको गतिविधिलाई यस कथाको विषयवस्तुमा संवादात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**ङ) सुकेको मुढो**

यस कथावस्तुमा युद्धको बेला सर्वसाधारण जनतालाई प्रहरीहरूले दिएको कडा कारवाही र प्रहरी ज्यादतीको यसरी प्रस्तुतीकरण गर्न सकिन्छ :

"भन् साले ! तेरो अरू साथीहरू कहाँ छन् ?" एउटा प्रहरी बोल्यो । "लैजा यस सालेलाई । कस्टडीमा नलगी केही भन्दैन जस्तो छ" (पृ. ३०) ।

जङ्गलमा आगो लगाई गाउँबाट हराएका व्यक्तिलाई मुढो जस्तो पारी पोलिएको विषयवस्तुलाई कारुणिक रूपमा संवादात्मक प्रस्तुतीकरण गरिएको छ ।

**च) विवशता**

यस कथामा निम्नवर्गीय नेपालीहरूले घरव्यवहार चलाउन नसकेको र गरिबीको चपेटामा परेको विषयवस्तुलाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

कहिले होटेलको कान्छा त कहिले ठेला मजदुर भएर काठमाडौंमा व्यवहार नै राम्रो पायो न त पैसा नै कमाउन सक्यो" (पृ. ३४) । आमा र बहिनीलाई थाहै नदिई अभिभावकिय भूमिका निर्वाह गर्न र गरिबीसँग पौठेजोरी खेल्न घरछाडी विदेशीने निर्णय गर्दै रामु निष्पट्ट अन्धकारमा घरभित्रबाट विस्तारै ढोका खोलेर बाहिर निस्क्यो । "पछाडि खाईको जस्तो झोला भिरेको उक्त छाँया भैँसीको गोठमा गयो अनि आँगनको डिलमा उभिएर घरतर्फ फर्कँदै केहीबेर हेऱ्यो, निहुरेर आँगनको माटो एक चिम्टी लियो, निधारमा लायो र बर्रर आँसु झारेर तगराको सिँढी ओर्लियो" (पृ. ३५) ।

यसरी निम्न वर्गीय गरिब नेपालीहरूको दैनिक निर्वाह गर्न नसक्नु र विदेशीनु पर्ने बाध्यात्मक अवस्थाको विषयवस्तुलाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**छ) परिवर्तन**

यसमा दिनेश र मन्त्रीकी श्रीमती सरलाको बिचमा भएको अर्थात् निम्न वर्गीय गरिब जनता र जनताको प्रतिनिधिको रूपमा रहेका नेतृत्व परिवारसँगको संवादात्मक प्रस्तुतिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

> "जे होस् तपाईमा निकै परिवर्तन देख्न पाइयो । एउटै वर्गको मान्छेमा यसरी प्रगति देख्न पाउनु खुशीकै कुरो मान्नुपर्छ" (पृ. ३९) । "सधैँ सिद्धान्त र आदर्शलाई मात्र काखी च्यापेर बाँच्नु निकै कठीन रहेछ । समय र परिस्थितिले मान्छेलाई इच्छा विरुद्धको काम गर्न पनि बाध्य पार्ने रहेछ" (पृ. ४०) ।

दिनेश र सरला बिचको कुराकानीले युवा पुस्तामा जोश जाँगर हुनुपर्ने र आफ्नो कर्तव्य पुरा गर्न सक्रिय हुनु पर्ने विषयवस्तु पनि उजागर गरेको छ ।

**ज) खडेरी**

यसमा निम्न वर्गीय गरिब नेपालीहरू बिच भएको कुराकानीलाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

> "खै काका अबो त सासछँदै चिहान खननु पर्ला जस्तो छ" (पृ. ४२) । आइतमानले आफूभित्र को निराशा र केही नभेटिएको अनि नभेटिने भाव व्यक्त गऱ्यो । अब आश उचैतिरको मात्र छ के भाको एक पटक आतंक्षमा पुगेनौ आफू पाको भएको नाताले सन्तविरले उत्तर दियो" (पृ. ४३) ।

खडेरीले भोकमरी लाग्नु खाद्यसंकटले पिडा ग्रस्त भएको अवस्थालाई कथावस्तुमा संवादको रूपमा प्रस्तुत गरिएको यस कथाले निम्न वर्गीय गरिब नेपालीहरूको कारुणिक अवस्थाको जग्जाहेर गरेको छ । संवादको दृष्टिकोणबाट वर्गीय र दुःखित पीडित नेपालीहरूको प्रस्तुतिका कारण यो कथा सङ्ग्रह सबल देखिन्छ ।

## ५.३.२.५ देश काल र परिस्थिति

देश भन्नाले स्थान काल भन्नाले समय र परिस्थिति भन्नाले वातावरणलाई सङ्केत गर्दछ । वातावरणलाई कथाको पृष्ठभूमि पनि मानिन्छ । कथामा वर्णित घटना वा परिस्थितिको एउटा धरातल हुन्छ । त्यस धरातललाई भौतिक र मानसिक धरातलको रूपमा

लिन सकिन्छ । यसैको समष्टिरूपलाई नै वातावरण भनिन्छ (थापा, २०४७ : १७७) । देशकाल अथवा समसामयिक एवं भौगोलिक आदि कुरालाई वातावरण भित्र राख्न सकिन्छ तर वातावरण मूलतः कथानक र पात्रहरूको चरित्रलाई विस्तार गर्ने साधन मात्र हो (थापा, २०४७ : १८३) ।

केशरी अम्गाईले २०५४ सालदेखि २०५८ सालसम्म लेखेका कथाहरूको सङ्ग्रह **सुकेको मुढो** कथाले तत्कालीन सामाजिक र राजनैतिक परिवेशलाई चित्रण गरेको छ । कथाकारले सामाजिक उत्पीडन, गरिबी र राजनीतिक थिचोमिचोको खुलेर वर्णन गरेका छन् । कथाकारले तत्कालीन राजनीतिक व्यवस्थामा प्रहरी प्रशासनले जनतालाई दिएको दुःख र यातनाको विश्लेषण गरेका छन् । त्यसै गरी सामाजिक विकृति, विसङ्गति पछौटेपन उत्पीडन र दमनको कथावस्तुमा चर्चा गरिएको छ ।

## ५.३.२.६ भाषाशैली

कुनै पनि विचार वा भाव अभिव्यक्त गर्ने माध्यमलाई भाषा भनिन्छ । कथामा पात्रगत विषयगत सीमितता र वस्तुगत तीव्रता हुने हुनाले तदनुकूल भाषामा सङ्क्षिप्तता सहजता र सरसता हुनु आवश्यक छ । विषयान्तर र विषय विस्तार भयो भने कथाको प्रभाव र प्रवाह शिथिल हुन्छ । कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो (थापा, २०४७ : १७२) । कथामा प्रस्तुत गरिएको भाषाशैलीले कथावस्तुलाई सरल, सरस र स्वभाविक बनाउने काम गर्दछ । भाषाशैली साहित्यिक अभिव्यक्तिको माध्यम तथा प्रकार हो ।

भाषिक शैली शिल्पका आधारमा **सुकेको मुढो** कथासङ्ग्रहका प्रायः सबै कथाहरू प्रभावित देखिन्छन् । कथाहरूमा अम्गाईले सरल र मिठासपूर्ण भाषाशैलीको प्रयोग गरी कथालाई सिङ्गार्ने र जीवन्तता दिने काम गरेका छन् । सान्दर्भिक उखान टुक्का र विभिन्न सन्देशमूलक अभिव्यक्तिको प्रस्तुतिले भाषा शैलीलाई स्तरीय बनाएको देखिन्छ ।

## ५.३.२.७ उद्देश्य

जीवनका मार्मिक अनुभूतिलाई अभिव्यक्त गर्न कथाको उद्देश्य अनुसार कथाको गठन गरिनु पर्छ र एउटा न एउटा उद्देश्य हुनु पनि पर्छ । कथामा उद्देश्य त हुन्छ नै तर

कथालाई प्रभावमूलक स्वरूप दिन उद्देश्यलाई प्रत्यक्ष अभिव्यक्ति गर्न हुँदैन । त्यसैले कथामा विचार वा अनुभूतिको प्रस्तुति अप्रत्यक्ष हुनु आवश्यक छ (थापा, २०४७ : १७२) । **सुकेको मूढो** कथासङ्ग्रहमा रहेको कथाहरूमा शोषणयुक्त सामाजिक अवस्था तत्कालीन शासक वर्गबाट भएका कुकृत्यहरू, वर्गसङ्घर्ष र आशावादी दृष्टिकोण आदि विविध विषयवस्तु समेटिएको कारण समाजमा अन्याय अत्याचार गर्ने प्रवृत्तिको विद्रोह गर्नुपर्ने उद्देश्य प्रस्तुत गरिएको छ । प्रायः कथाहरूले वर्गसङ्घर्षको दौडानमा निम्न वर्गीय पात्रहरूले शोषण र दमनको विद्रोहमा बुलन्द आवाज निकालेको देखाइएको छ । कथाकारको उद्देश्यले गरिब र निमुखा जनताको उद्धार र उथान गर्नुपर्ने भएकाले उद्देश्यका दृष्टिकोणले कथासङ्ग्रह सफल मानिन्छ । *विकल्पको खोज* कथामा वर्तमान समाज प्रणालीको अन्त्यको उद्देश्य राखिएको छ । *सन्त्रास* कथामा तत्कालीन शाषन प्रणालीको प्रहरी दमनको खुलेर विरोध गरिएको छ । त्यसैगरी परिवर्तन कथामा राजनीति कर्मीको व्यावहारिक विचलनको विद्रोहको उद्देश्य राखिएको छ । बाँकी सबै कथाहरूले निमुखा र गरिब जनताहरूको उत्थान गर्नुपर्ने सार नै उद्देश्य राखिएको प्रस्ट हुन्छ । यसरी उद्देश्यको दृष्टिकोणबाट **सुकेको मुढो** कथा सफल देखिन्छ ।

## ५.३.३ निष्कर्ष

**सुकेको मूढो** कथा सङ्ग्रहमा प्रकाशित सम्पूर्ण कथाहरू प्रगतिशील विचारधाराबाट प्रेरित छन् । साहित्य समाज रूपान्तरणको ऐना हो । यसको सामाजिक महत्त्व हुन्छ । प्रस्तुत कथाले सामाजिक विकृति, विसङ्गति, वर्ग सङ्घर्ष, शोषणयुक्त समाज, सामाजिक संरचनाको विरोध र तत्कालीन शासन सत्ताका प्रहरी प्रशासनको ज्यादतीको खुलेर विरोध आदि विषयस्तुमाथि चित्रण गरेको पाइन्छ । सान्दर्भिक उखान टुक्का र सन्देशमूलक अभिव्यक्तिले कथावस्तुलाई मधुर र मिठासपूर्ण बनाएको पाइन्छ । कथावस्तुमा भाव र कलापक्षभन्दा विचार पक्ष सबल रहेको पाइन्छ ।

तत्कालीन परिस्थितिको चित्रण गर्न कथासङ्ग्रह सबल देखिन्छ । तत्कालीन सामाजिक र राजनीतिक परिवेशलाई चित्रण गरेको **सुकेको मूढो** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूले कथामा रहेको जनताको दुःख पीडा रूपी आवाज मुखरित गरेको छ । तत्कालीन

समयावधिमा लेखिएका कथाहरूले सामाजिक संरचना, प्रहरी प्रशासनको ज्यादती, अन्याय र अत्याचारको विरोध गरिएको छ । कथावस्तुमा स्तरीय भाषाशैली, कला र भाव पक्षको प्रयोगमा भने कमी रहेको देखिन्छ । केही कमजोरीपन देखिए तापनि तत्कालीन शासन व्यवस्थाको प्रहरी प्रशासनले जनताको मानसिकतामा पुऱ्याएको पीडा, वर्गसङ्घर्ष र सामाजिक विसङ्गतिको खुलेर विद्रोह गरी जनपक्षीय कथा सिर्जना गर्न सफल भएकाले यो पक्ष उपलब्धिपूर्ण मानिन्छ ।

## ५.४ सपनाको दाहसंस्कार कथासङ्ग्रहको अध्ययन

नेपाली साहित्यमा कथा एउटा महत्त्वपूर्ण साहित्यिक विधा हो । सामाजिक, राजनैतिक, वर्गीय जस्ता विषयवस्तुलाई आधार मानेर पाठक वर्गलाई सन्देश दिने उद्देश्यका साथ स्वतन्त्र र लचिलो विधाको रूपमा कथाको सिर्जना गरिन्छ । कथाकार केशरी अम्गाईले कथावस्तुलाई स्तरीय बनाउनको लागि यसको संरचना र तत्वहरूलाई विशेष ध्यान दिएको पाइन्छ । अम्गाईले नेपाली साहित्यको श्रीबृद्धिमा साहित्यको आख्यान विधामा आफ्नो छुट्टै पहिचान बनाइसकेका प्रतिभा हुन् (फुयाँल, २०५६ : ३९) । हाल सम्म उनले **युद्धक्षेत्र** (२०५६) उपन्यास, **सुकेको मूढो** (२०६०) कथासङ्ग्रह र **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रह । वि.सं. २०६४ मङ्सिर देखि २०६४ माघ सम्मका विभिन्न मितिमा रचना गरिएको १२ ओटा कथाहरूको सङ्ग्रह **सपनाको दाहसंस्कार** कथासङ्ग्रहमा प्रकाशित कथाहरूले समसामयिक विषय वस्तुलाई बडो मार्मिक, सटिक र मुटुछुने रूपमा प्रस्तुत गरिएको छ (कसजू, २०६८, भूमिका) । यहाँ **सपनाको दाहसंस्कार** कथासङ्ग्रहलाई संरचना, कथावस्तु, पात्र, संवाद, परिवेश, भाषाशैली र उद्देश्यजस्ता कथातत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.४.१ कथावस्तु

**सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रह प्रगतिशील विचार र चिन्तनबाट लेखिएको कथासङ्ग्रह हो । कथासङ्ग्रहमा सङ्कलित कथाहरूको विषयवस्तु शोषित, पीडित, असहाय तथा निम्न स्तरका व्यक्तिहरूको कथा, व्यथा, पीर र सन्तापलाई आधार मानिएको

छ । साथै चार ओटा कथाहरूको कथावस्तुमा माओवादी जनयुद्धलाई सङ्केत गरी सिर्जना गरिएको छ । प्राय: कथाहरूमा अरबको खाडीमा नेपाली युवाहरूले रगत र पसिना बगाउनुपर्ने बाध्यताको चित्रण गरिएको छ ।

## ५.४.२ सपनाको दाहसंस्कार कथासङ्ग्रहमा प्रकाशित कथाहरूको अध्ययन

नेपाली साहित्यको प्रगतिशील फाँटमा चर्चित बहुआयामिक व्यक्तित्वका धनी साहित्यकार केशरी अम्गाईले नेपाली साहित्यको आख्यान विधामा मौलिक कृतिहरू मार्फत आफ्नो परिचय दिन सफल भएका छन् । जस अन्तरगत चर्चित पछिल्लो कथासङ्ग्रह हो **सपनाको दाहसंस्कार** (२०६८) । यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूले सामाजिक र राजनैतिक विषयवस्तुहरूको उठान गरेको पाइन्छ ।

**सपनाको दाहसंस्कार** कथासङ्ग्रहमा वि.सं. २०६४ मङ्सिरदेखि माघसम्मको तीन महिनाको समयावधिमा रचना गरिएका १२ ओटा कथाहरू समेटिएका छन् । सङ्ग्रहभित्र २०६४ मङ्सिर ९ गते रचना गरिएको विवशता कथालाई पहिलो नम्बरमा र २०६४ मङ्सिर २५ गते रचना गरिएको **सपनाको दाहसंस्कार** कथालाई सङ्ग्रहको पाँचौ नम्बरमा समावेश गरिएको छ । पाँचौ नम्बरमा राखिएको **सपनाको दाहसंस्कार** कथाले समग्र कथासङ्ग्रहकै नामाकरण गर्ने सौभाग्य पाएको छ ।

## ५.४.३ संरचना

रङ्गिन आवरण र ८० पृष्ठको आयाममा फैलिएको विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौंद्वारा २०६८ मङ्सिरमा १००० प्रति छापिएको तत्कालीन सामाजिक तथा राजनैतिक परिवेशको चिरफार गरिएको **सपनाको दाहसंस्कार** कथासङ्ग्रहभित्र रहेका विभिन्न १२ ओटा कथाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | कथा शीर्षक | पृष्ठ | अनुच्छेद |
|---|---|---|---|
| १ | विवशता | ५ | ३३ |
| २ | चक्कर | ५ | २८ |
| ३ | भिजिट भिसा | ७ | ४५ |

| | | | |
|---|---|---|---|
| ४ | फेरि अर्को सपना ढल्यो | ७ | ३१ |
| ५ | सपनाको दाहसंस्कार | ५ | २५ |
| ६ | अँध्यारो खाडल | ५ | २७ |
| ७ | खण्डहर सपना | ६ | ३३ |
| ८ | अर्को पाटो | ६ | ३७ |
| ९ | भोक यात्रा | १२ | ४ खण्ड |
| १० | मनको जलन | ५ | २८ |
| ११ | झिल्के रङ्ग | ५ | ३२ |
| १२ | स्वप्नाभास | ५ | २४ |

संरचनाको दृष्टिले हेर्दा यस कथासङ्ग्रहको १२ वटा कथामध्ये सबैभन्दा लामो आकारको कथा **भोकयात्रा** हो, जुन १२ पृष्ठमा संरचित छ भने छोटो आकारको कथा ५ पृष्ठ र २४ अनुच्छेदको आयाममा फैलिएको प्वप्नाभास रहेको छ ।

## ५.४.४ कथावस्तु

कथावस्तुका आधारमा **सपनाको दाहसंस्कार** कथासङ्ग्रहका बाह्रओटा कथाहरूलाई यसरी अध्ययन गरिएको छ :

**क) विवशता**

*विवशता* यस कथासङ्ग्रहको पहिलो कथा हो । यसमा गरिवीको चपेटामा परेका तमाम युवाशक्तिले आर्थिक उपार्जनका लागि खाडी मुलुकमा विवशतापूर्वक श्रम गर्नु परेको कारुणिक कहानी प्रस्तुत गरिएको छ । यस कथामा घरको विवशताले विदेश भासिनु र विदेश बस्दाको विवशताले घर सम्भनु पर्ने बाध्यता प्रस्तुत गरिएको छ । कथाको प्रमुख चरित्र उमाकान्तको करुण कहानीको केन्द्रीयतामा कथानक अगाडि बढाइएको छ ।

**ख) चक्कर**

*चक्कर* यस कथासङ्ग्रमा सङ्कलित दोस्रो कथा हो । यसमा घरायसी व्यवहारको मारले पिल्सिएर विदेशी भूमिमा बेल्चा फाल्न विवश भएका पात्रहरू रमेश र उसका साथीहरूको करुण कहानी प्रस्तुत गरिएको छ । रमेश विदेशी

भूमिमा श्रमको टुँडालले थिचेर बेहोस हुन विवश तमाम नेपली युवाहरूको प्रतिनिधि पात्र हो । उसलाई बेहोस भएर ढलेपछि अनिष र पुरुले खजुरको रुखमुनि सुताएर मुखमा पानी छर्किदिन्छन् र ऊ होसमा आउँछ । केही दिनअघिदेखि पालैपालो सबै जना बेहोश भएर ढलेको कारण अरबको बालुवा नै बालुवा भएको मरुभूमिको प्रचण्ड तापमा सङ्घर्ष गरेर श्रम गर्दा नेपाली युवाहरूलाई हुने कष्टकर अवस्थाको विश्लेषण गरिएको छ ।

**ग) भिजिट भिसा**

*भिजिट भिसा* यस कथासङ्ग्रहमा सङ्कलित तेस्रो कथा हो । यस कथाको प्रमुख पात्र प्रवीण बेरोजगार नेपालीहरूको प्रतिनिधि पात्रको रूपमा उपस्थित भएको छ । यस कथाले विदेशमा रहेर बेरोजगार बन्नुपरेको दयनीय र कारुणिक अवस्था प्रस्तुत गरेको छ । 'नहुनेलाई कहीँ न कहीँ' भन्ने उखानलाई यो कथाले चरितार्थ गरेको छ । यो कथाले स्वदेशमा रोजगारी दिन नसक्ने नेपाल सरकारप्रति तिखो व्यङ्ग्यवाण प्रहार गरेको छ ।

**घ) फेरि अर्को सपना ढल्यो**

*फेरि अर्को सपना ढल्यो* यस कथासङ्ग्रहको चौथो कथा हो । यसमा आस्तिक र नास्तिक प्रवृत्तिको चर्चा गरिएको छ । जब मानिसलाई दुःख र समस्या आइपर्छ त्यतिबेला मात्र ऊ ईश्वर सम्झन थाल्छ । सामान्य संवादबाट सुरु गरिएको कथाको प्रमुख चरित्र अनिल अरबको खाडीमा घर बनाउने ज्यामीको काम गर्छ । संयोगवश एकदिन कामकै सिलसिलामा सामान्य उचाइबाट लडेर घाइते बन्छ र अस्पताल भर्ना हुन्छ । सातदिनको अस्पताल बसाइँपछि गह्रुङ्गो र गाह्रो काम गर्न नहुने अवस्थामा डाक्टरको सल्लाहअनुसार डेरामा फर्कन्छ तर काम नगरे मुखमा माड नलाग्ने भएकाले विवशतापूर्वक सकिनसकी काम गर्दछ र रोगले आक्रान्त पार्दै जान्छ । यस्तै दुःखद घटनाले गर्दा नास्तिक मान्छेलाई पनि आस्तिक बन्न बाध्य हुनुपर्ने र काममा निस्कनु अघि भगवान्को स्मरण गरेर हिँड्नु पर्ने विषयवस्तु कथावस्तुमा प्रस्तुत गरिएको छ । घर व्यवहार चलाउने, सुखी सम्पन्न हुने विविध सपनाहरू अरबको खाडीमा पुग्दा पनि ढलिरहेको मर्म कथावस्तुले प्रस्तुत गरेको छ ।

**ङ) सपनाको दाहसंस्कार**

*सपनाको दाहसंस्कार* यस सङ्ग्रहमा सङ्कलित पाँचौं कथा हो । सङ्ग्रहकै नामकरण हुने सौभाग्य पाएको यस कथामा विकास नामको पात्रको घरको कमजोर आर्थिक अवस्था र विदेशमा पाउनुपरेको दुःखको कारुणिक अवस्थाको विश्लेषण गरिएको छ । यसमा घरको आर्थिक अवस्था सुधार गर्नको लागि केही वर्ष कुबेत बसेर आएको हर्कबहादुरलाई ऋण दिई विकासलाई आफूसँगै लैजान जेठाबाले अनुरोध गर्दछन् । हर्कबहादुरलाई पनि उसको बाबुले भारी बोकेर ज्याला मजदुरी गरेर परिवार पाल्दै आएको वास्तविकता थाहा नै थियो । जेठाबाको अनुरोधपछि कुबेतको कम्पनीमा लगेर काम लगाइदिएको थियो । अचानक विकासको मृत्यु हुन पुग्छ । आखिर उसका सबै सपनाहरू चकनाचुर भएर मृत्यु भएको डेढ महिनापछि विकासको लास नेपाल आइपुग्छ । विकासको मृत्युको कारण केही थाहा नभएको र खाडी मुलुकमा काम गर्न ज्यादै गाह्रो हुने विषयवस्तुलाई कथाले प्रस्ट पारेको छ । प्रस्तुत कथाले घरको आर्थिक अवस्था सुदृढ पार्नको लागि खाडी मुलुक जानुपर्ने नेपाली युवाहरूको नियति र भोग्नुपर्ने कारुणिक अवस्थाको यथार्थपरक ढङ्गबाट विश्लेषण गरिएको छ ।

**च) अँध्यारो खाडल**

*अँध्यारो खाडल* यस कथासङ्ग्रहमा सङ्कलित छैठौं कथा हो । यसमा ६ वर्ष विदेश बसेर आएको विक्रम नामक युवा र ११ कक्षामा पढ्दै गरेकी फूलमायाँ नामक युवतीको दाम्पत्य जीवनमाथि प्रकाश पारिएको छ, जसमा एकातिर दशवर्षे जनयुद्धको सङ्केत गर्दै नवयुवाहरूलाई सानो निहुँमा पनि सुरक्षाकर्मीहरू आई दुःख दिन्थे भने अर्कोतिर राजनीतिक दलका कार्यकर्ताहरू आएर बन्दुक समाउन दबाब दिन्थे । घरको आर्थिक कमजोरीको समस्याले गर्दा बन्दुक समाउन पनि नसक्ने र यातना भोग्न पनि नसक्ने कारण युवाहरूले विदेश पलायन हुन बाध्य हुनुपर्ने मार्मिक विषयवस्तुलाई कथावस्तुमा प्रस्तुत गरिएको छ ।

**छ) खण्डहर सपना**

*खण्डहर सपना* यस कथासङ्ग्रहमा सङ्कलित सातौं कथा हो । अन्य कथामा जस्तै यसमा पनि कथाको ऊ पात्र अरबको खाडीमा गएर दुःख झेलिरहेको छ ।

आफूलाई खाडीमा पठाउने प्रबन्ध मिलाइदिने दलालका फोस्रा आश्वासनहरू उसका लागि असत्य साबित भइरहेका छन् । उसलाई ड्राइभरको काम गर्न अरब पठाइएकोमा एक दिनको चेकजाँचबाट असफल भएपछि उसलाई भेडा चराउने काम दिइएको थियो । आगाको भुङ्ग्रो खन्याए जस्तो टन्टलापुर घाममा डढेर तातो बालुवाको मरुभूमिमा कष्टपूर्ण जीवन व्यतीत गर्नुपर्दा ऊ भित्रभित्रै उकुसमुकुस भइरहेको छ । त्यसमाथि पनि संयोगवश एउटा भेडा बिरामी परेर मऱ्यो भने उसको तलबबाट पैसा काट्ने गरिन्छ । साथै मासिक १३०० रूपैयाँ तलब र अन्य सुविधा दिने भनिएकोमा रु. ५०० मात्र दिइएकाले मेनपावर कम्पनीको घिनलाग्दो व्यवहारको वर्णन गरिएको छ । यस कथामा ऊ पात्र र उसकी श्रीमतीको सपना भत्किएर खण्डहर मात्र बाँकी रहेको यथार्थतालाई पुष्टि गरेकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

**ज) अर्कोपाटो**

*अर्कोपाटो* नामक कथा यस कथासङ्ग्रहमा सङ्कलित आठौं कथा हो । यसमा जनयुद्धको सङ्केत गर्दै अनामवादीहरूको अब चाँडै नै गरिबी हटेर सुखका दिन आउँछन् भन्ने आशय दर्साइएको कारण यस कथाको प्रमुख पात्र विकास पनि अनामवादीमा लागौं कि भन्ने विचार गर्छ । उसलाई त्यस विचारबाट छुटाउन उसका बाबु, आमा र श्रीमतीको आग्रह अनुसार ऋण खोजी दिल्ली पठाइन्छ । उसले दिल्लीमा ८/९ महिनासम्म काम गरी पैसा पठाउँछ र घरको रौनकमा परिवर्तन आउँछ । एक वर्षपछि घरमा आउँदा अनामवादीहरूले चन्दा माग्न आइरहेको कारण ऊ पुनः अरबको खाडीतर्फ लाग्दछ । केही समयपछि आफू गएको ऋण तिरिसकेपछि खराब साथीहरूको सङ्गतमा लागि यौनक्रीडाको रसरङ्गमा लिप्त देखिन्छ र कम्पनीले कामबाट निकालिदिन्छ भने उता श्रीमती पनि गाउँमा अर्कै केटासँग श्रीसम्पत्ति कुम्ल्याएर पोइल गएको विषयवस्तु प्रस्तुत गरिएको छ ।

**झ) भोकयात्रा**

*भोकयात्रा* यस कथासङ्ग्रहमा सङ्कलित नवौं कथा हो । यसमा तीन प्रमुख पात्रहरू राजेश, नवीन र शरदलाई त्रिकोणात्मक रूपमा समन्वय गराएर 'भोक र पीडाको संयुक्त यात्रा' प्रस्तुत गरिएको छ । यसमा तिनैजना पात्रहरूलाई दलालले

मीठो, मसिनो र स्वादिष्ट बोलीबाट जालमा फँसाई कतार पुऱ्याई कतारकै विमानस्थलमा पुऱ्याएर अलपत्र पारिदिएको दर्दनाक र कारुणिक विषयवस्तु कथावस्तुमा प्रस्तुत गरिदिएको छ ।

**ञ) मनको जलन**

*मनको जलन* यस सङ्ग्रहमा सङ्कलित दशौं कथा हो । यस कथाको प्रमुख पात्र प्रवीण विदेश जाने बेलामा आफ्नी आमा बिरामी परेको र घरको समस्याको कारण विदेश जानुपरेको र आफूलाई जन्म दिने आमा बिरामी पर्दा घरको समस्याको कारण सँगै बसी सेवा गर्न नपाएको विषयवस्तुलाई कथावस्तुमा समेटिएको छ । नौ महिनासम्म काम गरिसकेपछि घरबाट आमा सिकिस्त भएको फोन जान्छ र उसले कम्पनीमा बिदा माग गर्छ तर राजदुताबासबाट पनि बिदा स्वीकृत हुन सक्दैन । त्यसैले मनमा जलन लिएर विवशतापूर्वक काम गर्नुपरेको विषयवस्तुलाई यस कथाको प्रमुख कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

**ट) झिल्के रङ्ग**

*झिल्के रङ्ग* यस सङ्ग्रहमा सङ्कलित एघारौं कथा हो । यस कथाको प्रमुख पात्र जगतजङ्ग आफ्नो बाबु आमाको आग्रहलाई लत्याएर हिँड्ने अटेरी पात्रको रूपमा प्रस्तुत गरिएको छ । जगतजङ्ग विदेश गएर दुःख गरी केही समय धनसम्पत्ति कमाएर गएको ऋण तिरी घरको मुहारमा केही परिवर्तन त ल्याउँछ तर पछि खराब साथीहरूका सङ्गतमा लागि कुलतमा लागेर भविष्य डामाडोल पारेको विषयप्रसङ्ग उजागर गरिएको छ । यस कथाले विदेश गएर मति बिगार्ने युवाहरूको अवस्थालाई व्यङ्ग्य प्रहार गरेको छ ।

**ठ) स्वप्नाभास**

यस कथासङ्ग्रहमा सङ्कलित अन्तिम तथा बाह्रौं कथा *स्वप्नाभास* हो । यस कथामा पात्रहरू विक्रम र रमेश ठूलो धनराशि कमाउने आशा र अभिलाषाका साथ क्यानडा जानको लागि दलाललाई लाखौंलाख रूपैयाँ बुझाउँछन् तर महिनौं बित्दा पनि दलालले उनीहरूलाई क्यानडा उडाउन सक्दैन । उनीहरू दलालबाट ठगिन्छन् । यस कथामा पनि ऋण धन गरेर जम्मा गरेको लाखौंलाख रूपैयाँ दलालको हातमा सुम्पिदिएर करोडपति बन्ने सपना बोकेका दुई जना नेपाली युवाहरूले देखेको सपना भङ्ग भएको छ ।

### ५.४.५ पात्र

पात्रको आधारमा **सपनाको दाहसंस्कार** कथासङ्ग्रहका कथाहरूलाई यसरी अध्ययन गर्न सकिन्छ :

**क) विवशता**

प्रमुख पात्र : उमाकान्त

सहायक पात्र : एकाउन्टेन्ट, प्रकाश, कन्सुलर

गौण पात्र : ×

उमाकान्त यस कथाको प्रमुख पात्र हो । उमाकान्तकै केन्द्रीयतामा यो कथाको कथावस्तु फैलिएको छ । उमाकान्त घरको कमजोर आर्थिक अवस्थाको कारण कमाउने सपना बोकी खाडी मुलुकमा गएको छ । काम गर्न जतिसुकै गाह्रो भए पनि त्यहाँको कमाइले गाउँ फर्किएपछि केही गर्न सकिन्छ भन्ने आसमा दुःख गरिरहेको थियो तर एक महिना बितेपछि तलब थाप्दा सम्झौता बमोजिम नहुँदा ऊ छाँगाबाट खसेजस्तै हुन्छ । मासिक छ सय पचास भनेकोमा दुई सय कोठाको भाडा काटेर चारसय पचास मात्र दिने व्यवस्था रहेछ । सुख्खा चारसय पचास तलबले खाडी जाँदा लागेको ऋण तिर्न पनि गाह्रो छ । नेपाल फर्कौं भने उल्टै नेपाली साठीहजार भिसाको रकम तिर्नुपर्ने नफर्कौं भने ऋण पनि तिर्न गाह्रो हुने समस्याको कारण 'नखाउँ भने दिनभरीको शिकार, खाउँ भने कान्छा बाबुको अनुहार' जस्तो बन्न पुग्छ । सम्झौता पत्र दलालले आफै राखेको हुन्छ । उक्त कुरा कन्सुलरबाट थाहा पाएपछि उमाकान्त आफू ठगिएको महसुस गर्दछ ।

**ख) चक्कर**

प्रमुख पात्र : रमेश

सहायक पात्र : साथीहरू, अनिष, पुरु, फोरम्यान, महेश, प्रकाश

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र रमेश हो । ऊ घरायसी कमजोर आर्थिक अवस्थाको कारण विदेशी तातो भूमिमा विवशतापूर्वक बेल्चा फाल्न तयार भएको छ । चिसो हावापानीमा हुर्केका नेपालीका लागि अरबको मरुभूमिमा काम गर्न कहाँ सजिलो

हुन्छ र ! 'आकासले पोल्यो कि धर्तीले' छुट्याउन गाह्रो त्यस मरुभूमिमा टेक्यो बालुवाले पोल्ने, टाउको छाम्यो कपालले पोल्ने अवस्थामा दुःखदायी जीवन बिताएका छन् रमेश र उसका साथीहरूले । यस कथाको प्रमुख पात्र रमेशले सम्पूर्ण दुःखी र पीडित नेपालीहरूको प्रतिनिधित्व गरेको छ । मनग्गे धनराशि कमाउँला र भविष्य सुखद पारौँला भन्ने उद्देश्यका साथ अरबको खाडीमा पुगेको रमेश मरुभूमिको प्रचण्ड ताप र कष्टकर कामको कारण बेहोस बन्न पुग्छ र साथीहरूको माध्यमबाट पानी छर्किएपछि पुनः ऊ होसमा आउँछ ।

**ग) भिजिट भिसा**

प्रमुख पात्र : प्रवीण

सहायक पात्र : परिचारिका, साथीहरू, कर्मचारी, दाजु प्रताप

गौण पात्र : ×

प्रवीण यस कथाको प्रमुख पात्र हो । प्रवीण दुबईको सारा ठाउँ चहार्दा पनि चालिस दिनसम्ममा पनि कुनै काम पाउँदैन । निराश भएर विगतका दिन सम्झँदै पार्कमा बसिराखेको हुन्छ । बल्लतल्ल भिजिट भिसामा दुबई पुगेको प्रवीण दाजु प्रतापको साथमा अफिस अफिस धाउँदा पनि सफल हुन नसक्दा कहीँ कतै काम पाउन सक्दैन । उसँग न त कुनै अनुभवको प्रमाणपत्र छ, न त कुनै सीप नै छ । अनुभव र सीपको अभावमा सजिलैसँग काम पाउन सक्दैन र भौतारिएर हिँड्छ । भिसाको समय सकिन लाग्दा पनि कुनै काम पाउन नसकेकाले पार्क पार्कमा तातो हावा खाँदै चिन्तित र निराश हुँदै दिनहरू बिताउन पुग्छ । नेपालबाट आउँदाको साथै गाउँको ऋण, व्यावहारिक थिचोमिचो र अज्ञात पीडाले उसको मन व्याकुल बन्न पुग्छ । प्रवीणले बेरोजगार नेपाली युवाहरूको प्रतिनिधित्व गरेको छ ।

**घ) फेरि अर्को सपना ढल्यो**

प्रमुख पात्र : अनिल

सहायक पात्र : साथीहरू

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र अनिल हो । उसको उद्देश्य र लक्ष्य अरबको खाडीमा गई धन कमाएर ल्याई जहान परिवार खुसी पार्दै घर व्यवहार चलाउने

रहेको छ । ज्यामी काम गर्ने अनिल एक दिन संयोगवश काम गर्दै जाँदा केही उचाइबाट झरी घाइते भएको छ र अस्पताल भर्ना भएको छ । एक हप्तासम्म अस्पताल बसेको अनिल गह्रुङ्गो सामान उठाउन नहुने र गाह्रो काम गर्न नसक्ने डाक्टरको सल्लाह अनुसार डेरामा फर्किन्छ तर विवश भई काम गर्न थाल्छ । काम नगरेर बस्दा मुखमा माड नलाग्ने भएकाले सकी नसकी काम गर्दा झनझन कमजोर बन्दै जान्छ । यसरी अरबको खाडीमा पुग्दा पनि कमाउने र घर व्यवहार चलाउने सपना ढलेको हुन्छ र काममा निस्कनुअघि भगवान् पुकार गर्दै हिँड्नुपर्ने ऊ लगायत सबै साथीहरूको विवशता बनेको छ ।

**ङ) सपनाको दाहसंस्कार**

प्रमुख पात्र : विकास

सहायक पात्र : हर्कबहादुर, जेठाबा, बाबु, भाइ

गौण पात्र : ×

यो कथासङ्ग्रहको नामकरण गर्ने सौभाग्य पाएको *सपनाको दाहसंस्कार* कथाको प्रमुख पात्र हो - विकास । विकासको घरको आर्थिक अवस्था अत्यन्तै नाजुक छ । कुबेत बसेर फर्केको हर्कबहादुरसँग जेठाबाले अनुनय विनय गरेपछि विकासलाई पनि आफूसँगै कुबेत लगी काम लगाइदिने व्यवस्था हर्कबहादुरले नै गरिदिएको छ । विकासको गरिबी अवस्था र उसको बाबुको दुःखलाई सम्झेर कुबेतको कुनै कम्पनीमा काम खोजी लगाइदिन्छ तर संयोगवश केही समयपछि विकासको मृत्यु अचानक हुन पुग्छ । उसका सारा सपनाहरूको अन्त्य हुनपुग्छ । राम्रो घर बनाउने, घरको पुरानो ऋण तिर्ने, धनसम्पत्ति कमाई घर परिवारलाई खुसी र सुखी राख्ने, भाइलाई पढाउने, जग्गा जमिन किन्ने सबै सपनाहरूको दाहसंस्कार हुन पुग्छ । कथावस्तुमा विकासले सम्पूर्ण नेपाली गरिब युवाहरूको प्रतिनिधित्व गरेको छ ।

**च) अँध्यारो खाडल**

प्रमुख पात्र : विक्रम

सहायक पात्र : फूलमायाँ, राजनीतिक कार्यकर्ता, डाक्टर, सुरक्षाकर्मी

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र विक्रम हो । ६ वर्ष विदेश बसी आएको पुरुष पात्र विक्रम र कक्षा ११ मा पढ्दै गरेकी महिला पात्र फूलमायाँ बिच लगनगाँठो बाँधिएको छ । देशमा चलेको युद्धको कारण नवयुवाहरू गाउँमा बस्न नसकी विदेशिन विवश छन् । उनीहरू दोहोरो चपेटामा परेका हुन्छन् । प्रहरी प्रशासन र आन्दोलनकारीको कारण उनीहरू युद्धको भुमरीमा पर्दछन् । त्यसैले युद्धको भुमरीबाट बच्न विक्रम विदेश जान्छ र ६ वर्षपछि फर्किएर फूलमायाँसँग दाम्पत्य जीवनमा बाँधिन्छ । विदेश बस्दा रामरौशमा भुल्दा उसले खतरानाक रोग बोकी ल्याउँछ र जीवनलाई बर्बादतर्फ धकेल्न पुग्छ । यसरी दाम्पत्य जीवनमा बाँधिएपछिको डाक्टरी परीक्षणबाट सबै कुरा खुल्न पुग्छ । विदेश नजाऔं त युद्धको शिकार भइने, विदेश जाँदा रामरौशमा भुल्दा पारिवारिक रोमाञ्चलाई तिलाञ्जली दिनुपर्ने जस्ता करुण कहानी विक्रमसिंह र फूलमायाँको जीवनमा देखापर्दछ । यसरी नवयुवाहरूको विदेश पलायनको करुण क्रन्दन यसमा प्रस्तुत गरिएको छ ।

**छ) खण्डहर सपना**

प्रमुख पात्र : ऊ

सहायक पात्र : श्रीमती, छोरा-छोरी, दलाल, ड्राइभर

गौण पात्र : ×

ऊ यस कथाको प्रमुख पात्र हो । ऊ पात्र घरको समस्या समाधानको लागि अरबको खाडीमा गएर दुःख झेलिरहेको छ । ड्राइभरको लागि अरब गएको उसलाई एक दिनको चेकजाँचपछि भेडा चराउन पठाइन्छ । टन्टलापुर घाममा डढेर तातो बालुवाको मरुभूमिमा कष्टपूर्ण जीवन बिताउनु परेको थियो । ऊ पात्रको विवशता छ कि फर्कौं भने आउँदाको ऋण तिर्न सकेको छैन । नफर्कूं भने आगाको भुङ्ग्रो जस्तो तातो बालुवामाथि भेडा चराउन मुस्किल छ । मासिक १३०० रूपैयाँ काम गर्न अरब गएको ऊ पात्र ५०० मा काम गर्न विवश हुन्छ । यस कथाको ऊ पात्रले सम्पूर्ण नेपाली बेरोजगार युवाहरूको प्रतिनिधित्व गरेको छ ।

**ज) अर्को पाटो**

प्रमुख पात्र : विकास

सहायक पात्र : प्रवीण, साथीहरू, श्रीमती

गौण पात्र : ×

*अर्को पाटो* कथाको प्रमुख पात्र विकास हो । विकासले विदेश गई धन कमाई चरित्र बिगार्ने नेपाली युवाहरूको प्रतिनिधित्व गरेको छ । परिवारको मुहार फेर्न दुबई पुगेको विकासको आफ्नै कथा र बाध्यताहरू थिए । जीवनप्रतिको आफ्नै दृष्टिकोण थियो तर सोचेजस्तो कहाँ हुँदोरहेछ र ! समयले उसको जीवनदर्शनमा रङ्ग भर्ने काम गऱ्यो । त्यसमा सहायक बनेको थियो - गाउँ घरमा देखापरेको नयाँ परिवेश । "दुई बन्दुधधारीहरूको परेड सुरु भएपछि गाउँमा टिक्न असहज हुन्थ्यो । एकथरी आई खाएर जान्थे, अर्काथरी खुवाएकोमा दुःख दिन्थे । गाउँ बिस्तारै शून्य हुन थाल्यो । त्यसै चपेटामा परी विकास पनि खाडी जान विवश बन्यो । केही समयको दिल्लीको बसाइँपछि खाडी गएको विकासको सुरुको केही कमाइले घरको मुहारमा परिवर्तन नै ल्यायो तर पछि खराब साथीहरूको सङ्गतमा लागि कुलतमा फँसी घरव्यवहार चौपट पार्ने पुरुष चरित्रको रूपमा विकासलाई लिन सकिन्छ ।

**झ) भोकयात्रा**

प्रमुख पात्र : राजेश, नवीन र शरद

सहायक पात्र : साथीहरू

गौण पात्र : ×

यस कथाका प्रमुख पात्रहरू तीन जना राजेश, नवीन र शरद हुन् । राजेश भारी बोकेर जीविकोपार्जन गर्दै आएको सामान्य गाउँले हो । जब गाउँमा कच्ची सडकबाटो पुग्यो तब भारी बोकेर जीवन चलाउनेहरूको रोजीरोटी खोसियो । अरबतिर गएका गाउँका युवाहरूको आर्थिक प्रगति देख्दा उसलाई पनि विदेश मोह जागेको थियो । त्यस्तै दोस्रो चरित्र नवीन एस.एल.सी. पास गरेर उच्चशिक्षा पढ्ने सपना बोकेर शहर पसेको युवाशक्ति हो । सामान्य किसानको छोरा भएकाले कलेजको खर्च धान्न उसको बाबुआमालाई धौधौ परिरहेको थियो । त्यसपछि अफिस अफिस धाउँदा पनि जागिर नपाएको एक असफल पात्रको रूपमा स्थापित छ । ऊ दलालको माध्यमबाट दिल्ली हुँदै कतार जाने तयारीमा अघि बढेको छ । त्यसै गरी अर्को प्रमुख पात्र शरद थियो । प्रशासनको नजरमा रहेको आतङ्कित काम गर्ने पुरुष चरित्रको रूपमा रहेको थियो शरद । सधैँ त्रास बोकेर विना कारण यातना भोग्नुभन्दा गाउँ छाड्न उपयुक्त ठानी शरद सहर पस्यो । केही समय सडक व्यापार

गरे पनि त्यसले जीविकोपार्जन हुन सकेन र ऊ पनि दिल्ली हुँदै दलाल मार्फत कतार जान मञ्जुर भयो । यसरी दलाल मार्फत विदेशी भूमिमा रगत पसिना बगाउन विवश नेपाली युवाशक्तिको प्रतिनिधित्व गरेका छन् तीनै प्रमुख चरित्र राजेश, नवीन र शरदले ।

**ञ) मनको जलन**

प्रमुख पात्र : प्रविण

सहायक पात्र : विकास, उमेश, प्रकाश, रमेश, आकाश

गौण पात्र : ×

*मनको जलन* कथाको प्रमुख पात्र प्रवीण हो । प्रवीण बेरोजगार नेपाली युवाशक्तिको प्रतिनिधि पात्र हो । घरको विवशता र गरिबीपनको कारण आफ्नी जन्मदिने आमा बिरामी पर्दा समेत सेवामा रहन असमर्थ भई विदेशमा बाध्यतावश रगत पसिना बगाउन विवश पात्रको रूपमा उसलाई लिन सकिन्छ । आमा बाबुको आज्ञा पालना गर्ने तर घरको समस्याले गर्दा विदेश जानुपर्ने बाध्यता परेको र आमा बिरामी परेको खबर पाउँदा पनि कम्पनीले बिदा नदिएर अलपत्र अवस्थामा विदेशमा बस्न बाध्य भएका पुरुष पात्रको रूपमा प्रविण उपस्थित भएको छ ।

**ट) भिल्के रङ्ग**

प्रमुख पात्र : जगतजङ्ग

सहायक पात्र : साथीहरू, कम्पनी मालिक

गौण पात्र : ×

यस कथाको प्रमुख पात्र जगतजङ्ग हो । उसको आफ्नै धारणा थियो जीवनप्रति - “पैत्रिक सम्पत्ति सकेको छैन, आफ्नै बलबुताको कमाइमा जीवनमा रमाइलो र मोजमस्ती गर्न, आनन्द लुट्न नसक्ने हो भने जीवनको के अर्थ ?” त्यसैले उसले विदेश आउँदा लागेको ऋण तिरेपछि कमाइको अधिकांश भाग मोजमस्तीमा उडाउने गर्थ्यो । महङ्गो मोबाइल सेट किन्नु, रक्सी पिउनु, डिस्को र नाइट क्लब जानु नियमित कार्य जस्तै हुन थाल्यो र हरेक हप्ता डिस्को धाउन थाल्यो । न त पारिवारिक बन्धन, न त सामाजिक डर, स्वतन्त्रताको उपयोग गर्नु र रक्सीको नशामा यौनकर्मीकहाँ धाउनु पनि आक्कलझुक्कलको रुटिङ नै बनेको थियो

उसको । यस्तै क्रममा हतियार सहित जब ऊ पुलिस केसमा पऱ्यो कम्पनीको मालिकले भिसा क्यान्सिल गर्ने सर्तमा थानाबाट उसलाई छुटाउने काम त भयो, तर विचरा जगतजङ्गको खुसीको दिन थानाबाट निस्किएको दिन मात्रै थियो । भोलिपल्टै ऊ नेपाल फर्कन विवश भयो । यसरी जगतजङ्गले विदेशमा गई घरको पारिवारिक अवस्था बिर्सेर रसरङ्गमा भुली भविष्य बिगार्ने नेपाली युवाहरूको प्रतिनिधित्व गरेको छ ।

**ठ) स्वप्नाभास**

प्रमुख पात्र : विक्रम र रमेश

सहायक पात्र : साथीहरू

गौण पात्र : ×

यस कथाका प्रमुख पात्रहरू विक्रम र रमेश हुन् । यस कथाले अरूको होहल्लामा लागेर बढी कमाउने आशामा आफूसँग भएको लाखौंलाख रूपैयाँ दलालको हातमा दिई करोड कमाउने आशा बोकेका पात्रहरूको पीडालाई प्रस्तुत गरेको छ । विक्रम र रमेश धेरै कमाउने लोभमा क्यानडाको सपना देखेका छन् र दलाल मार्फत ११ महिनासम्म बम्बईमा बसेका छन् । महङ्गो होटलमा लामो समयसम्म बस्दा खर्च पनि व्यापक भएको छ तर दिल्लीबाट बाहिर जान सजिलो हुने दलालको भनाइले उनीहरूसँगै बम्बईमा रहन विवश हुन्छन् तर अन्त्यमा नेपाल फर्कने दुईवटा हवाइटिकट बन्दी खामभित्र राखी एक एक हजार भारतीय रूपैयाँ हातमा थमाई दलाल फरार हुन्छ । उनीहरूको जीवन बर्बाद हुन्छ, लाखौं रूपैयाँ क्यानडाको सपनाले डुबाउँछ । यस्तै दलालको फन्दामा परी जीवन बर्बाद पार्ने प्रतिनिधि पात्रको रूपमा विक्रम र रमेशलाई लिन सकिन्छ ।

## ५.४.६ संवाद

संवादका आधारमा **सपनाको दाहसंस्कार** कथासङ्ग्रहका कथाहरूको अध्ययन यसरी गरिएको छ :

**क) विवशता**

यसकथामा गरिबीका कारण धन कमाउने अभिलाषाका साथ विदेसिएका नेपाली युवाहरूको दयनीय अवस्थालाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ :

> “त्यो कागज त हस्ताक्षर गराएर म्यानपावरकै मान्छेले लियो, मलाई दिएन ।” उसले भन्यो । “तपाईहरू यही गल्ती गर्नुहुन्छ र त दुःख पाउनुहुन्छ । त्यस कागजमा सुविधाका सबै विषयवस्तुहरू दिइएको हुन्छ । त्यस अनुसार भएन भने त्यही कागजको आधारमा कारवाही अगाडि बढाउन सकिन्छ । सम्झौता पत्र नै नभएपछि के को आधारमा दाबी गर्ने ?” कन्सुलरले भन्यो (पृ. ११) ।

यसरी सम्झौतापत्रको अभावमा दलालद्वारा आफू ठगिएको करुण कहानीलाई प्रस्तुत गरिएको छ ।

**ख) चक्कर**

यस कथामा घरको कमजोर आर्थिक अवस्थाको कारण विदेशीएका नेपाली युवाहरूको दयनीय अवस्थालाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

> “साला कामचोरहरू, तिमीहरूको हाजिर कटाउन मन छ कि क्या हो ? कसले भन्यो तिमीहरूलाई यहाँ बस्न ? गाली गर्ने फोरम्यान थियो । उसले हिन्दीमा तल्लोस्तरको गाली दियो” (पृ. १४) । फोरम्यानप्रति रिस पनि उठ्यो तर उसको रिसको कुनै अर्थ थिएन । फोरम्यानको हरेक वचन सहन विवश थिए श्रमिकहरू, नत्र उसले हाजिर कटाउन सक्थ्यो वा माथि रिपोर्ट गरेर कारवाही गराउन सक्थ्यो ।

घरको दुःखको कारण मजदुरी गर्नुपरेको र रत्तिभर दयाको भाव श्रमिकप्रति नगरिएका विषयवस्तुहरू संवादात्मक रूपमा कथावस्तुमा प्रस्तुत गरिएको छ ।

**ग) भिजिट भिसा**

यस कथामा प्रवीण र साथीहरू तथा कर्मचारी बिचको कुराकानीलाई संवादको रूपमा प्रस्तुत गरिएको छ । भिजिट भिसामा दुबई पुगेको प्रवीण कुनै पनि काम नपाउँदा चिन्तित भएको छ । जति चहार्दा पनि काम नपाएकाले ऋण र घरको व्यवहारिक बोझले अत्तालिएको छ, प्रवीण । जस्तै :

'आज यहाँ चेकिङ हुन्छ, तिमी फलानुकहाँ जाउ है' प्रतापले साथीरुलाई फोन गर्थ्यो । एउटा भाइलाई त्यहाँ एक दुई दिन राखिदिनुपर्‍यो । प्रतापले भाइलाई अर्को साथीकहाँ पुर्‍याइदिन्थ्यो । 'प्रवासको ठाउँ बसाइँ यस्तै हो, दुखजिलो गर्ने हो मित्र !' चिनजान भलाकुसारीपछि उनीहरू भन्थे (पृ. २३) ।

पहाडी क्षेत्रको चिसो हावापानीमा हुर्किएको उसलाई त्यो तालुपोल्ने चर्को घाम सहन साह्रै कठिन भएको थियो । त्यसमाथि खाने बस्ने ठेगाना हुँदैनथ्यो । कम्पनीले दिएको कोठामा बाहिरी मान्छे राख्न अनुमति हुँदैनथ्यो । आफ्नै दाइको कोठामा पनि सँगै बस्न, खान नपाइने कुरा प्रवीणले थाहा पाइसकेको थियो । यसरी काम खोजर घरव्यवहार चलाउने मनसुवा भएका नेपाली युवाशक्तिको दुर्गतिलाई यस कथामा प्रस्तुत गरिएको छ ।

**घ) फेरि अर्को सपना ढल्यो**

यस कथामा बेरोजगारी समस्याले आक्रान्त भएका नेपाली युवाहरू ज्यामी कामकै लागि भने पनि अरबको तातो हावा र पानीमा दुःखसँग मुकाविला गर्दै केही कमाउनको लागि भगवान् भरोसा गर्नुपरेको वास्तविकतालाई संवादको रूपमा यसरी प्रस्तुत गरिएको छ :

"तिमी भाग्यले बाँच्यौ, होइन दुर्भाग्यले भन । नचाहिने कुरा किन गर्छौ ? सास भए न आस हुन्छ । यदि केही भइहालेको भए । घरमा भाउजूले कसरी चित्त बुझाउने ? एक्लै व्यवहार कसरी चलाउने ? त्यसैले त बाँच्नु दुर्भाग्य भयो । जिउँदो लास भएर बाँच्नुको कुनै अर्थ छ र ?" (पृ. २५)

काम गर्ने सन्दर्भमा केही उचाइबाट खसेर घाइते भएको अनिल कमजोर बनेको छ । काम गर्न नसक्ने भएको छ । गाउँबाट आउँदाको ऋण यथावत छ । अब तिर्न सक्ने हैसियत छैन । परिवारजनको मिठो सपना अधुरै हुने भएको छ । लामो समयसम्म घरमा फोन सम्पर्क नहुँदा श्रीमती र परिवारको शङ्कामा रहेको छ भने यता दुःख गरेर खाने शरीर कमजोर बनेको छ । यस्तै नियति र बाध्यतालाई कथामा संवादात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**ङ) सपनाको दाहसंस्कार**

यस कथामा घरको कमजोर आर्थिक अवस्था सुदृढ पार्नको लागि खाडी मुलुक जानुपर्ने विवशता र त्यहाँ गई भोग्नुपर्ने कारुणिक अवस्थालाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ :

> "मलाई त विश्वास नै लागिरहेको छैन, विकासले यस्तो गर्‍यो होला भनेर" जेठाबाले सोधे । हर्केले लामो लामो सुस्केरा हाल्दै भन्यो - "खै जेठाबा ! विश्वास त मलाई पनि छैन तर के गर्ने मान्नै पर्दोरहेछ ।" किन ? त्यो ठाउँ अँध्यारो जँघार हो, केही बुझ्न सकिन्न, केही मेसो पाइन्न । मुस्लिमहरू कति कट्टर हुन्छन् तपाईलाई थाहै छ । त्यहाँ नेपालको जस्तो कहाँ छ र ! मुस्लिम प्रशासनका कडा कानुनहरू छन् । केही बोल्न पाइँदैन, भन्न पाइँदैन । त्यहाँ उनीहरूले जे गरे पनि ठिक हुन्छ । विरोध गर्न पाइँदैन नत्र .... (पृ. ३३) ।

यसरी मृत्युको केही कारण थाहा नभएको र खाडी मुलुकमा काम गर्न साह्रै गाह्रो हुने कुरा कथाले संवादको रूपमा प्रस्तुत गरेको छ ।

**च) अँध्यारो खाडल**

प्रस्तुत कथाले घरको आर्थिक अवस्था सुधार्न र कुनै पनि झमेलामा नफँस्न नेपाली युवाहरूले अरबको खाडी पलायन हुनुपरेको वास्तविकतालाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ । लामो समय विदेशमा रहँदा, मोजमस्तीमा भुल्दा विभिन्न रोग बोकी घर फर्कँदा बाँकी पारिवारिक जीवन छिन्नभिन्न हुनपुगेको विचार भावलाई कथाले संवादको रूपमा यसरी प्रस्तुत गरेको छ :

> "उहाँ बाहिर जानुभएको थियो ? डाक्टरले सोधे । हो, ६ वर्ष बाहिर बसेर आउनुभएको हो फूलमायाँले भनी । सायद विदेशमा रहँदा तपाईंले संयम गुमाउनुभयो, जीवनको कुनै क्षणमा ठूलो भूल गर्नुभयो, त्यसको परिणाम .... विक्रमजी ! (पृ. ३७)

**छ) खण्डहर सपना**

यस कथामा नेपाली युवाहरूले विदेशमा गएर भोग्नुपरेको समस्या र एउटा कामको लागि गएर अर्को काम गर्नुपर्ने र भनेबमोजिम तलब र सुविधा नपाएको करुण कहानीलाई संवादको रूपमा प्रस्तुत यसरी गरिएको छ :

> मलाई ड्राइभरमा होइन भेडा गोठालोमा काम लगाइएको छ । यो काम गर्दिन भन्दा पनि फर्किन दिँदैनन् । यहाँको घाममा खट्न साह्रै गाह्रो भइरहेको छ । सहरबाट निकै टाढा, निर्जन जस्तै ठाउँ, न कोही भेट हुन्छ न छोडेर हिँड्न नै पाइन्छ । जसरी हुन्छ त्यहाँको म्यानपावरमा कुरा गरेर झिकाउने काम गर । तपाईं नआत्तिनुस् म सबै काम गर्छु । आज नै म्यानपावरमा जान्छु र कुरा गर्छु (पृ. ४२) ।

यस कथाको ऊ पात्र घरको विवशता सम्झन्छ, अरब आउँदाको ऋण सम्झन्छ अनि काम गर्न सकिन्छ कि भनेर । एक दुई दिन काममा अभ्यस्त बन्ने प्रयास गर्छ । नेपालको चिसो हावापानीमा काम गरेको मान्छे मरुभूमिको तातो बालुवामा खट्न साह्रै गाह्रो भयो । त्यो घाममा काम गरेर बाँचिएला जस्तो लाग्दैन उसलाई । ऋण धन जेजस्तो भए पनि फर्कने निर्णय त गर्छ तर फर्कनलाई पनि त पैसा थिएन । त्यसैले जेनतेन दुःख गरेरै भए पनि महिना बिताउनुपर्ने बाध्यता र विवशतालाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ ।

**ज) अर्कोपाटो**

यस कथामा विदेश गएका नेपाली युवायुवतीहरू कुलतमा फँसी घर व्यवहार चौपट पारी भविष्य अन्धकार पारेको विषयवस्तुलाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ :

> "हामी यहाँ यसरी हिँड्छौं, घरमा यो थाहा पाउने हो भने कस्तो होला उनीहरूको मन ?" एउटाले भन्यो । "छाड् यार थाहा पाउँछन् कसरी ? थोडी हामी यो कुरा लगेर सुनाउँछौँ र ?" अर्को प्रतिक्रिया दिन्थ्यो (पृ. ५१) ।

यसरी खाडी जान विवश बेरोजगार नेपाली युवाशक्ति रामरौशमा भुलेर घरव्यवहार चौपट पारी भविष्य अन्धकारमय बनाएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

**झ) भोकयात्रा**

यो कथाले जीर्णशीर्ण अवस्थामा पुगेका नेपालीहरूको प्रतिनिधित्व गरेको छ । यसमा गरिबीको कारण छट्पटिँदै विदेशी भूमिमा तड्पिन पुगेका सम्पूर्ण नेपाली युवाहरूको करुण कहानीलाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

"दुई तीन घन्टापछि रमेश, नवीन र शरदमात्र छाडिए, अरू सबै बाहिर निस्किए । कतारको अध्यागमनमा भिसा नमिलेको कुरा सुनाएपछि उनीहरू छाँगाबाट खसेजस्ता भए । तीन जनाकै पीडा उस्तै थियो । अब के गर्ने ? अन्योलमा थिए उनीहरू" (पृ. ६३) ।

मनभरि विदेशमा गरिने कमाइको स्वप्निल कल्पना सजाउँदै उनीहरू एउटै उडानमा कतारतिर लागे । त्यस विमानस्थलभित्र केही बेरको पैदलयात्रामा नेपाली बोलेको सुनेपछि एक अर्कामा परिचय हुन्थ्यो, काम र कम्पनी बारे चासो हुन्थ्यो । कतार गएर धन सम्पत्ति कमाउने अभिलाषा बोकेका तीनै जनाको कतार विमानस्थलबाट स्वप्निल कल्पनाले विश्राम पाउँछ । उनीहरू तीनै जना दलालको फन्दामा फँस्न पुग्छन् ।

**ञ) मनको जलन**

*मनको जलन* कथा परिस्थितिले विदेश जान बाध्य बनाएको र कुशल सन्तान भएको नाताले बाबुआमाको माया मनभरि सँगालेर विवशतापूर्वक काम गर्नुपरेको र आफ्नी आमाको सिकिस्त अवस्था भएको फोन आउँदा समेत घर फर्कन नपाइएको करुण कहानीलाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरेको छ :

"आमाबाबुभन्दा ठूलो कमाइ भयो हैन तँलाई ?" आवाज काकाको थियो । "यहाँ तेरी आमा सिकिस्त हुनुहुन्छ, अनि तँ चाहिँ पैसाकै लागि विदेशमा नै बसिरहन्छस् हैन ? तँ यस्तो होलास् भन्ने त लागेको थिएन हामीलाई ।" "हैन काका यहाँ कम्पनीले छुट्टी दिएको छैन" (पृ. ६६) ।

यसरी आफ्नी जन्मदिने आमाको अन्तिम अवस्थामा समेत घर फर्कन नपाउनु, विदेश गई काम गर्न विवश नेपाली युवाहरूको बाध्यतालाई संवादको रूपमा कथामा प्रस्तुत गरिएको छ ।

**ट) झिल्के रङ्ग**

यस कथामा घरको व्यवहारिक समस्याहरू सुल्झाउन विदेश पुगेका नेपाली युवाहरू रामरमितामा भुली आफ्नो भविष्य अन्धकार बनाएका र कम्पनीले बाध्यतावश कारवाही गर्नुपरेको विषयवस्तुलाई संवादात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

"कम्पनीले के बारवाही गर्छ भन्न सकिन्न । तिमीले बाहिर त्यसो गर्न नहुने । एउटा साथीले भनेको थियो । सरी यार ! त्यतिखेर नशाको सनकमा नचाहिँदो गरेँ । अब जिन्दगीभर पिउने छैन रक्सी । उसले कान समाएको थियो । तर आज ....." (पृ. ७५) ।

यस कथाको पात्र जगतजङ्गलाई आफूलाई नियन्त्रण गर्न नसकेकोमा पछुतो लागेको थियो । यसरी क्षणिक रमाइलोमा भुली आचरण बिगार्दा जिन्दगी नै डामाडोल भएको करुण कहानीलाई यस कथामा संवादको रूपमा प्रस्तुत गरिएको छ ।

**ठ) स्वप्नाभास**

यस कथामा लाखौंलाख रूपैयाँ दलालको हातमा सुम्पिदिएर करोडपति बन्ने सपना बोकेका दुईजना नेपाली युवाहरूले देखेको सपना भङ्ग भएको विषयवस्तुलाई संवादात्मक रूपमा प्रस्तुत गरिएको छ, जहाँ कथावस्तुमा प्रयोग भएको संवादले कथालाई सजीवता, प्रवाहशीलता र कौतुहलता प्रदान गरेको छ :

भाग्यले पनि साथ दिएको छैन । हामीलाई सँगै आएको एउटा साथी त उड्यो नि तर दुर्भाग्य, हाम्रो चाहिँ मिल्दैन किन ? विक्रमले भन्यो । शतप्रतिशत भन्थ्यो तर कुनै निश्चितता त रहेनछ अनि किन ल्याउनु हामीलाई । एउटा उडेको कुरा गर्छौ, दुई जना फिर्ता पनि त गए, त्यसैले के भरोसा ? अरू होइन अब पैसा फिर्ता लिने उपाय गर्नुपर्छ रमेशले भन्यो (पृ. ७९) ।

'चोक्टा खान गएकी बुढी भ्फेलमा डुबेर मरी' भनेभ्फैँ बढी कमाउने सपना देख्दा आफूसँग भएको पनि दलालको फन्दामा परी गुम्न गएको करुण कहानीलाई कथामा संवादको रूपमा प्रस्तुत गरिएको छ ।

## ५.४.७ परिवेश

केशरी अम्गाईले २०६४ मंसिरदेखि २०६४ माघसम्म लेखेका कथाहरूको सङ्ग्रह **सपनाको दाहसंस्कार** (२०६८) ले तत्कालीन राजनीतिक र सामाजिक परिवेशलाई चित्रण

गरेको छ । कथाहरूले तत्कालीन अवस्थाको माओवादी जनयुद्धको सङ्केत गरेको पाइन्छ साथै कतिपय कथाहरूमा बेरोजगार नेपाली युवायुवतीहरूको धन कमाउने विचार र चिन्तनबाट खाडी मुलुकमा दुःखित र कारुणिक जीवनयापन गर्नुपरेको कहानी प्रस्तुत गरिएको छ । गरिबी र बेरोजगारीको मारमा पिल्सिनु परेको तत्कालीन परिवेशलाई कथावस्तुमा विश्लेषण गरिएको छ ।

## ५.४.८ भाषाशैली

भाषिक शैलीशिल्पका आधारमा सपनाको दाहसंस्कार कथासङ्ग्रहका प्रायः सबै कथाहरूमा प्रभाव परेको देखिन्छ । वाक्य संरचना, भाषिक र व्याकरणगत प्रयोग कथावस्तुमा निकै मिहिनेतका साथ गरिएको छ । लेख्य चिह्नहरू र उखानटुक्काहरूको यथोचित प्रयोगले भाषाशैलीलाई मिठास र निखारपन ल्याएको पाइन्छ । कथावस्तु पठनीय छन् । प्रायः सबै कथाहरूको आरम्भ सर्वनामबाट गरिएको छ र कथामा वर्णित पात्रहरू समस्यामा जेलिएका छन् । प्रत्येक कथाको अन्तिम घटनाक्रम सुरुमा नै उद्घाटन गरिएको पाइन्छ । समग्रमा सन्देशमूलक अभिव्यक्तिको कारण भाषाशैली स्तरीय देखिन्छ ।

## ५.४.९ उद्देश्य

कथाकार केशरी अम्गाईको **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रहमा रहेका कथाहरूमा माओवादी जनयुद्धको प्रभाव, गरिबी, बेरोजगारी जस्ता विषयवस्तुको आधारमा कथा लेखन गरिएकाले तत्कालीन समयको प्रमुख समस्यालाई नै उद्देश्यको रूपमा देखाइएको छ । कथाकारको उद्देश्य नै एकातिर माओवादी युद्धमा लाग्नुपर्ने कारण विवशतापूर्वक विदेश पलायन हुनुपर्ने बाध्यता बनेको छ । गरिबी र बेरोजगारीको कारण नेपाल सरकारले रोजगारी व्यवस्थापन गर्न नसक्दा खाडी मुलुकमा गई श्रम बेच्नुपर्ने बाध्यतालाई प्रमुख उद्देश्यको रूपमा कथासङ्ग्रहमा सङ्कलित कथावस्तुहरूमा विश्लेषण गरिएको छ । तसर्थ उद्देश्यका दृष्टिकोणबाट **सपनाको दाहसंस्कार** कथासङ्ग्रह सफल र सार्थक देखिन्छ ।

### ५.४.१० निष्कर्ष

**सपनाको दाहसंस्कार** कथासङ्ग्रह प्रगतिशील विचारधाराबाट प्रेरित छ । कथासङ्ग्रहमा सङ्कलित समग्र कथाहरूमा यथार्थवादी भावनाहरू झल्किएका छन् । कथाहरूको मूलमर्म समस्याप्रधान रहेको छ । कथामा वर्णित सम्पूर्ण पात्रहरू समस्याले जकडिएका छन् । प्रत्येक पात्रहरूको मूल समस्या भनेको नै धन आर्जन गर्न नसकी पारिवारिक जीवनवृत्त समेत समस्यामा परेको छ । उपयुक्त र सान्दर्भिक उखानटुक्काको प्रयोगले भाषाशैलीलाई सरल, सरस र पठनीय तुल्याएको पाइन्छ । कथाकारको विचार तथा भावपक्ष सशक्त र बलियो रहेको पाइन्छ । तत्कालीन विषयवस्तु समेट्न सफल भएकाले कथावास्तु समयसापेक्ष देखिन्छ । प्रायः कथाहरूमा अरबको खाडीजस्तो एउटै स्थानको वर्णन गरिएकाले कथावस्तुमा विविधता भेटिन्न । कथावस्तुमा प्रस्तुत नेपाली युवाहरूलाई दलालद्वारा ठगिएको देखाइएको छ । यथार्थमा सिधासादा नेपालीहरूलाई दलालहरूले काम सम्पन्न गरिदिने बहानामा ठगी गर्ने प्रवृत्तिको विश्लेषण गरिएको छ । कथातत्त्वका विशेषतालाई आधार मान्दै कथा रचना गरिनुलाई महत्त्वपूर्ण मानिन्छ । साहित्य समाज रूपान्तरणको साधन भएकाले अम्गाईले आफ्ना कथाहरूमा समाजमा रहेका गरिब तथा निम्नवर्गका व्यक्तिको कथाव्यथा, पीर र सन्तापलाई संवादात्मक रूपमा प्रस्तुत गरेका छन् । बेरोजगार नेपाली युवाहरूको बाध्यात्मक अवस्था र नियतिलाई यथार्थपरक ढङ्गबाट विश्लेषण गरिएको छ । समग्रमा गरिबी, बेरोजगारी लगायतका तत्कालीन समस्याको बारेमा कथावस्तु निर्माण गरी जनताको पक्षमा कथा रचना गरिएकाले उपलब्धिपूर्ण मानिन्छ ।

## ५.५ केशरी अम्गाईको अनूदित कृतिहरूको सामान्य चिनारी

नेपाली साहित्यमा मात्र नभएर केशरी अम्गाईले साहित्येतर विषयमा पनि आफ्नो कलम चलाएका छन् । उनका साहित्यिक लेखनसँगै साहित्येतर क्षेत्रमा पनि लेखन कार्य सशक्त देखिन्छ । अनुवादको क्षेत्रमा चर्चित अम्गाईले साहित्य र साहित्येतर गरी दुवै क्षेत्रमा कलम चलाएको पाइन्छ । उनका अनूदित कृतिहरूमा **समाजवादी अर्थशास्त्र** (२०५९), **विश्वप्रसिद्ध कथाहरू** भाग-१ (२०६५), **विश्वप्रसिद्ध कथाहरू** भाग-२ (२०७०), **विश्वका लोककथाहरू** (२०६३), **एशियाली कथाहरू** (२०६३), **लोलिता** (२०५९) रहेका छन् ।

### ५.५.१ समाजवादी अर्थशास्त्र र समाजवादको भविष्य

केशरी अम्गाईका अनूदित कृतिहरूमा साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा कलम चलाएका छन्, जसमध्ये उनको साहित्येतर कृतिमा **समाजवादी अर्थशास्त्र र समाजवादको भविष्य** रहेको छ । प्रगति पुस्तक सदनले प्रकाशन गरेको रेमण्ड लोट्टाद्वारा रचित हिन्दी भाषाको पुस्तकलाई साहित्यकार अम्गाईले वि.सं. २०५९ मा अनुवाद गरेका थिए । आवरण पृष्ठ सामान्य राखिएको यस पुस्तकको मूल्य रु. ४०।- राखिएको छ । यस पुस्तकका दुई खण्डहरूमध्ये पहिलो खण्डमा समाजवादी अर्थशास्त्र र समाजवादको भविष्यबारे विभिन्न शीर्षक दिएर विश्लेषण गरिएको छ भने दोस्रो खण्डमा समाजवादी योजनाको सिद्धान्त र व्यवहारबारे विभिन्न शीर्षकका साथ व्याख्या विश्लेषण गरिएको छ ।

यस रचनामा एकातिर स्टालिनको मृत्युपछि सोभियत समाजवादी नेतृत्वमा पुनरुत्थानवादी शक्तिको प्रवेशदेखि सत्तारोहण र संशोधनवादी सत्ता परिवर्तनसम्मको राजनैतिक परिवेशमाथि संक्षिप्त टिप्पणी र अर्कोतर्फ सोभियत अर्थव्यवस्थाको कमजोर पक्षको निरूपण गर्ने प्रयास गरिएको छ । माओद्वारा लागु गरिएको अर्थव्यवस्थाको कमजोरी पक्ष र समग्र आर्थिक सिद्धान्तको सैद्धान्तिक रूपमा चिर्ने प्रयास गरिएको छ । समाजवादले पराजय भोग्नु परेको वर्तमान विश्व परिवेशमा चीन र सोभियत घटनाबाट सिक्नु पर्ने पाठ र आमूल परिवर्तनवादी क्रान्तिकारी शक्तिहरूको तर्कनाप्रति इङ्गित गरिएको छ ।

### ५.५.२ विश्वप्रसिद्ध लोककथासङ्ग्रह

प्रगति पुस्तक सदनले २०६५ र २०७० मा पहिलो खण्ड र दोस्रो खण्ड गरी विभिन्न भाषाबाट अनूदित सङ्ग्रहको रूपमा २८/२८ ओटा कथाहरू सङ्कलन गरिएको कथासङ्ग्रहको रूपमा **विश्वप्रसिद्ध लोककथासङ्ग्रह** प्रकाशित गरेको छ, जसलाई अनुवादक केशरी अम्गाईले हिन्दी, मराठी, उर्दू, बंगला, भोजपुरी, मंगोलियन भाषालगायत विभिन्न जातजातिका कथाहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरेका छन् । जसको आवरण पृष्ठ रङ्गीन र चित्रकलाले आकर्षक बनाइएको छ । ११६ र १५२ पृष्ठको आयाममा फैलिएको उक्त सङ्ग्रहहरूको पहिलो र दोस्रो भागको मूल्य क्रमशः रु. १५०।- र रु. १७०।- राखिएको छ । सङ्ग्रहका सम्पूर्ण कथाहरू सन्देशमूलक रहेको पाइन्छ ।

### ५.५.३ एशियाली कथाहरू (भाग-१)

मक्षदा प्रकाशनले २०६३ र पुनः मुद्रण २०६४ मा बाल लोककथाको रूपमा चारओटा लोककथाहरू रहेको **एशियाली कथाहरू** नामक कृति प्रकाशित गरेको छ, जसलाई अनुवादक केशरी अम्गाईले "The Broken Wing and other Asian Tales" नामक पुस्तकबाट छानेर विभिन्न देशका सुन्दर लोककथालाई पस्कने काम गरेका छन् । यसको आवरण पृष्ठ रङ्गीन र चित्रात्मक रूपमा आकर्षक बनाइएको छ । ३२ पृष्ठको आयाममा फैलिएको उक्त कथासङ्ग्रहको मूल्य रु. १३।- राखिएको छ । सङ्ग्रहमा सङ्कलित कथाहरूले अल्छी र खराब कर्मले विनाश निम्त्याउने कुरालाई देखाएर बालबालिकाहरूलाई लगनशील बन्न र असल कार्यका लागि उत्प्रेरित बन्न सन्देश दिएको पाइन्छ ।

### ५.५.४ लोलिता

प्रवेश प्रकाशन काठमाडौंले २०५९ मा **लोलिता** नामक उपन्यास प्रकाशित गरेको छ, जसलाई अङ्ग्रेजी भाषाबाट केशरी अम्गाईले नेपाली भाषामा अनुवाद गरेका छन् । यो उपन्यास ब्लादीमीर नावोकोवद्वारा रचना गरिएको विश्वविख्यात नोबेल पुरस्कार प्राप्त उपन्यास हो, जसको आवरण पृष्ठमा लोलिताको रङ्गिन फोटो राखेर आकर्षक बनाइएको छ । प्रथम पटक अनुवाद गर्दा मूल्य रु. १००।- राखेर ११०० प्रति प्रकाशन गरिएको थियो, जसमा कहाँको फ्रेंच र अंग्रेजी साहित्यका प्रतिष्ठित विद्वान् कहाँको बाह्र-चौध वर्षका कुमारी केटीहरूको स्पर्शको लागि कुकुरजस्तै सुँघ्दै हिँड्ने एउटा यौन विकृत अपराधी जसका उत्तेजना र वितण्डाका क्रियाकलापहरू चौध वर्षसम्मका कुमारीहरूको सम्मोहनमा सीमित भएका विषयवस्तुहरू प्रस्तुत गरिएको छ ।

### ५.५.५ निष्कर्ष

साहित्यकार केशरी अम्गाईले साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा कलम चलाएका छन् । संख्यात्मक रूपमा उनका साहित्यिक कृतिहरूमा मौलिकभन्दा अनूदित कृतिको सङ्ख्या नै बढी रहेको पाइन्छ । विधागत रूपमा हेर्दा उनले अन्यभन्दा कथाको बढी रचना

गरेका छन् । अम्गाईले कथा लेखनको क्रममा बालसाहित्यलाई जोड दिएका छन् । अम्गाईले विभिन्न भाषामा लेखिएको विश्वप्रसिद्ध लोककथासङ्ग्रहमा प्रकाशित कथाहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरेका छन् । त्यसै गरी एशियाली कथाहरूमा रहेका बालकथाहरू बालमनोविज्ञानमा आधारित र पठनीय रहेका छन् । साहित्यिक कृतिको रूपमा रहेको **लोलिता** अङ्ग्रेजी भाषाबाट अनुवाद गरिएको थियो भने साहित्येतर कृतिको रूपमा रहेको समाजवादी अर्थशास्त्र र समाजवादको भविष्यका सन्दर्भमा विभिन्न शीर्षक दिई विश्लेषण गरिएको छ । विशेषतः उनका कथाहरूमा बालमनोविज्ञानलाई विशेष जोड दिएको पाइन्छ । समग्रमा अम्गाईले आफूलाई एक अध्ययनशील व्यक्तिको रूपमा स्थापित गरेका छन् ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ परिचय

यस अध्यायमा साहित्यकार केशरी अम्गाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको क्रममा विभिन्न अध्यायहरूको अध्ययन र विश्लेषण गरिएको थियो । तिनै अध्यायहरूको अध्यायगत सारांश र शोधपत्र समग्र निचोड यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ६.२ परिच्छेद एकको निष्कर्ष

यो परिच्छेद शोधपरिचयमूलक रहेको छ । यसमा शोधपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ६.३ परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार केशरी अम्गाईको जीवनी प्रस्तुत गरिएको छ । जीवनी शीर्षक अन्तर्गत बाल्यकाल, शिक्षा-दीक्षा, दाम्पत्य जीवन र पारिवारिक स्थिति, बसोबास र आजीविका, आर्थिक अवस्था र पेसा, साहित्यिक क्षेत्रमा प्रवेश र कार्य, सामाजिक क्षेत्रमा संलग्नता, रुचि र भ्रमण, अविस्मरणीय घटना, सम्मान तथा पुरस्कार जस्ता विषयमा चर्चा गरिएको छ । केशरी अम्गाईको जीवनी अनुकरण गर्न योग्य बनेको छ । गोरखामा जन्मे पनि कार्यथलो काठमाडौंलाई बनाएका केशरीले विभिन्न सङ्घर्ष गर्दै अगाडि बढेको पाइन्छ । विभिन्न सामाजिक संस्थाहरूमा काम गर्ने अवसर प्राप्त गरेका केशरी अम्गाईको जीवन सबैको लागि अनुकरणीय रहेको छ । आफैं सङ्घर्ष गरेर अध्ययन गर्दै जनताको पक्षमा आवाज उठाउँदै सामाजिक यथार्थवादी साहित्यकारको रूपमा लेखन कार्यमा लाग्ने काम

गरे । उनले गरेका समग्र कामहरूको मूल्याङ्कन गर्दा उनको जीवनी परिश्रमी, मिहिनेती र ज्यादै सङ्घर्षशील रहेको प्रस्ट हुन्छ ।

## ६.४ परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार केशरी अम्गाईको बहुमुखी व्यक्तित्वका विषयमा चर्चा गरिएको छ । यसमा उनको आन्तरिक व्यक्तित्व, बाह्य व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व र अनुवादक व्यक्तित्वका विषयमा चर्चा गर्दै उनलाई बहुमुखी व्यक्तित्वका विषयमा चर्चा गरिएको छ । उनको व्यक्तित्वका विषयमा विभिन्न व्यक्तिहरूको भनाइलाई समावेश गरिएको छ । साहित्यिक क्षेत्रमा हेर्ने हो भने कथाकार, उपन्यासकार र अनुवादकको रूपमा काम गरेर स्थापित भएका छन् भने विभिन्न सङ्घसंस्थामा काम गरेर सामाजिक व्यक्तित्वका रूपमा चिनिएका छन् । व्यापारिक तथा शैक्षिक क्षेत्रमा पनि उनको भूमिका उल्लेखनीय रहेको पाइन्छ । उनले गरेका कामहरूको मूल्याङ्कन गर्दा उनी बहुमुखी व्यक्तित्वका धनी हुन् भन्न सकिन्छ ।

## ६.५ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा नेपाली साहित्यको क्षेत्रमा केशरी अम्गाईको प्रवेश र साहित्य यात्राको बारेमा विश्लेषण गरिएको छ । उनको साहित्ययात्रालाई आभ्यासिक काल, पुस्तक प्रकाशन काल र लेखन कार्यमा सक्रिय काल गरी तीन चरणमा विभाजन गरी विश्लेषण गरिएको छ । आभ्यासिक कालमा रचनाहरू फुटकर रूपमा सिर्जना गर्ने र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशनको सुरुवात गरेको पाइन्छ । दोस्रो चरणमा साहित्यिक कृतिहरूको प्रकाशनको साथसाथै लेखनकार्यको निरन्तरता र मौलिक रचनाहरूलाई एकीकृत गरी पुस्तकाकार रूपमा प्रकाशित गरेका छन् । उनको दोस्रो चरण साहित्यिक, सामाजिक र व्यापारिक हरेक दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ । तेस्रो चरणमा उनले लेखनकार्यलाई सक्रियताका साथ अगाडि बढाएको पाइन्छ । यस समयमा उनले आफ्ना लेख र रचनाहरूलाई विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका छन् । यस समयमा रचित लेख, रचनाहरूले समसामयिक सामामाजिक र राजनीतिक विषयवस्तुको प्रस्तुतीकरण गरेका

छन् । विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेख रचनाको आधारमा उनलाई एक सशक्त लेखकको रूपमा परिचित गराउन सकिन्छ ।

## ६.६ परिच्छेद पाँचको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार केशरी अम्गाईका प्रकाशित मौलिक साहित्यिक कृतिहरूको विश्लेषण गरिएको छ । प्रकाशित कृतिहरूमा **युद्धक्षेत्र** (२०५६) उपन्यास, **सुकेको मूढो** (२०६०) कथासङ्ग्रह र **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रह रहेका छन् भने अन्य ५ वटा साहित्यिक तथा साहित्येतर अनूदित कृतिहरूको सामान्य चर्चा गरिएको छ । उनका साहित्येतर भन्दा साहित्यिक कृति नै बढी प्रकाशित भएको छ । उनका साहित्यिक कृतिहरूले सामाजिक समस्या र दुःखित पीडितको आवाज बुलन्द गरेको पाइन्छ । साथै अनूदित कृतिहरूले बालमनोविज्ञानमा आधारित बालसाहित्य र अन्य विभिन्न भाषामा लिखित सन्देशमूलक कथालाई सङ्ग्रहको रूपमा प्रकाशित गरेको पाइन्छ । समग्रमा साहित्यिक कृतिहरू तथा विभिन्न लेख रचनाहरूको माध्यमबाट तत्कालीन सामाजिक परिवेश र राजनैतिक अवस्थाको चिरफार गरेको पाइन्छ ।

## ६.७ समग्र निष्कर्ष

साहित्यकार केशरी अम्गाई २०३० सालमा गोरखाको पाँचखुवा देउराली गा.वि.स. मा जन्मेका हुन् । आफ्ना बुबाआमा कृषि पेसामा आबद्ध भएकाले उनको बाल्यकाल बुबाआमाकै काखमा आफ्नै जन्मस्थल गोरखामा नै बितेको थियो । सानैदेखि पढाइ, लेखाइतर्फ रुचि राख्ने, अन्याय र थिचोमिचोको विरोध गर्ने स्वभाव भएका अम्गाईले आफ्नो अध्ययनसँगै साहित्यिक र सामाजिक क्षेत्रमा अगाडि बढेको पाइन्छ । पढाइको सिलसिलामा पहिले जन्म गाउँ, त्यसपछि छिमेकी गाविसको विद्यालय, गोरखा सदरमुकाम हुँदै काठमाडौंसम्म गई स्नातकसम्मको औपचारिक शिक्षा पूरा गरे भने स्नातकोत्तर तहको औपचारिक शिक्षा समापन गरी परीक्षा भने दिन सकेनन् । त्रि.वि. बाट स्नातक उपाधि हासिल गरेका अम्गाईको स्नातकोत्तर गर्ने कार्य भने औपचारिक रूपमा अगाडि बढ्न सकेन ।

नेपाली साहित्यको प्रगतिशील फाँटमा केशरी अम्गाईले महत्त्वपूर्ण योगदान दिएका छन् । वि.सं. २०५१ मा महेन्द्ररत्न क्याम्पस ताहचलबाट निस्कने पत्रिका **चौपारी**मा *कार्टुन मान्छेहरू* नामक कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्ययात्रा सुरु गरेका अम्गाईले आफ्नो लेखनकार्यमा हालसम्म साहित्यिक र साहित्येतर, मौलिक र अनूदित गरी आठ ओटा कृतिहरू प्रकाशित गरिसकेका छन् । समाजमा भएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, सामाजिक थिचोमिचो जस्ता विषयवस्तुलाई प्राथमिकता दिएर साहित्य रचना गरेका छन् । उनले **युद्धक्षेत्र** (२०५६) उपन्यास, **सुकेको मूढो** (२०६०) कथासङ्ग्रह र **सपनाको दाहसंस्कार** (२०६८) कथासङ्ग्रह, **लोलिता** (२०५९), **विश्वका लोककथाहरू** (२०६३), **एसियाली कथाहरू** (२०६३), **विश्व प्रसिद्ध लोककथाहरू** भाग-१ (२०६५) र **विश्व प्रसिद्ध लोककथाहरू** भाग-२ (२०७०) जस्ता कृतिहरूको मौलिक तथा अनूदित रूपमा प्रकाशित गरेका छन् । प्रकाशित कृतिहरूले साहित्यिक तथा सामाजिक, राजनीतिक भाव व्यक्त गरेका छन् । उनका साहित्येतर कृतिको पनि सामान्य चर्चा गरिएको छ । समग्रमा भन्ने हो भने साहित्यकार केशरी अम्गाई कविता, कथा र उपन्यास लेखनमा परिचित भएका छन् । उनको साहित्यिक योगदानलाई आभ्यासिक काल, पुस्तक प्रकाशन काल र लेख रचनाहरूको सिर्जनाकाल गरी तीन चरणमा उल्लेख गरिएको छ ।

सामाजिक क्षेत्रमा पनि केशरी अम्गाईको स्थान उच्च रहेको छ । विभिन्न सङ्घसंस्थामा लागेर काम गरेको आधारमा उनको सामाजिक योगदान देखिन आउँछ । युवा अवस्थादेखि नै विभिन्न युवाक्लबसँग आबद्ध हुँदै सामाजिक संलग्नता बढाएका थिए । वि.सं. २०४९ मा आफूसँग भएको सम्पूर्ण पुस्तकहरू प्रदान गरी गाउँमा युवा साथीहरूलाई पुस्तकालय स्थापनाको लागि प्रेरित गरेका थिए । दुबईमा रहँदा नेपाली साहित्यिक परिषद्को उपाध्यक्ष रहेर नेपाली साहित्यको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसै गरी वि.सं. २०६५ मा नागार्जुन साहित्यिक प्रतिष्ठान, काठमाडौंको कार्यसमिति सदस्य भई सक्रिय भूमिका निर्वाह गरेका थिए । लेखक सङ्घ काठमाडौंको जि.का.स., प्रलेस काठमाडौंको कार्यसमितिमा संलग्न रहेर आफ्नो उच्च प्रतिभा प्रदर्शन गरेका छन् । त्यसै गरी बाल वाङ्मय, अनुसन्धान केन्द्र र साहित्यिक उन्नयनका लागि सुरु गरिएको काव्य

शिविर अभियानको अभियन्ताको रूपमा गरेको योगदानको मूल्याङ्कन गर्दा उनको भूमिका सबल देखिन्छ ।

शैक्षिक क्षेत्रमा पनि केशरी अम्गाईको भूमिका महत्त्वपूर्ण रहेको छ । शिक्षक भएर अध्यापन गराउने र विभिन्न शैक्षिक समितिहरूमा रही सक्रियता देखाउने काम गरेका छन् । आफू बाल्यकालमा पढेको विद्यालयको स्तरोन्नतिको लागि होस् या हाल आफूले अध्यापन गराउँदै आएको विद्यालयमा शैक्षिकस्तर उन्नतिको लागि होस् उनको भूमिका सक्रिय रहेको पाइन्छ । समग्रमा केशरी अम्गाईले वि.सं. २०५१ बाट नै आफ्नो रचना पत्रिकामा प्रकाशन गरी साहित्य क्षेत्रप्रतिको अनुराग बढाएको देखिन्छ । विभिन्न मौलिक तथा अनूदित कृतिहरू प्रकाशन गर्दै २०६२ सालमा **हिमरश्मी स्मारिका** तथा **हिमरश्मी प्रवाह**को सम्पादन समेत गरेका थिए । त्यसै गरी बालपत्रिका **चिउला** (२०७१) को प्रकाशन पनि आफ्नै सम्पादकत्वमा गरेको देखिन्छ ।

साहित्य सिर्जनाको क्रममा अरूसँग होइन आफैसँग प्रतिस्पर्धा गर्नुपर्छ भन्ने मान्यताका पृष्ठपोषक अम्गाईले स्वदेशमा मात्र होइन विदेशमा रहँदा समेत श्रम र साहित्य दुवैलाई सँगै साथ लिएका थिए । उनको भनाइ र काम गराइमा तादात्म्य देखिन्छ । श्रम र साहित्य दुवैसँगै लाने र देश र जनतालाई खुलेर माया गर्ने उदीयमान साहित्यकारको रूपमा उनलाई लिन सकिन्छ । उनका रचनाहरूमा विचारको प्रवाह छताछुल्ल देखिन्छ । अधिकंश रचनाहरू साहित्यतर्फ नै प्रेरित देखिन्छन् । प्रकाशित साहित्यिक रचनाहरूले समसामयिक राजनीतिक तथा सामाजिक विषयवस्तु अँगालेको पाइन्छ । तत्कालीन प्रतिकूल परिवेशमा पनि साहित्य सिर्जना गरी जनचेतना विस्तारको लागि उनले गरेको महत्त्वपूर्ण भूमिकालाई उपलब्धिपूर्ण मान्न सकिन्छ । अम्गाईका छरिएर रहेका फुटकर लेख रचनाहरूलाई सङ्ग्रह गरेर नयाँ कृतिको रूपमा प्रकाश गर्ने हो भने उक्त कृतिले सन्देशमूलक र पठनीय कृतिको स्थान ओगट्न सक्ने आशा लिन सकिन्छ । नेपाली साहित्यको क्षेत्रमा अम्गाईले पुऱ्याएको योगदानलाई मूल्याङ्कन गर्दा उनको जीवन अनुकरणीय छ र साहित्य साधनालाई हेर्दा उनको साहित्यिक भविष्य सुन्दर देखिन्छ ।

# सन्दर्भ सामग्री सूची

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन ।

अम्गाई, केशरी (२०५६), **युद्धक्षेत्र**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

——————— (२०६०), **सुकेको मुढो**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

——————— (२०६२), **हिमरश्मी प्रवाह**, वर्ष-१, अङ्क-२, माघ, काठमाडौं : हिमरश्मी साहित्यिक परिवार ।

——————— (२०६३), **विश्वका लोककथाहरू**, काठमाडौं : हिमरश्मी साहित्यिक परिवार ।

——————— (२०६३), **एशियाली कथाहरू**, काठमाडौं : मक्षदा प्रकाशन ।

——————— (२०६५), **समाजवादी अर्थशास्त्र र समाजवादको भविष्य**, काठमाडौं : प्रगति पुस्तक सदन ।

——————— (२०६५), **विश्व प्रसिद्ध लोककथासङ्ग्रह** भाग-१, काठमाडौं : प्रगति पुस्तक सदन ।

——————— (२०६८), **सपनाको दाहसंस्कार**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

——————— (२०६९), **हिमरश्मी स्मारिका**, अङ्क २, काठमाडौं : हिमरश्मी साहित्यिक परिवार ।

——————— (२०७०), **विश्व प्रसिद्ध लोककथासङ्ग्रह** भाग-२, काठमाडौं : प्रगति पुस्तक सदन ।

———————(२०७१), **चिउला**, वर्ष १, अङ्क-१, भाद्र-असोज, काठमाडौं : सिम्रोन पिन्टर्स ।

**कलम** साहित्यिक त्रैमासिक (२०६९), काठमाडौं : झिल्को प्रकाशन प्रा.लि., पौष ।

कसजू, विनय (२०६८), *भूमिका,* **सपनाको दाहसंस्कार,** केशरी अम्गाई, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

———— (२०७०), **निस्फिक्री,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

————(२०७०), **बन्धन,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

किरण, प्रभाती (२०६७), **समकालीन नेपाली कथाहरू,** काठमाडौं : आकृति प्रकृति प्रकाशन प्रा.लि. ।

गौतम, दीपक (२०६४), **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति**, काठमाडौं : प्रोमोसन प्रिन्टर्स र पब्लिसिङ स्पोर्टस् ।

घिमिरे, माधव 'अटल' (२०६८), *दाहसंस्कारलाई आलिङ्गन गरेपछि,* **चन्द्रागिरि,** अङ्क ३, काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

**चन्द्रागिरि** साहित्यिक पत्रिका (२०६८), काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

जैकी, मोजाङ (२०६७), **अँध्यारो,** युएई : नेपाली साहित्य तथा सांस्कृतिक परिषद् ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

**नवअङ्कुर** साहित्यिक पत्रिका (२०६७), काठमाडौं : नवअङ्कुर परिवार, असोज ।

पोखेल, मातृका (२०५६), *भूमिका,* **युद्धक्षेत्र,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

फुयाँल, श्रीहरि (२०६७), **शृङ्खला मासिक**, वर्ष-३३, अङ्क-११, असार, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

———— (२०६७), **शृङ्खला मासिक**, वर्ष ३४, अङ्क-२, कार्तिक, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

———— (२०६८), **शृङ्खला मासिक**, वर्ष ३५, अङ्क-३, मङ्सिर, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

**मूलबाटो** साहित्यिक मासिक पत्रिका (२०६१), गोरखा : काठमाडौं-गोरखा मूलबाटो साहित्यिक समूह ।

वस्ती, विवश (२०६३), **शब्द संयोजन,** काठमाडौं : परिवेश प्रकाशन प्रा.लि. ।

शर्मा, अमृता (२०६६), **नेपाली प्रगतिवादी उपन्यास**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

शर्मा, मोहनराज (२०५६), **शब्द रचना र वर्णविन्यास,** काठमाडौं : नवीन प्रकाशन ।

शर्मा नेपाल, वसन्तकुमार (२०५८), **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार ।

**शाल्मलि** (२०७१ माघ), काव्यशिविर विशेष, काठमाडौं ।

श्रेष्ठ, इन्द्रकुमार (२०६९), **चन्द्रागिरि,** काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

———————— (२०७०), **अयन,** काठमाडौं : बाइनरी इन्फर्मेसन टेक्नोलोजी ।

श्रेष्ठ, दयाराम (२०५७), **नेपाली कथासङ्ग्रह** भाग-४, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, अशोक (२०६९), **चन्द्रागिरि,** काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

क्षेत्री, भीम (२०६७), **शृङ्खला,** काठमाडौं : साथी प्रकाशन ।

———————— (२०६८), **शृङ्खला,** काठमाडौं : साथी प्रकाशन ।

———————— (२०६९), **चन्द्रागिरि**, काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

# परिशिष्ट

# परिशिष्ट - एक


## शोधनायक केशरी अम्गाई र परिवारको छायाँचित्र



शोधनायक केशरी अम्गाई




शोधनायककी श्रीमती बीना भट्ट (अम्गाई) र छोरा मार्क्स अम्गाई




छोरी मच्छेदा र छोरा मार्क्सका साथमा शोधनायक


# परिशिष्ट - दुई

## शोधनायक केशरी अम्गाईका प्रकाशित कृतिहरूको आवरण चित्र




कथासङ्ग्रह




कथासङ्ग्रह

# परिशिष्ट - तीन

## साहित्यकार केशरी अम्गाईका फुटकर रचनाहरूको कालक्रमिक विवरण

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | कार्टुन मान्छेहरू | कविता | चौपारी | २०५१ |
| २. | शरणार्थी | कथा | शब्द संयोजन मासिक | २०६३ |
| ३. | अँध्यारो खाडल | कथा | अँध्यारो कथासङ्ग्रह | २०६७ |
| ४. | सपनाको दाहसंस्कार | कथा | शृङ्खला मासिक | २०६७ |
| ५. | ज्वारभाटा | कथा | समकालीन नेपाली कथाहरू | २०६७ |
| ६. | अस्तित्ववादी लेखक दोस्तोभस्की : एक शब्दचित्र | चित्रकथा | नवअङ्कुरण | २०६७ |
| ७. | अग्निकुण्डको चरु | कथा | शृङ्खला मासिक | २०६७ |
| ८. | अग्निगर्भ | कथा | चन्द्रागिरि साहित्यक त्रैमासिक | २०६८ |
| ९. | सपना र विखण्डित मनहरू | कथा | कलम साहित्यक त्रैमासिक | २०६९ |
| १०. | संस्कार र मुक्तिका सपनाहरू | कथा | चन्द्रागिरि साहित्यक त्रैमासिक | २०६९ |
| ११. | कंस मामा | कथा | निस्फिक्री बालकथासङ्ग्रह | २०७० |
| १२. | राजीनामा | कथा | अयन त्रैमासिक | २०७० |
| १३. | नयाँ कामको योजना | कथा | बन्धन कथासङ्ग्रह | २०७० |
| १४. | सपनाको तमसुक | कविता | शाल्मलि मासिक | २०७१ |
| १५. | धौला | कविता | प्रलेस बुलेटिन | २०७२ |
| १६. | समयका भोटाहरू | कथा | शृङ्खला मासिक | २०७२ |

# परिशिष्ट - चार

## शोधपत्र तयारीका क्रममा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको विवरण

शोधपत्र तयारीका क्रममा विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण यसप्रकार रहेको छ :

१. केशरी अम्गाई, तारकेश्वर नगरपालिका-१८, गैरीगाउँ, काठमाडौं ।

२. केशव पुडासैनी 'विमल', केशरी अम्गाईका सहकर्मी साहित्यकार, काठमाडौं ।

३. बाबुराम भट्ट, केशरी अम्गाईका ससुरा, धावा गा.वि.स.-३, गोरखा ।

४. बालकृष्ण अम्गाई, केशरी अम्गाईका पिता, पाँचखुवा देउराली, गोरखा ।

५. मच्छेदा अम्गाई, केशरी अम्गाईकी छोरी, हिमरश्मी मा.वि., काठमाडौं ।

६. माधव घिमिरे 'अटल', केशरी अम्गाईका सहकर्मी साहित्यकार एवं समीक्षक, काठमाडौं ।

७. मातृका पोखरेल, अग्रज साहित्यकार, काठमाडौं ।

८. विनय कसजू, अग्रज साहित्यकार, काठमाडौं ।

९. विना भट्ट (अम्गाई), केशरी अम्गाईकी श्रीमती, गैरीगाउँ, काठमाडौं ।

१०. विष्णु भण्डारी, केशरी अम्गाईका सहकर्मी साहित्यकार, काठमाडौं ।

११. शारदा धिताल, केशरी अम्गाईका गुरु, काठमाडौं ।

१२. शारदारमण नेपाल, अग्रज साहित्यकार, काठमाडौं ।

१३. होमनाथ अम्गाई, केशरी अम्गाईका दाइ, पाँचखुवा, देउराली, गोरखा ।

# परिशिष्ट - पाँच

## विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता प्रश्नावली

शोधपत्र तयार गर्ने क्रममा शोधनायकका परिवारजन, सहकर्मी मित्रहरू, आफन्तहरू, नजिकका नातेदार, अग्रज साहित्यकारहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली यसप्रकार रहेको छ :

१) केशरी अम्गाईसँग तपाईंको के कस्तो सम्बन्ध छ ?

२) साहित्यकार केशरी अम्गाईको बाल्यकालीन स्वभाव कस्तो थियो ?

३) केशरी अम्गाईको सामाजिक योगदान कस्तो रहेको छ ?

४) केशरी अम्गाईको शैक्षिक योगदान कस्तो रहेको छ ?

५) केशरी अम्गाईको आर्थिक अवस्था कस्तो रह्यो ?

६) केशरी अम्गाईको साहित्यिक कृतिहरूमा के कस्ता विषयवस्तु समेटिएका छन् ?

७) केशरी अम्गाईको साहित्यिक योगदान कस्तो रहेको छ ?

८) केशरी अम्गाईको सामाजिक एवं साहित्यिक मूल्याङ्कन के कसरी गर्नुभएको छ ?